पूर्णाङ्क ३९

# सहभागिता

सहभागीमूलक विकास पत्रिका (त्रैमासिक)




## दलित विशेषाङ्क

- समावेशीकरण र राज्य संयन्त्रमा दलितको प्रतिनिधित्व
- दलित परिवार, वचत समूह र परिवर्तनको बाटो
- संविधान निर्माणको प्रक्रिया र दलित अधिकारका लागि भावी रणनीति
- संविधानसभाको निर्वाचन र दलित
- दलित सवालबारे सभासद् तथा क्रियाशील व्यक्तित्वहरू




# भित्र कहाँ के छ ?


२ समावेशीकरण र राज्य संयन्त्रमा दलितको प्रतिनिधित्व
- मानबहादुर वीके

७ संविधान निर्माणको प्रक्रिया र दलित अधिकारका लागि भावी रणनीति
- टेक ताम्राकार

१० संविधानसभाको निर्वाचन र दलित
-तेज सुनार

२१ चुल्होदेखि अरठ्ठिएको दलित-मुद्दाको आगो
- बी.के. पाल्पाली

२३ सामाजिक अन्धविश्वासविरूद्ध दलितका सवाल र सहभागिता
-गोपाल तामाङ्ग

२६ सामुदायिक वन: दलित उत्थानको कसीमा लुकेको अभियान
- रमेशकुमार सुनाम

२९ गरिबमुखी सामुदायिक पर्यटन दलितमुखी बन्नसक्छ
-चेतनाथ कणेल

३१ दलित परिवार, वचत समूह र परिवर्तनको बाटो
-मेनुका उप्रेती

३३ बाजुरामा दलित सहभागिता र सशक्तीकरण: समुदायका समूहदेखि संविधानसभासम्म
- लालबहादुर ओली

३५ डोल्पामा डुल्दा देखिएको दलित भेदभाव
- विष्णु न्यौपाने

३६ आरनको संसार: खरले छाउने धोको
-कृष्ण ज्ञवाली

३७ सहभागिताको पीडा
- कमल फुयाल

३९ दलितलाई हेर्ने नजर
- शम्भु रसाली

४१ बाँके जिल्लामा दलितको अवस्था
-नवीनकुमार गुप्ता


## कविता / विविध


६ दलितको पीडा
- फुर्पुसिङ्गी तामाङ

६ दलितसंग सम्बन्धित केही संघसंस्थाहरू

१३ अन्तर्वार्ता: दलित सवालबारे सभासद् र क्रियाशील व्यक्तित्वहरू

२२ हामी स्वाभिमानी नेपाली
-सञ्जित भण्डारी

२२ दलितवर्गमा सूचीकृत जातजातिहरू

२५ यो युगको विडम्बना
- रामकृष्ण ढकाल

३४ किन ? - सन्जोग ठकुरी

४० जनआवाज: दलित सहभागिता बढाउन राज्यले कुन कुन कुरामा विशेष जोड दिनु पर्ला ?....

४१ दलितसम्बन्धी प्रकाशित केही पुस्तकहरू

४१ विवश दलितहरू
-देवराज खरेल

४४ नेपान गतिविधि

४४ ▪ चिठ्ठीपत्र

४५ फोटो फिचर: बाटो हेरिरहेको कागतीगाउँ
-श्रीराम केसी



# राज्यको पुनर्संरचना तथा नयाँ संविधान निर्माणमा दलितहरूको सवाल

नयाँ नेपाल निर्माणको सन्दर्भमा राज्यको पुनर्संरचना तथा देशको मूल कानुन संविधान निर्माण प्रक्रियामा विभिन्न वर्ग, जातजाति/भाषाभाषी, सामाजिक एवं धार्मिक अल्पसंख्यक समूहहरूका साथै क्षेत्रीय तथा भौगोलिक रूपमा पिछडिएका जनताहरूको संलग्नता, प्रतिनिधित्व, सहभागिता एवं समावेशीकरण जस्ता विषयमा धेरै बहस, छलफल तथा चर्चा परिचर्चा भइसकेका, भइरहेका र अझ सशक्त ढंगले हुनुपर्ने खाँचो महसुस सबैतिर भइरहेका बेला नेपानको त्रैमासिक प्रकाशन 'सहभागिता' को यो ३९ औं अंक दलित विशेषाङ्कको रूपमा यहाँहरू समक्ष प्रस्तुत गर्ने जमर्को गरेका छौं।

नेपानले आफ्नो स्थापनाकालदेखि नै समावेशी एवं सहभागितात्मक पद्धति र शैलीको प्रवर्द्धन तथा अवलम्बनलाई आफ्नो संस्थागत मुख्य मान्यताको रूपमा लिएर स्थानीयस्तरदेखि नीतिगत तहसम्म अध्ययन अनुसन्धान, लेख/रचना, छलफल, गोष्ठी, प्रकाशन, रेडियो कार्यक्रम तथा तालिम आदिको माध्यमबाट योगदान दिँदै आएको कुरा कसैबाट छिपेको छैन। दलित विशेषाङ्कको रूपमा प्रस्तुत यो अंकमा समावेश भएका लेख/रचना तथा विचार संगालोहरूले समसामयिक विषयवस्तुको रूपमा सामाजिक राजनैतिक, आर्थिक क्षेत्रमा दलित सहभागिता एवं योगदानको सुनिश्चितताका लागि विभिन्न क्षेत्रबाट भए गरेका प्रयत्न, अवसर र चुनौतिहरू एवं सिकाइ तथा प्राप्त उपलब्धिका बारेमा सफलताका कथाहरूलाई उजागर गरेको छ।

साँचो अर्थमा दलित समावेशीकरणलाई अघि बढाउने र त्यसबाट समाज तथा राज्यको पुनर्संरचना गर्ने अभियानमा दलित वर्गको प्रत्यक्ष सहभागिता र योगदानलाई सुनिश्चितता प्रदान गर्न तीनस्तरमा कार्यनीति बनाई इमान्दारितापूर्वक लाग्नुपर्ने देखिन्छ। पहिलोः सम्पूर्ण सामाजिक, राजनैतिक तथा आर्थिक संरचनाहरूमा दलित सहभागिता तथा प्रतिनिधित्व सुनिश्चित गर्ने। अल्पकालीन कार्यनीतिका रूपमा कोटा प्रणाली, आरक्षणको व्यवस्था तथा सकारात्मक विभेदजस्ता पद्धतिहरू अवलम्बन गर्दा विभिन्न तह तथा संरचनाहरूमा दलितहरूको संख्यात्मक उपस्थिति र सहभागिता उल्लेख्य मात्रामा वृद्धि भएको छ। दोश्रोः संख्यात्मक रूपमा प्राप्त उपलब्धिहरूलाई गुणात्मक उपलब्धिको रूपमा विकसित गर्न आवश्यकता अनुसार ज्ञान, सीप र सोचको विकासका लागि अवसरहरू प्रदान गर्ने। यी कार्यहरूमा पनि विभिन्न राष्ट्रिय/अन्तर्राष्ट्रिय संघसंस्थाहरूको सहयोगमा दलित प्रतिनिधिमूलक संघसस्थाहरू तथा कार्यक्रमहरूको माध्यमबाट समेत थुप्रै प्रयत्न भएका/भइरहेका भए तापनि यस क्षेत्रमा अझ धेरै काम गर्नुपर्ने देखिन्छ। क्षमता अभिवृद्धिसम्बन्धी कार्यक्रमहरूका लक्षित समूहको पहिचान, श्रोत तथा सूचनासम्बन्धी पारदर्शिता, कार्यक्रम सञ्चालन गर्ने संस्थाहरू एवं कार्यान्वयन तहमा इमान्दारिता र प्रतिबद्धताजस्ता विषयहरूमा प्रशस्तै कमजोरीहरू तथा सुधार गर्नुपर्ने देखिन्छ। तेश्रोः समावेशीकरण एवं सहभागिता क्षेत्रमा भए गरेका कार्यहरूबाट प्राप्त उपलब्धिहरूलाई संस्थागत गर्न आवश्यक नीतिगत सुधार तथा नीति निर्माण गर्ने। यसका लागि समतामूलक सहभागिताका लागि बाधक बन्न सक्ने सामाजिक, आर्थिक, वैधानिक, कानुनी एवं राजनैतिक रूपमा विद्यमान व्यवधानहरूलाई हटाउनका लागि बहस-पैरवी गर्ने एवं नीतिनियमहरूको निर्माणका लागि गर्नुपर्ने प्रयत्नहरू पर्दछन्। हालसम्म भएका उपलब्धिहरूलाई देशको मुल कानुनमा समावेश गर्न दलित सवालमा कार्य गर्ने संघसंस्थाहरू एवं सञ्जालहरूबीच अझ बढी सहकार्य र तत्परताको खाँचो छ।

अन्त्यमा, पुनः एकपटक सहभागिताको यो अंकलाई दलित विशेषाङ्कका रूपमा प्रस्तुत गर्न सघाउ पुऱ्याउने सम्पूर्ण लेखक चर्चाकारहरू तथा सहयोगी साथीहरूलाई धन्यवाद दिन चाहन्छु। देशको मूल कानुन निर्माण प्रक्रियामा दलित सवालहरूको समावेशीकरणलाई सुनिश्चित गर्न यस अंकमा समावेश लेख/रचना र सामाग्रीहरूले केही मात्रामा भए पनि योगदान दिन सकेमा हाम्रो प्रयत्न सार्थक भएको ठान्ने छौं। नेपानको तर्फबाट सामाजिक समावेशीकरण र दलितका सवालहरूलाई सदैव प्राथमिकताका साथ विभिन्न मञ्च तथा माध्यमहरूमा इमान्दारिता एवं प्रतिबद्धतापूर्वक उठाइरहने विश्वास दिलाउन चाहन्छु।

धन्यवाद !

तेजराज दाहाल
अध्यक्ष, नेपान

| नेपानका क्षेत्रीय सम्पर्क व्यक्तिहरू | | | |
|---|---|---|---|
| • छिङ्गलमु शेर्पा | विराटनगर | (फोनः ०२१-५२४०१६) | |
| • दशरथ मोक्तान | खोटाङ्ग | (फोनः ९७४१०-२७२०४) | |
| • तारालाल लामा | पोखरा | (फोनः ०६१-५२६४३४) | |
| • दलबहादुर बस्नेत | दाङ | (फोनः ०८१-५६२१५३) | |
| • गोविन्द न्यौपाने | नेपालगञ्ज | (फोनः ०८१-५२५९८२) | |

सहभागिता
वर्ष १२ अंक ३/४, पूर्णाङ्क ३९
२०६४ माघ-चैत र २०६५ वैशाख-असार
जि.प्र.का. काठमाडौं दर्ता नं. १५५/०५६/५७

**सम्पादक मण्डल**
श्रीराम केसी (संयोजक)
ब्रह्मध्वज गुरूङ्ग
रेमबहादुर विश्वकर्मा
चेतनाथ कणेल
गोविन्दराज पौडेल
शारदा कँडेल

**प्रबन्ध सम्पादक**
नीलकमल क्षेत्री श्रेष्ठ

**विशेष सहयोगी**
तुङ्गभद्र राई
अनिताकुमारी ओली

**वितरण व्यवस्था**
शम्भु रसाली
तुलसी सापकोटा

**प्रकाशक**
नेपाल सहभागीमूलक कार्य समूह (नेपान)
सेतोदेवल मार्ग, कुपण्डोल, ललितपुर
पो. ब. नं. १३७९१
फोन नं. ९७७-०१-२००३५५०
फ्याक्सः ९७७-०१-५५२५०८८
इमेलः nepan@mos.com.np
वेबसाइटः www.nepan.org.np

**डिजाइन/मुद्रण**
पारू अफसेट प्रेस
डिल्लीबजार, काठमाडौं
फोन नं. ४४३०७९९

**आवरण फोटो**
जुम्लाको ग्रामीण परिवेश
(तस्विरः विनोद तिमिल्सेना)

सहभागितामा प्रकाशित विचारहरू लेखकका निजी हुन्।

व्यक्तिगत मूल्य रू ३०/-
सँस्थागत मूल्य रू ५०/-

# समावेशीकरण र राज्य संयन्त्रमा दलितको प्रतिनिधित्व



▪ मानबहादुर वीके

*सामाजिक वञ्चितीकरण भन्ने शब्द गरिबीको आलोचनाको सन्दर्भमा विकास भएको हो। यो शब्द सन् १९७४ मा फ्रान्समा पहिलोपटक प्रयोग भएको पाइन्छ र यूरोप भरी नीति निर्माण र अनुसन्धान तहमा फैलियो। सामाजिक समावेशीकरण यसैलाई संबोधन गर्न अपनाइएको एउटा प्रक्रिया हो। अहिले यो दक्षिण एसियाको राजनीतिको मूल मुद्दा बन्न पुगेको छ।*

समावेशीकरण अहिले सबैभन्दा बढी चर्चामा रहेको शब्द बनेको छ। समावेशीकरण राजनैतिक दल, नागरिक समाज, दातृ समुदाय, दलित तथा जनजाति र राज्यको समेत मूल मुद्दा बनेको छ। देशको ठूलो जनसंख्या युगौयुगदेखि राज्यबाट नै उपेक्षित रहँदै आयो। राज्यले नै वि.सं. १९१० मा जनतालाई विभिन्न तहमा वर्गीकरण गरी भेद्भावपूर्ण कानून बनायो र एउटा वर्गलाई 'अछुत' वर्गमा राखी विभिन्न क्षेत्रमा कानूनतः वञ्चित गऱ्यो। उक्त कानून र सामाजिक व्यवहार पूर्णतः हिन्दु वर्ण व्यवस्थामा आधारित रहेको छ। हिन्दु वर्ण व्यवस्थाले मानिसहरूलाई ब्राम्हण, क्षेत्री, वैश्य र शुद्रको रूपमा विभाजन गरेको छ जुन सामाजिक व्यवहारका रूपमा युगौंदेखि चलिआएको छ। वि.सं. २०२० को नयाँ मुलुकी ऐनले उपरोक्त भेद्भावलाई कानूनतः हटाएको हटाए ता पनि नयाँ कानूनी व्यवस्थाको निर्माण तथा प्रजातन्त्र/लोकतन्त्रको पुनर्स्थापना पश्चात्को नयाँ युगमा समेत जातीय भेद् भाव समाजमा विद्यमान रहेको छ।

**समावेशीकरणको अवधारणाः**

२०६२/६३ मा सम्पन्न भएको जनआन्दोलनको मूल मुद्दा नै समावेशीकरण थियो। समावेशीकरणलाई संविधानमै कसरी प्रत्याभूत गर्ने र संविधान निर्माणका क्रममै बञ्चित समुदायको प्रतिनिधित्व गराउने आन्दोलनबाट स्थापित लोकतान्त्रिक सरकारको प्राथमिकता बनेको थियो। तर समावेशीकरण खासमा के हो त भन्ने कुरा सारै कम चर्चा भएको पाइन्छ।

समावेशीकरण बुझ्नका लागि वञ्चितीकरण (Exclusion) बुझ्नु जरूरी छ। वञ्चितीकरण भन्नाले समाजका त्यस्ता समूह वा समुदाय बुझिन्छ जुन संरचनागत ढंगले नै पिछडिएका छन् र राज्य र विकासका विभिन्न क्षेत्रमा आधारभूत संलग्नता छैन। यी समुदायहरू जातजाति, लिङ्ग, रंग, धर्म, उमेर, अपाङ्गता आदिका आधारमा विभेदमा परेका हुन्छन्। यस्तो वञ्चितीकरण औपचारिक सार्वजनिक संस्था तथा अनौपचारिक सामाजिक संस्थामा हुने गर्दछ। वञ्चितीकरणका केही विशेषताहरू निम्नानुसार छन्ः

- आर्थिक, सामाजिक, राजनैतिक र सांस्कृतिक जीवनमा प्रभावकारी सहभागिता हुन नसक्नु
- समाजको मूलप्रवाहबाट टाढा वा अलग्गै रहनु
- सामाजिक स्रोत उत्पादन र वितरण गर्ने मुख्य सामाजिक संयन्त्रबाट कुनै व्यक्ति वा समूहलाई अलग्गाउने प्रक्रिया हुनु
- श्रम बजार, राज्य र अन्य अनौपचारिक संजाल जस्ता मुख्य संयन्त्रबाट अलग्गिनु पर्ने अवस्था हुनु।

गरिबी, बेरोजगारी र वञ्चितीकरण एक आपसमा सम्बन्धित विषय हुन तर पर्यायवाची भने होइनन्। कतिपय अवस्थामा गरिबी र वञ्चितीकरणलाई पर्यायवाचीको रूपमा प्रयोग गरेको पाइन्छ तर त्यसो होइन। वञ्चितीकरणका केही खास तत्वहरू निम्नानुसार छन्ः

- **सापेक्षताः** यो कुनै निश्चित समाज, समय र स्थान सापेक्ष हुन्छ।
- **एजेन्सीः** यो कुनै एजेन्ट (संस्था)सँग सम्बन्धित क्रिया हो।
- **गतिशीलः** यो गतिशील छ यसको भावी सन्दर्भ परिवर्तन हुनसक्छ।

तसर्थ वञ्चितीकरण भन्नाले विभिन्न उत्पीडनबाट सिर्जना हुने अवस्था होस जस्तै शिक्षाको कमी, स्वास्थ्य अवस्थामा गिरावट, घरबार विहीनता, परिवारको सहयोग गुम्नु, समाजको नियमित जीवनमा सहभागी हुन नसक्नु र रोजगारको अवसरबाट वञ्चित। सामाजिक वञ्चितीकरण भन्ने शब्द गरिबीको आलोचनाको सन्दर्भमा विकास भएको हो। यो शब्द सन् १९७४ मा फ्रान्समा पहिलोपटक प्रयोग भएको पाइन्छ र यूरोप भरी नीति निर्माण र अनुसन्धान तहमा फैलियो। सामाजिक समावेशीकरण यसैलाई संबोधन गर्न अपनाइएको एउटा प्रक्रिया हो। अहिले यो दक्षिण एसियाको राजनीतिको मूल मुद्दा बन्न पुगेको छ।

सामाजिक समावेशीकरण बहु–आयामिक हुन्छ। यो एउटा प्रक्रिया हो जसले विकासका सामाजिक तथा आर्थिक लाभलाई कुनैपनि आधारमा भेद्भाव नगरी सबैलाई समन्यायिक पहुँचमा पुऱ्याउने प्रक्रियाको प्रवर्द्धन गर्दछ। समावेशीकरणले मुख्य गरेर वञ्चित समूहहरूको सामाजिक, आर्थिक र राजनैतिक सशक्तीकरणमा जोड दिन्छ जसले उनीहरूको पहुँचलाई अभिबृद्धि गर्न सक्दछ। अर्को अर्थमा समावेशीकरणलाई वञ्चित समूहहरूको पहुँचमा बाधा पुऱ्याइएका प्रणालीस्तर (System-level) को संस्थागत सुधार र नीतिगत परिवर्तनका रूपमा लिइन्छ। तसर्थ संस्थागत अवरोध हटाउने यो एउटा माध्यम हो जसले विकास र राज्यका अवसरहरूमा समन्यायिक पहुँचको प्रवर्द्धन गर्दछ।

अतः समाजमा जरा गाडेको गलत मूल्य र मान्यता, निस्कृय, सरकारी नीति, एकलौटी शासन र झुक्याउने (अस्पष्ट) कानूनहरूको अन्त्य गर्ने यो एउटा प्रभावकारी औजार हो। यो यस्तो एउटा प्रक्रिया हो जसले वञ्चित समूहको पनि सारभूतः प्रतिनिधित्वको प्रत्याभूति गर्दछ। यसमा यस्तो एउटा संस्थागत संरचना तयार हुन्छ जसमा सबै समूह र समुदायको सारभूत प्रतिनिधित्व सुनिश्चित गरिएको हुन्छ। यसले बहुमतवादलाई भन्दा बहुलवादलाई जोड दिन्छ। यसको मूल विशेषता भने कै प्रतिनिधिमूलक शासन हो जसमा वञ्चित समूहहरूले पनि आफ्नो प्रतिनिधि आफैले चुनेर पठाउने संस्थागत राजनैतिक प्रणालीको प्रत्याभूत गरिएको हुन्छ।

नेपालमा हिन्दु संस्कार व्याप्त भएकाले यहाँ धेरैजसो अवरोधहरू हिन्दु धर्ममा आधारित सामाजिक मूल्य र मान्यताबाट सिर्जना भएका छन्। विशेषतः जातीय आधारमा तयार भएको सामाजिक संरचना आफैमा भेद्‌भावपूर्ण थियो र राज्यको शासन नै तिनै मूल्य र मान्यतामा सञ्चालन हुने हुँदा केही समुदायहरू राज्यबाट नै वञ्चितीकरणका सिकार भए। त्यस्तै पृथ्वीनारायण शाहले एकीकरण गर्दा नेपाली भाषा र खस हिन्दु संस्कृतिको सामराज्य खडा गरे भनिन्छ जसले गर्दा अन्य भाषा र संस्कृति फस्टाउन वञ्चित भए भने कतिपय त हराउने अवस्थामा पुगे। पितृसत्तात्मक सामाजिक संरचनाले गर्दा महिलाहरू विकास र शासनको मूल प्रवाहबाट टाँढा रहे। त्यति मात्रै हैन शासकहरूको नजिक मात्र विकासको साधन पुग्ने हुँदा कर्णाली र सुदुरपश्चिम वञ्चितीकरणको मारमा पऱ्यो। समावेशीकरणका सामाजिक अवरोधहरूलाई चित्र नं. १ मा प्रस्तुत गरिएको छ।

## सामाजिक समावेशीकरणका तीन नमूना अभ्यासः

पश्चिमी बुझाई अनुसार सामाजिक समावेशीकरणका तीनवटा नमूना छन्। यी नमूनाहरू समावेशी समाज निर्माण गर्नका लागि अपनाइने तरिकाहरू हुन्।

- वितरणमुखी अभ्यास (Redistributionist Discourse, RED) ले विशेषतः आय असमानता अर्थात गरिबी न्यूनीकरणलाई जोड दिन्छ।
- नैतिक व्यवहारमुखी अभ्यास (Moral Underclass Discourse, MUD) ले गरिबी र वञ्चितीकरण संस्कृतिको प्रभावबाट मानिसले गर्ने व्यवहारद्वारा सिर्जना भएको हो भन्ने मान्यता राख्छ र साँस्कृतिक परिवर्तनमा जोड दिन्छ।
- सामाजिक अन्तरघुलनमुखी अभ्यास (Social Integrationist Discourse, SID) ले समाजमा प्रत्येक नागरिकले राज्य, बजार र नागरिक समाजमा समान सहभागिता र अवसरमा समान पहुँच प्रवर्धन गर्ने कुरामा जोड दिन्छ।

## सरकारी संयन्त्रमा दलितहरूको प्रतिनिधित्वको परिस्थिति विश्लेषणः

### १ नागरिक (निजामती) सेवामा प्रतिनिधित्वः

नागरिक सेवाको प्रारम्भदेखि नै केही तल्लो तहका घरेलु प्रकृतिका (जस्तो, झाडु लगाउने, शौचालय सफा गर्ने) कार्यमा नगरपालिका तथा सरकारी कार्यालयहरूमा दलित भित्रका निश्चित जातलाई लगाउने र उनीहरूलाई घृणाको दृष्टिकोणबाट हेर्ने गरेको पाईन्छ। आजकाल वेरोजगारीका कारणले केही उच्च भनिएका जातका मानिसहरू पनि सो कार्यमा लागेतापनि दलितहरू प्रतिको दृष्टिकोण भने ज्यूका त्यू रहेको पाइन्छ। तलको तुलानात्मक तालिका– १ ले राज्यको शक्ति संरचनामा सन् १८५४ देखि आजसम्म कुनै तात्विक परिवर्तन नभएको प्रष्ट हुन्छ।

प्रशासनयन्त्र र राजनीतिक शक्तिबीच गहिरो अन्तरसम्बन्ध हुन्छ। तसर्थ जुनसुकै शासन प्रणाली भएपनि केही सीमित जातका मानिसहरूको समग्र प्रशासनयन्त्रमा एकाधिकार रहने गरेको प्रस्तुत तालिकाले देखाएको छ।

दलितहरूलाई सरकारी क्षेत्रको कार्यकारी तथा शैक्षिक क्षेत्रको उच्च ओहदा प्राप्त गर्ने कुरामा सधैं निरूत्साहित गर्ने गरिन्छ किनभने गैरदलित शासकहरू कहिले पनि कुनै दलित सम्मानित भएको हेर्न चाहँदैनन्। निजामती सेवाको माथिल्ला तहमा ब्राम्हण, क्षेत्री, र नेवारहरूको मात्र आधिपत्य रहेको छ। पछिल्लो समयमा दलित समुदायका अति कम व्यक्तिहरू मात्र निजामती सेवाको राजपत्रांकित अधिकृततहमा प्रवेश गर्न सक्षम भएका छन्। उता शिक्षाको क्षेत्रमा हालसम्म केही दलित समुदायबाट सीमित व्यक्तिहरू उपप्राध्यापकसम्म पुगेका छन्। डा. कृष्ण भट्टचनका अनुसार, सरकारी कार्यालयहरू, गैरसरकारी संस्थाहरू, सरकारी स्कूल र दाता समुदायको सहयोगमा संचालित विकास कार्यक्रमहरूमा बल्ल तल्ल दलित समुदायका केही मानिसहरूले काम पाएता पनि धार्मिक, सांस्कृतिक र न्यायिक तहमा भर्नाको सन्दर्भमा दलितहरूलाई पूर्णरूपमा विभेद गर्ने गरिन्छ।

विभिन्न समयमा उच्चस्तरको प्रशासनिक सुधार समितिहरू बनाई कार्यसमेत गरेको पाइन्छ। तर, हालसम्म कुनैपनि समितिले आफ्नो ध्यान दलित

चित्र १:

**समावेशीकरणमा सामाजिक अवरोधहरू**

| सामाजिक वर्गीकरण ➡ हैसियत ↴ | लिङ्ग | जात | जातीयता | भाषा | धर्म | उमेर | भू-राजनीतिक |
|---|---|---|---|---|---|---|---|
| प्रमुख | पुरूष | ब्राम्हण/क्षेत्री | आर्य | नेपाली | हिन्दु | प्रौढ | पहाडी |
| सहायक | महिला | दलित | आदिवासी/ जानजाति | अन्य १०० भन्दा बढी भाषाहरू | बौद्ध, मुस्लिम, क्रिश्चियन | केटा/केटी | तराई |

स्रोतः GSEA 2006

तालिका नं. १

**सार्वजनिक सेवामा प्रतिनिधित्वको तुलानात्मक तालिकाः**

| वर्ष (सन्) / जात | १८५४ | १९५० | १९६५ | १९९९ |
|---|---|---|---|---|
| ब्राम्हण/क्षेत्री | ५३ (६८.८५%) | २४(४८%) | १२०(७०.६%) | १९०(७७.५ ५) |
| नेवार | २२(२८.६%) | २६(५२%) | ३४(२०%) | ४३(१७.५%) |
| तराई/मधेसी | २(२.६%) | – | ६(३.५%) | ९(३.७%) |
| आदिवासी/जनजाति | – | – | ६(५.३%) | ३(१.३%) |
| दलित | – | – | १(०.६%) | – |
| **जम्मा** | **७७** | **५०** | **१७०** | **२४५** |

:संख्याले माथिल्लो तहका सरकारी अधिकारीहरूको संख्यालाई जनाउँछ। *स्रोतः: शासनमा दलित (२००५)*

समुदायतर्फ केन्द्रीत गर्न सकेको पाइँदैन। केही वर्षअघि दातृ निकायको सहयोगमा बनाएको सरकारको शासकीय सुधारको मार्गचित्रमा केही सुधारका विषयलाई समावेश गरिए पनि लामो समयसम्म कार्यान्वयन हुन सकेन।

अहिले केही अन्तर्राष्ट्रिय संस्थाहरूले आफ्नो कर्मचारी भर्ना सम्बन्धमा केही सकारात्मक कदम चाल्न थालेको देखाएका छन्। तथापि, विज्ञापनमा झुण्डाइने "..... प्रोत्साहन" ले दलित समुदायहरूको समावेशीकरण अझै हुन सकेको छैन। तसर्थ यसप्रकारको विज्ञापनले दलितहरूलाई मनोवैज्ञानिक पीडा थोपर्नुका अतिरिक्त कुनैपनि प्रकारको फाईदा पुर्‍याउन सकेको छैन। सेभ द चिल्ड्रेन यु.एस. र इन्सेकले संयुक्त रूपमा गरेको अध्ययनले कूल कार्यरत कर्मचारीमध्ये लगभग ३.८ प्रतिशत दलितहरू मात्र विकास संस्थाहरूमा कार्य गर्दछन्। उपरोक्त संस्थाहरूमा ब्राम्हण/क्षेत्रीको ५४.२ प्रतिशत र नेवारको २३.७ प्रतिशत प्रभुत्व रहेको छ। संयुक्त राष्ट्र संघ जस्तो बहुपक्षिय अन्तर्राष्ट्रिय संस्थामा दलितको सहभागिता ०.३ प्रतिशत रहनु अत्यन्त दुखको कुरा हो। मुसहर र चमारजस्ता सापेक्षिक रूपमा बढी जनसंख्या भएको र सबैभन्दा वञ्चितीकरणमा परेको मधेसी दलित समुदायलाई उपरोक्त अध्ययनमा समावेश गरिएको छैन। रोजगारी प्राप्त दलितहरूमध्ये आधाभन्दा बढि (१९ मा १०) मानिसहरू ड्राइभर, पियन, सफाई मजुदर, सुरक्षा गार्ड र चमेना गृहका कामदार जस्ता तुलनात्मक रूपमा तल्लो तहमा कार्यरत रहेका छन्। तलको तुलनात्मक तालिकाले विकास संस्थाहरूमा दलितहरूको प्रतिनिधित्व देखाएको छ। (हेर्नुहोस्: तालिका नं. २)

## २. राजनीतिक तहमा प्रतिनिधित्वः

परम्परागत रूपमा नेपाल राष्ट्र र नेपाली समाजबीचको सम्बन्ध पितृसत्तात्मक, हैकमवादी तथा हिन्दूवर्ण व्यवस्था केन्द्रीत विचारमा आधारित थियो। पञ्चायती शासन व्यवस्थामा राजाले केही दलित नेताहरूलाई राष्ट्रिय पञ्चायतमा नियुक्ति गर्ने चलन चलाएका थिए। उक्त समयमा सरकारसंग दलितका सन्दर्भमा कुनै पनि छुट्टै प्रकारको नीति थिएन। प्रजातन्त्रको पुनर्स्थापना पश्चात् पनि राजनीतिमा दलितहरूको प्रतिनिधित्व समग्रमा अत्यन्त नगण्य रहेको छ। उनीहरूको जनसंख्याको आधारमा गाउँ, जिल्ला र राष्ट्रिय सरकारमा राजनीतिक प्रतिनिधित्व तुलनात्मक रूपमा अत्यन्त न्यून रहेको छ। यद्यपि सबै राजनीतिक दलले आ–आफ्नो राजनीतिक घोषणापत्रमा दलितहरूको अवस्था र निश्चित तहसम्म उनीहरूको राजनीतिक प्रतिनिधित्व माथि उठाउने व्यवस्थालाई भने समावेश गरेका छन्। राजनीतिक पार्टीहरूको कार्यकारी समितिमा दलितहरूको प्रतिनिधित्व एकदमै न्यून र सांकेतिक रूपमा मात्र रहेको छ। एक अध्ययनमा राजनीतिक संगठन, गाउँ विकास समिति, जिल्लास्तर र केन्द्रीयस्तरमा निर्वाचित दलितहरूको प्रतिनिधित्व अत्यन्तै न्यून रहेको पाइएको छ। यस्तो लाग्दछ कि राजनीतिक पार्टीहरूले दलितहरूलाई भोट बैंकको रूपमा मात्र प्रयोग गरिरहेका छन्।

तालिका नं. २

**विकास संस्थाहरूमा प्रतिनिधित्वको तुलनात्मक तालिका**

| संस्थाको प्रकार | दलित | | आदिवासी/जनजाति | | नेवार | | ब्राम्हण/क्षेत्री | |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | % | संख्या | % | संख्या | % | संख्या | % |
| एनजीओ | २८ | ४.१ | ८३ | १२.० | १५१ | २१.९ | ४२७ | ६२.० |
| आईएनजीओ | ४५ | ५.९ | १९३ | २५.२ | १३९ | १८.२ | ३८८ | ५०.७ |
| द्विपक्षीय | ६ | १.६ | ७० | १८.७ | ११९ | ३१.८ | १७९ | ४७.९ |
| बहुपक्षीय | १ | ०.३ | ४१ | १४.४ | ९२ | ३२.२ | १५२ | ५३.१ |
| **जम्मा** | **८०** | **३.८%** | **३८७** | **१८.३%** | **५०१** | **२३.७%** | **११४६** | **५४.२%** |

*स्रोतः शासनमा दलित (२००५)*

## राज्य संयन्त्रमा सामाजिक समावेशीकरणका लागि केही सुझावः

सामाजिक समावेशीकरण एउटा प्रक्रिया हो। समावेशीकरणका लागि के कस्ता उपायहरू अबलम्बन गर्ने भन्नेकुरा वञ्चित समुदायको प्रकृति र प्रकृयागत अवरोधहरूमा भर पर्दछ। विशेषतः दलितहरू नेपालको सन्दर्भमा राज्य संयन्त्रमा सबैभन्दा वञ्चित समुदाय हुन्। यस्ता समुदायहरूको समावेशीकरणका लागि विशेषतः दुई तरिका अपनाउन सकिन्छः सुधारात्मक उपाय र परिवर्तनकारी उपाय। भैरहेको संरचनामा सुधार गर्दै वञ्चित समुदायहरूलाई समावेश गराउँदै जाने तरिकालाई सुधारात्मक उपाय भनिन्छ। विद्यमान संरचनाभित्रै सकारात्मक विभेद, विशेष व्यवस्था, दलितमुखी कार्यक्रम जस्ता माध्यमहरू अपनाउनु यस विधिका उदाहरण हुन्। परिवर्तनकारी (क्रान्तिकारी) उपाय संरचनागत परिवर्तनबाट नै शुरू गरिन्छ। यसमा मुख्य अवरोधको रूपमा विद्यमान संरचनालाई नै मानिन्छ र राज्यको पुनर्संरचनाबाट मात्रै सबै जातजाती र समुदायको प्रतिनिधित्व हुनसक्छ भन्ने मान्यता राखिन्छ। यसमा मूलभूत रूपमा राज्यको पुनर्संरचना र संविधानको पुनर्लेखन (नयाँ निर्माण) पर्दछ। हुन त आर्थिक खुलापन भएको मुलुकमा राज्यको अलावा बजार र नागरिक समाजको समेत पुनर्संरचना जरूरत पर्दछ। तर संविधानले नै बजार र नागरिक समाजको पुनर्संरचनालाई पनि निर्देशित गर्दछ।

जनआन्दोलनको बलले राज्यमा ठूलो परिवर्तन आएको छ। सुधारात्मक उपायबाट समावेशीकरण संवोधन हुन नसक्ने भयो। पुरानो सामाजिक तथा राज्य संरचनाले समावेशीकरणलाई सारभूत ढंगले अघि बढाउन सकेन किनकि संरचनात्मक अवरोधहरू हटाउनका लागि क्रान्तिकारी परिवर्तन नै आवश्यक पर्दछ। तसर्थ जनआन्दोलनको सफलताले त्यस्ता संरचना हटाई नयाँ संरचनाहरू तैयार पार्ने मार्ग प्रशस्त गरेको छ। समावेशीकरणकै लागि राज्यको पुनर्संरचना र नयाँ संविधान निमार्ण अहिलेको मूल मुद्दा बनेको छ। दलितमाथि हुने कुनै पनि प्रकारको जातीय भेद्भाव, उत्पीडन र शोषणका रूपलाई कानूनतः रोक्ने सवाल र दलित तथा पिछडिएका समुदायहरूलाई राज्यको सबै संयन्त्रहरूमा समन्यायिक प्रतिनीधित्वको प्रत्याभूति अबको राज्य पुनर्संरचना र संविधानको आधारभूत सिद्धान्त बन्नुपर्छ। हुन त अहिलेसम्म उठेको सवाल समानुपातिक प्रतिनिधित्व हो जुन कुरा प्राकृतिक नियम नै हो। यो विधि जब समाजका सबै जातजाति र वर्गहरू समान पहुँच र हैसियतमा पुग्छन् त्यसबेला बहुलवादी संरचना (pluralistic composition) का लागि तय गरिएको हुन्छ। तर हाम्रो जस्तो युगौदेखि विभेदकारी संरचनामा बसेर पहुँच र हैसियतमा ठूलो खाडल भएको मुलुकमा केही समय समन्यायिक प्रतिनिधित्व (जसलाई विशेषाधिकार पनि भनिन्छ) को जरूरत पर्दछ। केही समय समानुपातिकका अलावा हालसम्मको वहिस्कारको क्षतिपूर्ति स्वरूप केही थप प्रतिनिधित्वको व्यवस्था हुनुपर्दछ। जब समाज हैसियत र पहुँचका हिसावले संतुलनमा आउँछ अनि समानुपातिक प्रतिनिधित्व निरन्तररूपमा जाने कुरा हो जसलाई माटोको नियम (Law of Soil) पनि भनिन्छ। यसको लागि निर्वाचन क्षेत्रको निर्धारण, निर्वाचन प्रणाली र राज्यको संरचना आधारभूत रूपमा महत्वपूर्ण हुन्छ। भाषिक र जातीय उपस्थितिका आधारमा निर्वाचन क्षेत्रको निर्धारण, समानुपातिक निर्वाचन प्रणाली र संघीय राज्य संरचना अहिलेसम्म चर्चामा आएका विषयवस्तु हुन। यी कुराहरू भए भने दलित तथा पिछडिएका समुदायहरूको पहुँच र हैसियतमा अभिवृद्धि गर्न सकिन्छ भन्ने लागेको छ। तर पनि यसको अझै छलफल र विश्लेषण गर्नु जरूरी छ। यसको लागि अल्पकालिन र दीर्घकालीन योजना बनाउनु जरूरी छ। अबको मूख्य विषय बन्ने संविधानमा दलितहरूका अधिकारहरू कसरी सुनिश्चित गर्ने भन्ने हो त्यसको लागि संविधानले संवोधन गर्नुपर्ने विषयवस्तुको निर्क्योल गर्नु जरूरी छ। तत्पश्चात् दीर्घकालीन योजनामा संविधानमा किटान गरिएका कुराहरू लागू गर्न, समावेशी समाज र शासन प्रवर्द्धन गर्न तथा लोकतन्त्रलाई सुदृढ गर्ने योजनाहरू बनाउनु पर्दछ।

## उपसंहारः

युगौं पुरानो जातीय प्रथा र मानिसहरूको सामाजिक, राजनीतिक र आर्थिक जीवनमा हुने विभेदले नेपाली समाजमा गहिरो जरा गाडेर बसेको छ। संबैधानिक व्यवस्थाले मात्र व्यवहारमा परिवर्तन गर्न सक्दैन। राजनैतिक नेताहरूको कडा भाषणले मात्र पनि परिवर्तन ल्याउन सक्दैन। विभिन्न जातहरूबीच विभेदहिनताको उपलब्धि सबै जातका सदस्यहरूको सहकार्यबाट मात्र सम्भव हुन्छ। दलित समुदायका शिक्षित सदस्यहरूमा सामाजिक र राजनीतिक सचेतना बृद्धि भइरहेको छ। थुप्रै देशहरूमा शासकीय प्रतिनिधित्वको लागि आरक्षणको व्यवस्था गरेको भएतापनि आरक्षण अझसम्म पनि ठूला साना सबै समूहको लागि पूर्ण न्यायिक भने बन्न सकेको छैन। दिगो समानता र निष्पक्षताको लागि सरकार र सरकारका स्थानीय निकायले समावेशीकरणको कार्यनीतिको नमूना तयार गर्नु जरूरी हुन्छ। राजनीतिक प्रतिनिधित्व, रोजगारी, शिक्षा, बसोबास र राष्ट्रिय स्रोतमा पहुँच र नियन्त्रणको लागि विशेष मापदण्डको आवश्यकता पर्दछ। सजिलै कार्यान्वयन गर्न सकिने खालको निरीक्षण योग्य, राम्रो प्राविधिक विश्लेषण र जन समर्थन भएको प्रभावकारी कार्ययोजनालाई लामो समयसम्म कार्यान्वयन गर्नुपर्दछ। समाजलाई रातारात परिवर्तन गर्न सकिदैन। संक्रमणकालीन समाजलाई क्रमिक रूपमा परिवर्तन गरी आधुनिक समाजमा रूपान्तर गर्न सामाजिक तथा राजनीतिक गतिशीलता अपरिहार्य हुन्छ। यसको लागि अहिले जनआन्दोलनको बलले उपयुक्त राजनैतिक वातावरण बन्न गएको छ। यो वातावरणलाई उपलब्धिमूलक बनाउन दलितहरू पनि अझै संगठित, एकतावद्ध, क्रियाशील र अधिकारका लागि संघर्षशील हुनु जरूरी छ। ■

(लेखक राष्ट्रिय दलित वुद्धिजीवी प्रतिष्ठानमा सचिव हुनुहुन्छ साथै *CWS-UK as UP-ABASIYA PRATINITHI* मा कार्यरत हुनुहुन्छ।
इमेल सम्पर्कः *mb@childwelfarescheme.org)*

## सन्दर्भ सामग्रीहरू :


- Bishwakarma, Hiralal (2003), Firm Commitment Needed for Dalit Upliftment, EkChhin,Ms-Nepal Newsletter 2003, Issue 2.
- Bishwakarma, Padmalal (2004), The Situation Analysis for Dalit Women of Nepal, Centre for Economic and Technical Studies, Lalitpur, Nepal.
- Bhattachan, Krishna B. (2003), Expected Model & Process of Inclusive Democracy in Nepal, the Social Science Baha, Kathmandu
- Blaikie, Piers, Cameron, John and Seddon, David (2001), Nepal in Crisis; Growth and Stagnation at the Periphery, Adroit Publishers, Delhi.
- His Majesty's Government of Nepal (2003), Concept of Forward-looking reforms in the State System.
- Human Rights Watch (2004), Discrimination Against Dalits in Nepal, USA, www.hrw.org
- Jha, Hari Bansh (2004), Dalits and their Participation in National and Local Governance, Centre for Economic and Technical Studies, Lalitpur, Nepal.
- 'Is There Room Enough?'(2004) Dalit Recruitment policies and practices in selected I*f*NGOs & Bi*f*Multilateral

organizations in Nepal Save the Children and INSEC, Nepal

- Kraemer, Karl-Heinz (2000), Resistance and the State in Nepal, How representative is the Nepali State?, Department of Political Science of South Asia, South Asia Institute, University of Heidelberg.
- Lawoti, Mahendra (2001), Racial Discrimination toward the Indigenous People in Nepal, Non-government Report for the Third World Conference Against Racism (WCAR)- 2001, Durban, South Africa
- BK, Man Bahadur (2005), Dalits in State Governance, Jana Utthan Pratisthan, Kathmandu
- Progress report on poverty Reduction, An assessment of the Tenth Plan (PRSP) Implementation (2004), National Planning Commission, singha Durbar, Kathm, andu.
- Tamrakar, Tek (2004), Existing pro-Dalit policies and Barriers in Implementation, Centre for Economic and Technical Studies, Lalitpur, Nepal.
- Unequal Citizens, Gender, Caste and Ethnic Exchlusion in Nepal, DFID and The World Bank, Kathmandu.
- BK, Man Bahadur (2006), Social Inclusion – A Conceptual Framwork, Dalit Solidarity, Vol 4, issue 1, Jana Utthan Pratistan, Kathmandu
- जन उत्थान मासिक पूर्णाङ्क ४३, ४४, २०६३, जन उत्थान प्रतिष्ठान, काठमाण्डौ

**कविताः**

## दलितको पीडा

– फुर्पुसिङ्गी तामाङ

कस्तो जाडो आङमा हजुर, छैन पुग्ने लुगा।
दलित भै जीउनु सधैं, कहिले होला सुख ?
एक् छाक खान धौ–धौ भयो, राम्रो छैन लाउनु।
एक गाँस ढिडो खान हजुर, पर्छ दिनरात धाउनु॥

दलितको बेदना यो, अश्रु फुट्ने मूल भो।
दलितलाई जन्माउनु यो, ईश्वरकै भूल भो॥
धिक्काछुं म ईश्वरलाई, किन दियौ जन्म ?
तर कसले बुझिदिन्छ, दलित जातको मर्म ?

जीवन बित्यो सधैंभरि, साहुको भारी बोक्दै।
अशक्त भै बाँच्दैछु म, पीडाहरू जोत्दै॥
कति बिते बर्षहरू, कति बिते मैना।
दलितलाई यो संसारमा, चैन कहीं छैन॥

गाँस, बास कपास चाहियो, चाहिँदैन हीरा।
दलित भनी नहान्नुस है, वचनवाणको तीर॥
आदर–सत्कार समव्यवहार, सबले गरिदिनू।
दलित भनी हेप्ने बानी, आजै त्यागिदिनू॥

*गत्लाङ–३, रसुवा*

# दलितसंग सम्बन्धित केही संघसंस्थाहरू

| क्र.सं. | संघसंस्थाको नाम | ठेगाना | सम्पर्क व्यक्ति | फोन नं. |
|---|---|---|---|---|
| १ | दलित गैरसरकारी संस्था महासंघ | कमलपोखरी, काठमाडौं | अध्यक्ष, टेकबहादुर रैका | ५५२९०६९ |
| २ | दलित महिला संघ | कुपण्डोल, ललितपुर | अध्यक्ष, दुर्गा सोव | ५५२०९८२/५५४३९८६ |
| ३ | दलित सेवा संघ | टेकु, काठमाडौं | अध्यक्ष, गजाधर सुनार | ४२२६५०८ |
| ४ | जागरण मिडियो सेन्टर | अनामनगर काठमाडौं | अध्यक्ष, सुभाष दर्नाल | ४२२६६५५ |
| ५ | नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ | पुल्चोक, काठमाडौं | अध्यक्ष, भक्तब. विश्वकर्मा | ५५३९९४१ |
| ६ | समानताका लागि साँस्कृतिक अभियान | काठमाडौं | पुष्कर खाती | ४४१३५८९/४४१३५१७ |
| ७ | परियार सेवा समाज | काठमाडौं | केशबहादुर परियार | |
| ८ | नेपाल मिजार समाज | काठमाडौं | | |
| ९ | राम समाज कल्याण नेपाल | बागबजार, काठमाडौं | अध्यक्ष, सेवल राम | |
| १० | नेपाल विश्वकर्मा समाज | काठमाडौं | अध्यक्ष, शंकरप्रसाद रामदाम | ४२४६५७६ |
| ११ | दलित किवास तथा कानुन मञ्च–नेपाल | काठमाडौं | अध्यक्ष, टेक ताम्राकार | ४३०२५११ |
| १२ | नेपाल दलित जातीय मुक्ति समाज | काठमाडौं | अध्यक्ष, पद्मलाल विश्वकर्मा | ४३३२०७४ |
| १३ | नेपाल छाला तथा जुत्ता मजदुर मंच | काठमाडौं | | |
| १४ | दलित बुद्धिजिवी प्रतिष्ठान | काठमाडौं | डा. चेत परियार | ५५५२८६६ |
| १५ | नेपाल दलित साँस्कृतिक तथा साहित्य प्रतिष्ठान | काठमाडौं | अध्यक्ष, पदम शुन्दास | ४४३४८४९ |
| २० | नेपाल भारत दलित मैत्री संघ | काठमाडौं | ओम प्रकास रामदाम | |
| २१ | ल्यान काउ नेपाल | काठमाडौं | संस्थापक अध्यक्ष, रत्नब. बागचन्द | ४२४२०८० |
| २२ | कानुनी अधिकार संरक्षण मञ्च | कुपण्डोल, ललितपुर | अध्यक्ष,। देशबहादुर सार्की | ९८४१३३५५३१ |
| २३ | जन उत्थान प्रतिष्ठान | न्यु प्लाजा, काठमाडौं | अध्यक्ष, मानबहादुर विश्वकर्मा | |

**संकलनः शम्भु रसाली तथा गोविन्द सापकोटा**

# संविधान निर्माणको प्रक्रिया र दलित अधिकारका लागि भावी रणनीति



▪ टेक ताम्राकार

***संविधान जनताको मुखपत्र हो भने यसको निर्माणलाई बढीभन्दा बढी लोकतान्त्रिक र पारदर्शी कसरी बनाउन सकिन्छ तथा यसको निर्माण प्रक्रियामा सबै बर्ग र समुदायका व्यक्तिहरूलाई कसरी समेट्न सकिन्छ भन्ने विषयलाई गम्भीरतापूर्वक लिई सबै राजनीतिक दलहरू, राज्यका संयन्त्र, सरकारी अंग, गैरसरकारी संघसंस्थाहरू तथा नागरिक समाजले दिलोज्यानले संविधान निर्माणको लामो दूरीलाई सफलतापूर्वक तय गर्नका लागि पनि जोडदार ढंगले प्रस्तुत हुनुपर्ने कार्य आवश्यक भइसकेको छ।***

जनआन्दोलनले अपेक्षा गरेको संविधानसभाको निर्वाचन स्वच्छ र स्वतन्त्र ढंगले सम्पन्न भैसकेको कुरा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यवेक्षणमा संलग्न संघसंस्थाहरूले उजागर गरिसकेका छन्। संविधानसभाको सम्पूर्ण रूप जनतासामु आई नसकेता पनि यससँग सम्बन्धित लगभग ९० प्रतिशत काम भने पुरा भैसकेको अवस्था छ। हामी सबैलाई थाहा छ, संविधानसभा संविधान निर्माणको पहिलो खुडकिलो मात्र हो। यसले संविधान निर्माणको लागि बैधानिकता प्रदान गर्ने गर्दछ। संविधान निर्माणको यात्रा अति लामो र झन्झटिलो हुन्छ। संविधानसभाको गठनले त संविधान निर्माणको लामो यात्राको पहिलो अध्यायको पहिलो पानामात्र पल्टाएको छ। अव जनप्रतिनिधिहरूसँगै जनताको बृहत सहभागितामार्फत् जनअपेक्षित संविधानको निर्माणका लागि सबै जना जुट्नु र खट्नु आवश्यक भइसकेको छ।

हामी सबैलाई अवगत भएकै कुरा हो अहिलेसम्मका कुनैपनि संविधान नेपाली जनताको प्रत्यक्ष सहभागिताबाट बनेका होइनन्। न त ती सबै जनताद्वारा बैधानिकता प्राप्त संविधान नै थिए। ती सबैमा कुलिन वर्गको मात्र हाली–मुहाली र सहभागिता थियो र तिनिहरूकै प्रतिनिधित्वमा बनेका संविधान थिए ती। गरिब र सर्वसाधारण जनतालाई राज्यको राजनीतिक निर्णयमा चासो राख्न दिनु हुँदैन, उनीहरूले कुनैपनि कुरा गोप्य राख्न सक्दैनन् भन्ने सामन्ती मान्यताका कारणले जनताको सहभागितालाई शून्य गरी संविधान बनाउने गरिन्थ्यो।

यी सब पछाडिको प्रमुख कारणमा संविधानप्रतिको बुझाइमा देखिएको कमजोरी नै हो। संविधानलाई मात्र राजनीतिक दस्तावेजको रूपमा हेर्‍यो भने त्यो अधकल्चो र संविधानको सही मानेप्रति घोर अन्याय गरेको ठहरिन्छ। यो जनताका हक–अधिकारको उद्घोष गर्ने तथा इच्छा अनि आकांक्षाको शंखघोष गर्ने जनघोषणा–पत्र हो। यदि संविधान जनताको मुखपत्र हो भने यसको निर्माणलाई बढीभन्दा बढी लोकतान्त्रिक र पारदर्शी कसरी बनाउन सकिन्छ तथा यसको निर्माण प्रक्रियामा सबै वर्ग र समुदायका व्यक्तिहरूलाई कसरी समेट्न सकिन्छ भन्ने विषयलाई गम्भीरतापूर्वक लिई सबै राजनीतिक दलहरू, राज्यका संयन्त्र, सरकारी अंग, गैरसरकारी संघसंस्थाहरू तथा नागरिक समाजले दिलोज्यानले संविधान निर्माणको लामो दूरीलाई सफलतापूर्वक तय गर्नका लागि पनि जोडदार ढंगले प्रस्तुत हुनुपर्ने कार्य आवश्यक भैसकेको छ।

भनिन्छ, तिर्खा लागेकाले तिर्खा मेट्न आफैं लागि पर्नुपर्ने हुन्छ। दलित समुदाय, जसले जन्मका आधारमा अवैज्ञानिक, अनैतिक र कुनै पनि आधारमा तर्कहीन छुवाछूत सामाजिक प्रचलनलगायत अन्य भेद्भावका आधारमा विभेदित भई दोस्रो नागरिकको रूपमा बाँच्न विवश छ, ले यस राज्य पुनर्संरचनाको स्वर्णिम समयमा शदियौंदेखि संस्थागत भैसकेको सामन्तवादका अवशेषहरूलाई सम्पूर्णरूपमा अन्त्य गर्न संरचनागत आन्दोलनका लागि तम्तयार भएर बस्नुको विकल्प छैन। हामी सबैलाई थाहा छ, जातका आधारमा भईरहेको भेद्भावले केवल हाम्रा सामाजिक तथा वयैक्तिक अधिकारको मात्र हनन् गरेको छैन। साथसाथै यसले त नागरिकले प्राप्त गरेका सबै नागरिक तथा राजनीतिक अधिकारको प्रयोगमा समेत ठूलो बार खडा गरेको छ। जसको कारणले दलित समुदायले आफ्ना अधिकारलाई लोकतान्त्रिक हिसाबले कहिल्यै उपयोग गर्न पाएन। उसले त खाली, बालिघरे, कामदार तथा कथित ठूलाको कामदारको हैसियत अनुरूप उनीहरूको निर्देशनानुसार आफ्नो अधिकारलाई गिर्पि राख्दै आए र आइरहे। जसले उनीहरूलाई नेपालको दश वर्षे जनयुद्धमा आफूलाई प्रत्यक्ष तथा परोक्ष सहभागी बनाउन बाध्य गरायो। आफ्नो ज्यान र रगत दिएर नयाँ लोकतान्त्रिक मान्यता र मूल्यलाई संस्कार र संस्कृतिका रूपमा स्थापित गर्नका लागि आफूले गरेको यति ठूलो मिहिनेतलाई संस्थागत गर्नका लागि संविधान निर्माणको प्रक्रिया अति उर्वर समय हो।

## संविधानसभाको बैठक अगाडिको रणनीतिः

जुनसुकै सवाल र शब्दको लागि आन्दोलित समाज, समुदाय तथा वर्गले अहिलेको परिप्रेक्ष्यमा बुझ्नुपर्ने कुरा हो समयको पहिचान। उद्देश्य प्राप्तिका लागि समय र सन्दर्भलाई नबुझी गरिने आन्दोलनको अर्थ छैन। दलित आन्दोलनले पनि अहिले समयको मर्म र धारलाई प्रभावकारी ढंगले पहिचान गरी त्यस अनुरूप आफूलाई ढाल्न सक्नु पर्दछ। अहिलेको समय माथि उल्लेख भएजस्तै राज्यको पुनर्संरचनामार्फत् शान्ति निर्माणको यात्रालाई उपयोगी र फलदायी बनाउने हो। तसर्थ संविधानसभाले आफ्नो अन्तिम रूप बनाउन लागिपरेको, पहिलो बैठकको तयारी गरिरहेको तथा नयाँ सरकारको तयारीमा समेत राजनीतिक दलहरू आफूलाई केन्द्रित रहेको वर्तमान सर्न्दभमा दलित लगायतका समुदायले आफ्ना हक अधिकारको मूलप्रवाहीकरणका लागि रणनीतिक हिसाबले अगाढि बढ्नुपर्ने देखिन्छ।

संविधानसभा अगाडि मूलतः देहायका सवालमा जनवकालत र जनदवाब सिर्जना गरिहाल्नुपर्ने देखिन्छः

- नेपालको अन्तरिम संविधानले उल्लेख गरेबमोजिम २६ जना संविधानसभा सदस्यको नियुक्तिमा दलित अधिकारको क्षेत्रमा कार्यरत

यथाशक्य औचित्यपूर्ण संख्यामा दलित बुद्धिजिवीको मनोनयनका लागि दबाब मुलक कार्यक्रमको सक्रियतापूर्वक स्थानीय तथा केन्द्रिय स्तरमा सञ्चालन गर्नुपर्ने आवश्यकता छ। त्यस्तै उक्त उद्देश्य प्राप्तिका लागि प्रमुख राजनीतिक दलहरूसंगको भेटघाटलाई तीव्र पार्दै लानु पर्दछ।

- त्यस्तै संविधानसभाको पहिलो बैठकबाट राजतन्त्रलाई (जसले सामन्ती संरचनालाई उदांगित गर्दै आएको छ) भत्काउने कार्यमा सक्रियतासाथ लागिपर्नुपर्ने कुरालाई पनि संगसंगै ल्याउनु जरूरी भैइसकेको छ।
- अन्त्यमा दलित क्षेत्रमा कार्यरत गैरसरकारी संघसंस्था, राजनीतिकर्मी, सामाजिक कार्यकर्ता, नागरिक समाजका प्रतिनिधि तथा निर्वाचित दलित सभासदहरू समेतसँग बसी संयुक्तरूपमा आगामी रणनीतिक योजना कोर्नुपर्ने बेला पनि आइसकेको छ।




*समूहमा छलफल गर्दै, जुम्ला*

**हामी के के कुरामा प्रष्ट हुनु आवश्यक छ ?**

रणनीतिक हिसाबले अगाडि जानुपर्ने क्रममा सर्वप्रथम केन्द्रदेखि क्षेत्रीय र स्थानीय स्तरसम्म निम्न कुरामा बढी सशक्त हुनुपर्ने आवश्यकता देखिन्छ :

**▪ पुनर्संरचना तथा शान्ति निर्माण:**

राज्यको पुनर्संरचनालाई मुलतः दुई भिन्न तरीकाले हेर्न सकिन्छ।

क) भौतिक संरचनागत पुनर्संरचनाको दृष्टिकोण, र

ख) संस्कृतिगत पुनर्संरचनाको दृष्टिकोण।

भौतिक संरचनागत पुनर्संरचनाले राज्य प्रणाली, राज्यका संयन्त्रमा भौतिक हेरफेरको कुरा गर्दछ। जस्तो राजतन्त्रका सबै अवशेषहरूको अन्त्य, संघात्मक राज्य प्रणालीको स्थापना, शक्ति निक्षेपण तथा राज्यका संयन्त्रमा आवश्यक हेरफेर गरी राज्यका सबै श्रोतसाधन र प्रणालीमा जनताको पहुँच विस्तारको कुरा आऊँछ।

तर एउटा सर्वसत्य कुरा के हो भने मात्र भौतिक संरचनाको हेरफेरले जनताको जीवनस्तरमा परिवर्तन ल्याउन अलि असम्भव नै होला। संघात्मक राज्य प्रणाली मात्रले जनताले अपेक्षा गरेका सबै इच्छा एवं आकांक्षाको पूरा गरिहाल्दैन। किनभने संघात्मक राज्य प्रणाली त मात्र साधन हो। जनताका हक अधिकारको वास्तविक संरक्षण तथा यथार्थ र पूर्ण लोकतन्त्रका लागि सामाजिक, आर्थिक तथा त्योभन्दा पनि ठूलो सांस्कृतिक संरचनामा आधारभूत परिवर्तनको आवश्यकता छ। सबै किसिमका भेद्भाव र शोषणको समूल अन्त्य आवश्यक छ। साथै जनतालाई मालिक मान्ने लोकतान्त्रिक मूल्य मान्यताको संस्थागत विकास पनि त्यत्तिकै आवश्यक छ। दलित अधिकार संरक्षणका लागि संस्कृतिगत संरचनाका लागि अझ बढी जनवकालत गर्नुपर्ने देखिन्छ। संस्कृतिलाई साँच्चिकै संस्कृतिको रूपमा स्थापित गर्दै लानुपर्ने हुन्छ। विचार, दृष्टिकोण र व्यवहारमा आमूल परिवर्तनको खाँचो छ। मानवअधिकार कै दृष्टिकोण र सोचमा पनि व्यावहारिक परिवर्तन ल्याई नागरिक, समूह र समुदायसमेतलाई जनउत्तरदायी बनाउने किसिमका संयन्त्र खडा गरिनुपर्ने आवश्यकता छ। बोलीचाली र व्यवहारमा पनि आमूल परिवर्तनको खाँचो छ।

**▪ संघात्मक राज्य प्रणाली**

राज्यको पुनर्संरचनाको मार्गचित्रप्रति आफूलाई यथाशक्य बढी प्रष्ट पारिनु आवश्यक छ। दलित अधिकारको दृष्टिकोणले दलित समुदाय यस विषयप्रति बढी स्पष्ट हुनु अनिवार्य देखिन्छ। विभिन्न जनजाति र आदिवासी वर्गभन्दा दलित समुदायको मुद्दा निसन्देह फरक छ। मुद्दा मात्र होइन, अन्य विविध कुरामा पनि फरक छ। यस समुदायले भोग्दै आएका समस्या, रहनसहनको स्थिति र राजनीतिक, सामाजिक स्थिति आदि कारणले उनीहरूको हक-हितका लागि संघीय राज्य-प्रणालीभित्र के कस्तो खालका विशेष व्यवस्था गर्न सकिन्छ भन्ने विषयमा उनीहरूमा यथेष्ठ ज्ञान आवश्यक छ। दलित राजनीतिक रूपमा अल्पसंख्यक वर्ग हो। संघीय राज्य प्रणालीको एकीकृत रूप, विशेष व्यवस्था, राज्यका श्रोत साधनमा उनीहरूको पहुँच अभिवृद्धि, राजनीतिक अंगप्रत्यंमा सारभूत र अर्थपूर्ण प्रतिनिधित्वको प्रत्याभूती तथा शक्तिको निक्षेपणका विषयमा राज्य प्रणाली बढी सुदृढ हुनु पर्छ।

## संविधानसभाको गठन र पहिलो बैठकपश्चात्को रणनीतिः

संविधानसभाको पहिलो बैठकपश्चात् दलित अधिकारको संरक्षणका लागि संविधान निर्माणको प्रक्रियाको धारलाई कसरी बढि भन्दा बढि प्रयोग र उपयोग गर्न सकिन्छ भन्ने विषयमा पनि छलफल गरी एक ठोस रणनीतिक योजनाको आवश्यकता छ।

- सहभागीमूलक प्रक्रियाः संविधान निर्माणको लोकतान्त्रिक प्रक्रिया संविधानसभापश्चात्को एक महत्वपूर्ण अवयव हो। जनताको बढी से बढी सहभागितालाई कसरी प्रत्याभूत गर्न सकिन्छ, जनताका हक अधिकार र सवाललाई कसरी सार्वजनिक छलफलमा ल्याई बैधानिकता दिन सकिन्छ भन्ने विषयमा पनि गहन छलफलको आवश्यकता छ। संविधान राज्यको मौलिक र मूल कानुन भएकोले यसको अन्तिम फैसला गर्ने अधिकार केवल संविधानसभा भएपनि जनसहभागिताविना उसले यस अधिकारको प्रयोग गर्न पाउँदैन। जनताको व्यापक सहभागिताबाट यसको निर्माण गरिनु पर्दछ। जनतालाई केवल परिणामको बारेमा मात्र जानकारी गराउने संस्कृति अव पुरानो भइसकेको छ। उनीहरूको प्रत्यक्ष सहभागिताबाट नीति निर्माण गरिनुपर्ने हुन्छ। तसर्थ दलितको सहभागितालाई कसरी अर्थपूर्ण र गहन बनाउने भन्ने विषयमा गृहकार्य आवश्यक छ।
- गठन हुने समितिहरूमा अर्थपूर्ण प्रतिनिधित्वको सवाल अर्को महत्वपूर्ण सवाल हो र सन्दर्भ दलितहरूको प्रतिनिधित्व संविधानसभा अन्तर्गत गठन हुने विभिन्न समिति तथा उपसमितीमा हुने कुरामा पनि एकाग्रता हुनुपर्ने आवश्यकता छ। केवल दलित अधिकारसंग प्रत्यक्ष सरोकार राख्ने समितिहरूमा मात्र दलितको प्रतिनिधित्व खोज्ने तर अन्य समितिमा मौन अर्थात् निष्कृय भूमिका निर्वाह गर्ने परिपाटीलाई पनि

त्याग्नुपर्ने हुन्छ। वास्तवमा राज्यको एक अभिन्न जनसंख्याको भाग ओगट्ने दलितहरूले राज्यका सबै सवाल र एजेण्डामा प्रतिनिधित्व र साझेदारी खोज्नुपर्ने एकातिर आवश्यक छ भने अर्कोतिर छुवाछूत उन्मूलन, सामाजिक न्याय, विशेष अधिकार लगायतका संयन्त्रका बारेमा विशेष समितिको गठन गर्ने गरी आवश्यक रणनीति तय गर्नुपर्ने हुन्छ। त्यस्तै छुवाछूतलगायतका भेद्भावको अन्त्यलाई संविधानको प्रस्तावनामा नै उल्लेख गर्नुपर्ने, समान कामका लागि समान ज्यालाको व्यवस्थालाई सबैको हकमा लागू हुने गरी व्यवस्था गरिनुपर्ने, कुनै पेशा वा रोजगार गर्न पाउने अधिकारवाट वञ्चित हुन नपाउने कुरालाई प्रष्टसंग उल्लेख गर्नुपर्ने, निजी क्षेत्रमा हुने भेद्भाव निषेधका लागि व्यवस्था गर्नुपर्ने हुन्छ।

### दलित अधिकार संरक्षण र सम्वर्द्धनका लागि संविधानमा समेटिनुपर्ने कुराहरूः

हामीले उठाउँदै आएका सवाल र एजेण्डाको सही निकास र बैधानिकताको खोजीका गहन छलफल र विचार विमर्शको उपयुक्त समय हो यो। आ–आफ्नो बीचको अन्तर्क्रिया अनि अन्य राजनीतिक दल तथा सम्बन्धित सबैसंग छलफल गरी ठोस मार्गचित्रका साथ संविधानसभा सदस्य र विभिन्न समितिका सदस्य माझ समयमा नै प्रस्तुत गर्ने गरी प्रयासहरू गरिनुपर्ने देखिन्छ। मूलभूत रूपमा दलितहरूले उठाउँदै आएका कुरामा, छुवाछूतको अन्त्यका लागि ठोस र प्रष्ट संवैधानिक शंखनाद, सार्वजनिक तथा निजी दुबै क्षेत्रमा आरक्षण, राजनीतिक तथा प्रशासनका सबै अंग–प्रत्यंगमा समन्यायिक समानुपातिक प्रतिनिधित्वको प्रत्याभूती, दलित समुदायको प्रष्ट परिभाषा, जन्म तथा जातका आधारमा तथा अन्य कुनै पनि सामाजिक सोचका आधारमा हुने शोषण तथा अन्यायको अन्त्यका लागि विशेष प्रावधान, राज्यका श्रोतसाधनको समन्यायिक वितरण प्रणालीको व्यवस्था, नागरिकता प्राप्तिमा सहजता लगायत, यी उल्लेखित अधिकारको सम्मान तथा अनुगमन र आरक्षणको प्रभावकारी कार्यान्वियनका लागि सशक्त अनुगमन संयन्त्रको पनि व्यवस्था गर्नुपर्ने हुन्छ।

- संघात्मक राज्यप्रणालीमा दलित समुदायः अहिलेको तातो वहसमात्र संघात्मक राज्य प्रणालीमा छ। माथि भनिएजस्तै राज्य पुनर्संरचनाको पहिलो आयाम संघात्मक राज्य प्रणालीले थप्न सक्दछ। तर यसको प्रारूप र आधारका बारेमा भने गहन छलफल हुन सकेको छैन। जात, जाति, भाषा–भाषी तथा भूगोलका आधारमा मात्र पनि यसको प्रारूप निर्धारण हुनु यथार्थपरक हुन्छ हुँदैन हेर्नुपर्ने हुन्छ। वास्तवमा यसको प्रारूप निर्धारण गर्दा विकास, जातजाति, भूगोल, प्राकृतिक श्रोतसाधनको अवस्था, शैक्षिक अवस्था, गरिबी यी आदि विषयलाई पनि गम्भीरतापूर्वक हेर्नुपर्ने हुन्छ। त्यस्तै राजनीतिक अल्संख्यकतालाई समेत मध्यनजर गरी यसको प्रारूप तयार भएन भने भोलि धेरै अल्पसंख्यकको जन्म हुने निश्चित छ।

### नयाँ संविधान दलित सवाल र हाम्रो भूमिकाः

नेपालको राजनीतिक इतिहासमा मूलतः २०४६ सालको प्रजातान्त्रिक राजनीतिक प्रणालीपश्चात् नागरिक समाजले राज्यका विभिन्न सामाजिक, तथा राजनीतिक मुद्दामा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ। जनआन्दोलन २ मा रहेको हाम्रो भूमिका सबै छर्लङ्ग नै छ। देशको पुनर्संरचनामा पनि यसको अग्रगामी भूमिका रहनुपर्ने हुन्छ।

दलित अधिकारका सवालमा समर्पित गैरसरकारी संघसंस्था तथा नागरिक समाजले दलित अधिकारलाई नयाँ संविधानमा कसरी प्रत्याभूत गर्ने तथा दलितको अर्थपुर्ण सहभागितालाई कसरी अन्योन्याश्रित गर्ने भन्ने कुरामा हामी सबैले आ–आफ्नो तवरबाट कार्य शुभारम्भ गरिहाल्नु पर्नेछ।

१) **सवालको उजागरः** महत्वपूर्ण कुरा सवाललाई उजागर मात्र होइन स्थापित गर्न सक्नुपर्ने हुन्छ। आफ्ना सवाललाई मात्र उठाउने होइन त्यसलाई सही र सवल ढंगले बिसाउन सक्ने गरी गहन गृहकार्यको पनि आवश्यकता पर्छ। मात्र भावना र भाषणले त्यति बैज्ञानिकता हासिल गर्न सक्दैन जति आवश्यक अध्ययन अनुसन्धान र ठोस आधारशीलाले गर्छ।

२) **सम्बन्धित निकायको ध्यानाकर्षणः** दलित अधिकारबारेमा तथा नयाँ संविधानमा समेटिनुपर्ने विषयका सम्बन्धमा संविधानसभा सदस्य तथा समितिका सदस्यहरूसमेतलाई यथेष्ठ जानकारी मात्र होइन जनदवाव सिर्जना पनि गरिरहनुपर्ने हन्छ।

३) **जनचेतना अभिवृद्धिसँग** सम्बन्धित विभिन्न प्रकाशन, अन्तर्क्रिया तथा संरचनासँग सम्बन्धित सामग्री उत्पादनमा जोड दिई दलित अधिकारकर्मी तथा समुदायलाई उनीहरूको अधिकारका बारेमा जानकारी उपलव्ध गराउनुपर्ने हुन्छ।

४) **संविधान निर्माणसँग सम्बन्धित विषय र प्रक्रियामा जनचेतनाः** संविधान निर्माणको सम्पूर्ण प्रक्रियाका बारेमा पनि दलित समुदायलाई जानकारी हुनुपर्ने हुन्छ। मात्र उनीहरूको अधिकारका बारेमा जानकारी उपलव्ध गराएरमात्र उद्देश्य हासिल हुन सक्दैन। साथसाथै संविधान निर्माणको प्रक्रियाका बारेमा थाहा दिई उनीहरूको सहभागिताका लागि पहल गर्नु उपयुक्त हुनसक्दछ। ■

*(लेखक मानव अधिकारकर्मी अधिवक्ता हुनुहुन्छ।*
*E-mail, tek.tamrakar@nhrcnepal.org*

## 'सहभागिता' का लेखकहरूसँग अनुरोध

- लेख मौलिक र तथ्यपरक हुनुपर्नेछ।
- लेख सहभागीमूलक प्रक्रियालाई बढावा दिने खालको हुनुपर्नेछ।
- लेख कम्प्यूटर टाइपिङ्ग गरी पठाउने हो भने :
  - प्रिति वा हिमचुली अक्षर हुनुपर्नेछ।
  - अक्षरको साइज १३/१४ सम्मको हुनु पर्नेछ।
- नेपाली भाषामा हुनुपर्ने तथा तथ्य बारेको श्रोत खुलाउनु पर्नेछ।
- बढीमा २००० (लगभग ४ पेज) शब्दभित्र हुनुपर्नेछ।
- हस्तलिखित भएमा कागजको एकपट्टिमात्र स्पष्ट बुझिने गरी लेख्नुपर्नेछ।
- लेखको साथमा लेखकको फोटो र लेखकको वारेमा छोटो विवरण पठाउनु पर्नेछ।
- लेखलाई सुहाउँदो फोटोहरू भएमा फोटो लिने व्यक्तिको विवरण सहित पठाउनु पर्नेछ।
- लेख हुलाक, इमेल वा सिधै नेपान कार्यालयमा पठाउनु सक्नु हुनेछ।
- अस्वीकृत लेख/रचना फिर्ता हुने छैनन्।

लेख रचना पठाउने ठेगाना :
**सहभागिता**
नेपाल सहभागीमूलक कार्यसमूह (नेपान)
पो.ब.नं.: १३७९१, कुपण्डोल, ललितपुर, फोन नं.: २००३५५०, फ्याक्स नं. : ५५२५०८८
इमेल : nepan@mos.com.np

# संविधानसभाको निर्वाचन र दलित



■ तेज सुनार

***नेपालको दलित आन्दोलनले पूर्ण समानुपातिक निर्वाचन प्रणालीको माग गरेको भए पनि मिश्रित प्रणालीमा चित्त बुझाउन परेको छ तथापि प्रत्यक्ष प्रणाली मात्र भन्दा मिश्रित प्रणालीलाई प्रगतिशील मान्नै पर्छ। समावेशीकरणका लागि खेलको नियम परिवर्तन गर्नै पर्छ भन्ने कुरालाई यसले पुष्टि गरेको छ। खेलको नियम मिश्रित प्रणाली नभएको भए ३ प्रतिशतभन्दा माथि जान नसक्ने कुरालाई प्रत्यक्ष प्रणालीतर्फको परिणामले पुष्टि गरिसकेको छ।***

संविधानसभाद्वारा संविधान निर्माण गर्ने कार्यलाई सबभन्दा बढी लोकतान्त्रिक विधि मानिन्छ। विश्वका २८ देशमा यसै विधिद्वारा संविधान निर्माण भइसकेका छन्। नेपाल अव २९ औं देशमा पर्ने भएको छ। नेपालमा हालसम्म ६ वटा संविधान बनिसकेका छन्। हरेक राष्ट्रिय महत्वका विषयमा विषयवस्तु र प्रक्रिया दुवै उत्तिकै महत्वपूर्ण हुने गर्दछ। संविधानमा जतिसुकै राम्रो पक्ष समेटिए पनि प्रक्रिया सहभागीमूलक र लोकतान्त्रिक भएन भने अपनत्व, स्वामित्व र मायाको भावनाको अभाव हुने भएकाले दिगो हुन सक्दैन। उदाहरण खोज्न टाढा जानु पर्दैन– नेपाल यसको ज्वलन्त उदाहरण हो। तसर्थ पहिलो, दोस्रो, तेस्रो चौथो, पाँचौ र छैठौं संविधान भन्नु पर्ने अवस्था सृजना भएको छ। अर्कोतर्फ प्रक्रिया जतिसुकै राम्रो भए पनि प्रक्रियामा संलग्न हुनेहरू दूरदर्शी, (Visionary) र समावेशी सोचका भएनन् भने विषयवस्तु गहन, सबैको भावना र अधिकारलाई संवोधन गर्न सक्दैनन्, जसबाट पनि संविधान राम्रो र दिगो बन्न सक्दैन। तसर्थ दुबैको समायोजनलाई अत्यन्त संवेदशील ढङ्गले व्यवस्थित हुन अपरिहार्य छ। यो कुरा सबैले बुझ्न जरूरी छ।

## बहुप्रतीक्षित संविधानसभाको निर्वाचन सम्पन्न:

नेपालमा २००७ सालदेखि नै संविधानसभाको चर्चा र माग अघि सरेको भए तापनि करिब ५७ वर्षपछि मात्र आएर संविधानसभाको निर्वाचन सम्पन्न भएको छ। नेकपा माओवादीले सञ्चालन गरेको १० वर्षे जनयुद्ध, आठदल, नागरिक समाज र सञ्चार माध्यम र अन्य धेरै तह र तप्काका नागरिकले सञ्चालन गरेको १९ दिने जनआन्दोलन, अन्तर्राष्ट्रिय समुदायको ऐक्यवद्धता र राजसंस्थाको आफ्नै कमजोरीको कारण सम्भव हुँदै गएको राजनीतिक परिवर्तनको फलस्वरूप राष्ट्रियमा मात्र होइन अन्तर्राष्ट्रिय क्षेत्रबाटसमेत प्रतिक्षा गरेको संविधानसभाको निर्वाचन सम्पन्न भएको छ। यद्यपि पछिल्लो चरणमा पनि यो ३ पटकसम्म स्थगित भएको थियो। राजनीतिक शक्ति(दल)हरू राजनीतिक परिवर्तनको सन्दर्भमा एउटै डुङ्गामा भएको र कुनै दुर्घटना हुँदा कोही पनि बाँच्न नसक्ने बाध्यात्मक स्थितिले गर्दा पनि यो सम्भव भएको हो अर्थात् गर वा मरको विन्दुमा आइपुग्दा मात्र यो सम्भव भएको छ।

## निर्वाचनको स्थिति:

जम्मा गरी ५४ दल र स्वतन्त्र गरी ३९४७ (महिला: ३६७ वा ९.३ प्रतिशत र पुरूष ३५८० वा ९०.७ प्रतिशत) उम्मेद्वार प्रत्यक्ष (पहिलो हुनेले जित्ने) प्रणालीमा र समानुपातिक तर्फ पार्टीको आ आफ्नो साइज अनुसारको संख्यामा उम्मेद्वारीहरू चुनावको प्रक्रियाबारे मिश्रित प्रतिक्रिया आएको छ। देशी र विदेशी गरी करिब १ लाख पर्यवेक्षकहरू पर्यवेक्षणमा थिए। अमेरिकाका भूतपुर्व राष्ट्रपति तथा कार्टर सेन्टरका सभापति जिम्मी कार्टर, यूरोपियन युनियनको मिसन, अनमिनदेखि स्थानीयतहका गैससहरू समेतको संलग्नतामा पर्यवेक्षण कार्य भएको थियो। विश्वव्यापी ध्यानाकर्षणको केन्द्र बनेको चुनाव अनुमान गरेभन्दा धेरै गुणा शान्तिपूर्ण रूपमा सम्पन्न भएको निष्कर्ष निकालिएको छ। तथापि सबै पार्टीले आफ्नो पक्षमा निर्वाचन परिणाम ल्याउन विभिन्न हिसाबले प्रभाव पार्ने काम भने स्वभाविक हिसाबले भएको छ। परिवेक्षणकर्ताले चुनाव पूर्व, चुनावको अवधि र चुनाव पश्चात्को गतिविधि पर्यवेक्षण गर्ने प्रयत्न भएको भए तापनि परम्परागत रूपमै केन्द्रित भने मतदान अवधिमा नै भएको देखियो। २०६४ चैत्र २८ मा सम्पन्न युगान्तकारी चुनाव र चुनावको परिणामलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहबाटै स्वीकार गरि सकिएको छ।

## चुनावमा भाग लिने पार्टीहरूको विशेषता:

१० वर्ष सशस्त्र जनयुद्ध गरेको ने.क.पा. माओवादी संसदीय दलहरू, क्षेत्रीय हित बोकेको मधेशी जनअधिकार फोरम, तराई मधेश लोकतान्त्रिक पार्टी, नेपाल सद्भावना पार्टी, चुरे भावर राष्ट्रिय एकता पार्टी, जनजाति हित बोकेका नेपाः राष्ट्रिय पार्टी, ताम्सालिङ नेपाल राष्ट्रिय दल, मंगोल नेशनल अर्गनाइजेशन जनमुक्ति पार्टी, जातीय हीत बोकेका दलित जनजाति पार्टी र नेपाल दलित श्रमिक मोर्चा, हिन्दू प्रजातान्त्रिक पार्टी र मुस्कान सेना नेपाल जस्ता धार्मिक पार्टी राजा र राजसंस्थाको दूतका रूपमा राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल, राष्ट्रिय जनशक्ति पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी जस्ता दक्षिणपन्थी पार्टी र यहाँसम्म कि नेपाल राष्ट्रिय विकास पार्टी र राष्ट्रिय विकास पार्टी जस्ता विकासे पार्टीसमेत चुनावी मैदानमा देखापरे। ती मध्ये २५ पार्टीले त संविधानसभामा प्रतिनिधित्व गरेर आफ्नो अस्तित्व बचाए। (वर्गीय, क्षेत्रीय, लैङ्गिक र जातीय जस्ता राजनीतिक, आर्थिक र सामाजिक मुद्दालाई व्यवस्थित तरिकाले उठाएको ने.क.पा. माओवादी सबभन्दा ठूलो पार्टीको रूपमा स्थापित हुन पुग्यो भने दलित जनजाति पार्टी (दलित पार्टी) नेपाः राष्ट्रिय पार्टीले एक एक सिट लिएर भए पनि आफ्नो औचित्यलाई आंशिक रूपमा सावित गरे। विभिन्न हित समूहको प्रतिनिधित्व गर्न खोज्ने पार्टीलाई समेत जनताले मत दिएर प्रतिनिधित्व गराएबाट मूल प्रवाह पार्टीहरूले जनताका भावना बुझ्न जरूरी देखिएको छ।

## संविधान सभाको निर्वाचन र उम्मेद्वारी:

ठूला पार्टीले प्रत्यक्ष र समानुपातिक दुबै प्रणालीका लागि झण्डै सबै सिटका लागि उम्मेद्वारी दिए पनि साना दलले आ–आफ्नो हैसियत अनुसारको संख्यामा उम्मेद्वारी दिएका थिए। ठूला पार्टी मध्ये जसले नेपालको सामाजिक सांस्कृतिक विविधता र सामाजिक सांस्कृतिक भावनालाई बुझेर तद्अनुरुप

जातीय, लैङ्गिक र क्षेत्रीयतालाई ध्यानमा राखेर उम्मेद्‌वारी छनौट गरे उनै पार्टीले बढी सफलता हासिल गरे। यस मामलामा ने.क.पा. माओवादी, मधेशी जनअधिकार फोरम र तराई मधेश लोकतान्त्रिक पार्टी अगाडि देखिए। अन्तरिम संविधानले प्रत्यक्ष प्रणालीमा समेत समावेशी सिद्धान्तको आधारमा राजनीतिक दलले उम्मेद्‌वार उठाउने कुरा व्यवस्था गरेको भए पनि नेपाली कांग्रेसले १ जना (०.४२%), ने.क.पा.एमालेले ४ जना (१.६७%), ने.क.पा. माओवादीले १७ जना (७.१%) दलित उम्मेद्‌वार उठाएर समावेशी सिद्धान्तको अनर्थ लगाए। जम्मा ३९४७ उम्मेद्‌वार मध्ये दलितले १६६ (४.२%) को संख्यामा उम्मेद्‌वारी पाएर चित्त बुझाउनु पऱ्यो। त्यसमा पनि २४ जना त स्वतन्त्र उम्मेद्‌वार थिए। पार्टीबाट हेर्दा ७ पार्टीबाट ४९ र अन्यबाट ८७ जना प्रत्यक्षबाट दलित उम्मेद्‌वार भएकोमा एकमात्र पार्टी ने.क.पा. माओवादीबाट ७ जना दलित उम्मेद्‌वारले मात्र विजय हासिल गरे (जसमा पुरूष ५ र महिला २) जुन करिब ३ प्रतिशत हुनआउँछ।


तस्बिरः लेखक

## निर्वाचन पद्धति र दलितः

नेपालको इतिहास पहिलो पटक जनप्रतिनिधिमूलक सर्वोच्च निकायमा संविधानसभा करिब ८.५ प्रतिशत प्रतिनिधित्व भएको छ। यसमा निर्वाचन प्रणालीको कमाललाई बिर्सनै हुँदैन। यद्यपि समानुपातिकबाट ४२ जना दलित परेको भएता पनि त्यसमध्ये रामप्रित पासवान, शान्तिदेवी चमारलाई उनीहरू दलित भए पनि मधेशी कोटाबाट पारिएको छ। त्यस्तै धर्मराज विक र महा नेपालीलाई पिछडिएको क्षेत्रबाट प्रतिनिधित्व गराइएको छ। यसबाट दलित समुदायलाई नाफा हुनु पर्ने हो तर उनीहरूको गणना दलित तिर पनि भएबाट दलित कोटा अनुसारको संख्यामा कटौति हुन गएको छ। नेपालको दलित आन्दोलनले पूर्ण समानुपातिक निर्वाचन प्रणालीको माग गरेको भए पनि मिश्रित प्रणालीमा चित्त बुझाउन परेको छ तथापि प्रत्यक्ष प्रणाली मात्र भन्दा मिश्रित प्रणलीलाई प्रगतिशील मान्नै पर्छ। समावेशीकरणका लागि खेलको नियम परिवर्तन गर्नै पर्छ भन्ने कुरालाई यसले पुष्टि गरेको छ। खेलको नियम मिश्रित प्रणाली नभएको भए ३ प्रतिशतभन्दा माथि जान नसक्ने कुरालाई प्रत्यक्ष प्रणालीतर्फको परिणामले पुष्टि गरिसकेको छ। तसर्थ नीति निर्माण र निर्णय प्रक्रियामा दलितको सहभागिता र प्रतिनिधित्व सुनिश्चित गर्न नेपालको दलित आन्दोलनले पूर्ण समानुपातिक प्रतिनिधित्व प्रणालीको मागलाई प्राथमिकतामा राख्नुपर्दछ।

## निर्वाचन परिणाम, दलित, दलित र दलितः

संविधानसभाको प्रत्यक्ष प्रणालीमा जम्मा १६६ दलित उम्मेद्‌वारमध्ये पासवान (२१) चमार (१८), मुसहर (७) तत्मा (५) कोरी, धोवी, खत्वे (२/२), पासी, डोम (१/१) गरी मधेशी दलितबाट ९ जाति र पहाडी दलितबाट विश्वकर्मा ( ५६) परियार (२६), सार्की (१७), गरी जम्मा ३ जाति गरी जम्मा १२ जातिबाट उम्मेद्‌वारी दिइएको देखिन्छ। यसरी हेर्दा पहाडबाट वादी र गन्धर्व तथा मधेशी दलितमध्ये कलर, ककहिया, खटिक, चिडिमार, पत्थरकट्टा, वाँतर हलखोर, सर्वबरियाबाट कुनै उम्मेद्‌वारी परेको देखिएन।

प्रत्यक्षका उम्मेद्‌वारमध्ये ७ जना विजय भएकोमा २ जना महिला (२८.५७%) र ५ जना पुरूष (७१.४२%) छन्। जातिगत हिसाबले ३ जना (४३%) विश्वकर्मा, २ जना (२८.५७५) सार्की, १ जना (१४.२८%) परियार, र १ जना (१४.२८%) पासवान रहेका छन्। यसरी हेर्दा प्रत्यक्ष तर्फबाट जम्मा ४ दलित जातिबाट मात्र संविधानसभामा प्रतिनिधित्व हुन सकेको छ।

उता समानुपातिकबाट जम्मा ४२ जना दलित समुदायबाट परेको देखिन्छ।[1] प्रत्यक्ष र समानुपातिक दुबैबाट गरेर जम्मा ४९ जना दलित समुदायका प्रतिनिधित्व हुन सकेको छ। प्रतिनिधित्व भएका ४९ जनामध्ये २५ (५१%) पुरूष र २४ जना (४९%) महिला रहेबाट दलित मध्येबाट लैङ्गिक समानता उत्साहजनक मान्नुपर्छ। उत्पत्तिको हिसाबले ३५ जना (७१.४२%) पहाडी र मधेशीका १४ जना (२८.५८%) रहेका छन्।

त्यस्तै जातिगत हिसाबले विश्लेषण गर्ने हो भने सबभन्दा बढी विश्वकर्माबाट १७ जना (३४.६९%) प्रतिनिधित्व छ। त्यसपछि सार्कीको १८.३६% (९ जना), परियारको १६.३२% (८ जना) प्रतिनिधित्व रहेको छ। पहाडको दलित जातिमध्ये वादी र गन्धर्वको भने १ जना पनि प्रतिनिधित्व हुन सकेको छैन।

मधेशी दलितको सन्दर्भमा १७ मधेशी दलित मध्ये ५ जातिको मात्र प्रतिनिधित्व हुन सकेको छ। जसमा पासवान ७ जना (१४.२८%), चमार ३ जना (६.१२%) वाँतर २ जना (४.०८%) र तत्मा धोवीबाट एक एक जना (२.०४%) प्रतिनिधित्व हुनसकेको छैन। तर सरबरिया, हलखोर, मुसहर, पासी, पत्थरकट्टा, डोम, चीडिमार, खत्वे, खटिक, कोरी, ककहिया र कलरको भने १ जना पनि प्रतिनिधित्व हुन सकेको छ। क्षेत्रगत हिसाबले हेर्दा पूर्वाञ्चल मध्यमाञ्चल, पश्चिमाञ्चल मध्यपश्चिमाञ्चल र सुदूर पश्चिमाञ्चलबाट क्रमशः १२ जना (२४.४८%) ,६ जना (१२.२४%) १० जना (२०.४०%) , ७ जना ( १४.२८%) र ७ जना (१४.२८%) को प्रतिनिधित्व हुन सकेको छ।

दलित महिलातर्फ हेर्ने हो भने जम्मा दलित महिला २४ मध्ये ९ जना (३७.५%) सार्की , ८ जना (३३.३३%) परियार ७ जना (२९.१६%) विश्वकर्मा जातिबाट छन भने बाँकी १४ जना (५८.३३%) मधेशी दलित महिला रहेका छन्। यसरी हेर्दा दलित महिलातर्फ भने मधेशी दलित महिलाको प्रतिनिधित्व उच्च रहेको देखिन्छ।

उमेरगत रूपमा विश्लेषण गर्ने हो भने २५–३५ वर्ष समुहका ११ जना

1 यस तथ्याङ्कमा अझै एक मत हुन सकेको छैन। जात उल्लेख नभएको २ जना चन्दादेवी, रम्भादेवीलाई मधेशीबाट प्रतिनिधित्व गराइएको छ, । कसैले यिनलाई दलित अनुमान गरेको हुनु पर्दछ। एकजना मुस्लिम धोवी छन्। मुम्लिम धोवीलाई दलित मानिदैन, १ जना कपालीलाई जनजातिबाट प्रतिनिधित्व गराइएको छ। कपालीलाई राष्ट्रिय दलित आयोगले दलितको सुचिमा राखेको छैन। १ जना बोध नारायण सरदारलाई मधेशी जनजातिबाट प्रतिनिधत्व गरिइएको छ। कुनैले जसलाई बाँतर सरदारमा राखेको हुनु पर्दछ। तर पार्टी सुत्रले उनीलाई दलित होइन भनेका छन्। २ जना महतो कोइरीलाई मधेशीबाट प्रतिनिधित्व गराइएको छ। कोरी दलित भए पनि कोइरी भने दलित होइन। तसर्थ यी जात नखुलेकाको पहिचान नभएसम्म मैले ४९ जना नै भन्ने गरेको छु।

(२२.४४%) ३६-४५ वर्ष उमेर समूहको १९ जना (३८.७७%) ४६-५५ वर्ष उमेर समूहका ९ जना (१८.३६%) ५६-६५ वर्ष उमेर समुहका ३ जना ( ६.१२%) रहेका छन्। यसरी हेर्दा ६५ वर्षभन्दा माथिको १ जना पनि पर्दैन। अधिकांश युवा छन्। जसमध्ये सबभन्दा कम उमेरका दलित सभासद रूपा वि.क. २७ वर्षका छन् भने बढी उमेरका ६२ वर्षीय चन्द्रिराम टमटा छन्।

राजनीतिक हिसाबले हेर्दा सबैभन्दा धेरै २० जना (४०.८१%) ने.क.पा. माओवादीबाट, त्यसपछि ११ जना (२२.४४%) ने.क.पा. एमालेबाट र ९ जना (१९.३६%) नेपाली कांग्रेसबाट प्रतितिधित्व गर्छन्। त्यस्तै मधेशी जनअधिकार फोरमबाट ३ जना (६.१२%) र तराई मधेश लोकतान्त्रिक पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, ने.क.पा. माले, जनमोर्चा नेपाल, राष्ट्रिय जनमोर्चा र दलित जनजाति पार्टीबाट १/१ जना गरी ६ जना रहेका छन्। यस हिसाबले २५ पार्टीले संविधानसभामा प्रतिनिधित्व गरेकोमा १० पार्टीबाट मात्र दलित सभासद चुनिएका छन् बाँकी १५ पार्टीले १ जना पनि दलित पठाएको पाइएन। दलितलाई प्रतिनिधित्व गराउने ३ ठूला दलको आ-आफ्नो कुल संख्याको अनुपातमा हेर्दा ने.क.पा. एमालेले सबभन्दा बढी १०.६७ प्रतिशत दलित पारेको छ भने दोस्रो र तेस्रोमा ने.क.पा. माओवादीले ९.०९ प्रतिशत र नेपाली कांग्रेसले ८.१८ प्रतिशत पार्न सकेका छन्। यसबाट दलितले जनसंख्याको अनुपातमा प्रतिनिधित्व गर्न पाएका छैनन्।

## संविधानसभाको चुनावबाट सिक्नुपर्ने पाठ र सुझावः

- पार्टीको स्पष्ट एजेण्डा, सङ्गठनात्मक सुदृढीकरण र प्रभावकारी चुनावी अभियान छ भने जुनसुकै जात, वर्ग, लिङ्ग, धर्म, क्षेत्रको उम्मेद्वार उठाए पनि चुनाव जित्न सकिंदोरहेछ। तसर्थ जात, लिङ्ग वा कुनै बहानामा दलितलाई उम्मेद्वार दिन कन्जुस्याइ गर्ने पार्टीहरूले यस निर्वाचनबाट ठूलो पाठ सिक्न जरूरी छ।
- नेकपा माओवादी, मधेशी जनअधिकार फोरम र तराई मधेश लोकतान्त्रिक पार्टीले नेपालको सामाजिक सांस्कृतिक विशेषता र जनताको सामाजिक सांस्कृतिक भावनाको आधारमा उम्मेद्वारी दिई राम्रो सफलता हासिल गरेको हुनाले यसबाट अरू दलले पनि सिक्नु जरूरी छ।
- परिवर्तनको चाहना, विकल्पको खोजी, नयाँ स्वादको इच्छा मानव जातिको सामाजिक मनोविज्ञान भएकाले राजनीतिक दलले उम्मेद्वारीको चयन गर्दा यस कुरालाई विचार पुऱ्याउनु पर्दछ।
- समानुपातिक चुनाव प्रणालीले मात्र दलितको प्रतिनिधित्व सुनिश्चित गर्ने भएकाले नेपालको दलित आन्दोलनले पूर्ण समानुपातिक निर्वाचन प्रणालीको मागलाई अग्रस्थानमा राख्नुपर्दछ।
- अझै पनि दलित भित्रका धेरै जाति छुटेकाले समानुपातिकको माग गर्दा कम्तिमा एक दलित जाति एक प्रतिनिधि हुने गरी समानुपातिक प्रतिनिधित्वको माग गर्नुपर्दछ।
- मूलप्रवाहको पार्टीमा रहेका दलित नेता कार्यकर्ताले पार्टी कार्यमा अझ भूमिका खेल्नुका साथै पार्टीभित्र दलित एजेण्डा उठाउने र राज्यको निकायमा प्रतिनिधित्वको सुनिश्चितताका लागि आन्तरिक संघर्ष मजबुत बनाउनुपर्छ।
- राज्यको स्वरूप कस्तो हुने, नीति संरचना कस्तो बनाउने, समावेशीकरणका लागि के गर्ने, कसलाई कहाँ पठाउने, के जिम्मेवारी दिने आदि अहम कुराको अन्तिम निर्णय पार्टी पंक्तिमा हुने भएकाले पार्टीको हरेक तहमा समावेशीकरणको सुनिश्चित गर्ने गरी ती निर्णय प्रक्रियामा दलितको सहभागिता, पहुँच र नियन्त्रणमा वृद्धि गर्नुपर्छ र पार्टीलाई व्यवहारतः समावेशी चरित्रको बनाउनुपर्छ।
- पार्टीलाई खराब, असक्षम र एकपक्षीय व्यक्तिहरूको एकाधिकारवादी कब्जाबाट छुटकारा दिलाउनुपर्छ र सबै सामाजिक साँस्कृतिक क्षेत्रीय समुहहरूको प्रतिनिधित्व भएको कुशल सङ्गठनको रूपमा विकास गरिनुपर्छ।
- सामाजिक समूहको प्रतिनिधित्व गर्ने दलित जनजाति पार्टी, मधेशी जनअधिकार फोरम तराई मधेश लोकतान्त्रिक पार्टी जस्ता पार्टीप्रति जनताको आकर्षण बढ्दै गएकाले साधनको रूपमा वैकल्पिक शक्ति निर्माण तर्फ पनि दलितहरूले सोच्ने बेला आएको छ।
- संविधानसभाका दलित समुदायका सभासदहरू संविधानतः दलित भएकै कारण दलित समुदायको प्रतिनिधित्व गर्ने गरी चुनिएका हुनाले दलितका मुद्दा र दलित अधिकारका सवाललाई अग्रस्थानमा राखेर उठान गर्नुपर्छ। तथापि जातिको नाममा पार्टीलाई र पार्टीको नाममा जातिलाई धोका हुने काममा सचेत हुँदै जाति र पार्टीको महत्वलाई समायोजनकारी ढङ्गले हेर्ने सोचको विकास गर्ने र तद्अनुरूपको भूमिका निर्वाह गर्नु पर्छ।
- जुन जुन पार्टीबाट संविधान सभामा पुगेको भए तापनि दलित सवालको सन्दर्भमा सहकार्यको संस्कारको विकास गर्नुपर्छ।
- सडक र सदनको उत्तिकै भूमिका हुने भएकाले दलित संघ-सङ्गठन र नागरिक समाज र सभासदहरूको सहकार्यलाई बढावा दिनुपर्दछ।
- दलित आन्दोलन अहिलेको घडीमा जुन उचाइमा पुग्नु पर्ने हो नपुगेको कारण संविधानसभाको चुनावमा उम्मेद्वार पाउने, घोषणापत्रमा सशक्त कुरा पर्ने लगायतका कुरामा अझै पनि पछाडि परिएकाले संयुक्त दलित आन्दोलनको उचाई माथि उठाउनुपर्छ।
- जसरी राजनीतिक क्रान्तिलाई पूँजीको जरूरत हुँदैन त्यसरी नै सामाजिक परिवर्तनका लागि पनि पूँजीको लगानी गर्नु पर्दैन। तसर्थ अबको क्रान्ति सामाजिक क्रान्तिको नारालाई अघि सार्नु पर्दछ र त्यसपछि मात्र आर्थिक क्रान्ति (जसको लागि पूँजीको जरूरत पर्छ)मा अग्रसर हुनु पर्दछ।
- अब बन्ने सरकार, संविधान मस्यौदा समिति र अन्य समिति तथा उपसमितिहरूमा दलितको अर्थपूर्ण प्रतिनिधित्वको माग अघि सारिनु पर्दछ।
- दलित समुदायबाट प्रतिनिधित्व गर्ने सभासदहरूले दलित नागरिक समाजसँग परामर्श गर्नुको साथै संविधानसभा भन्दा बाहिर रहेका केही व्यक्तिहरूको अनौपचारिक रूपमा एक Think Tank तयार गर्नुपर्छ र सभासदहरूले वारम्बार विचार विमर्श र परामर्श गर्दै प्रक्रियागत र विषयगत हिसाबले आफ्नो भूमिका सशक्त बनाउनु पर्छ।
- जुनसुकै पार्टीबाट चुनिएको भएता पनि दलित मुद्दाको सवालमा दलित सभासदहरूको एक अनौपचारिक मंच बनाउनु पर्छ र सामुहिक भूमिकालाई व्यवस्थित पार्नुपर्छ।

*(लेखक लुथरन वर्ल्ड फेडरेशनसँग आवद्ध हुनुहुन्छ।*
*इमेल सम्पर्कः tejsunar@hotmail.com)*

### सन्दर्भ सामग्री :

- Bhattachan K.B., Sunar, Tej B. and B.Gauchan, Yaso Kanti, 2007, **Research report, Caste-based discrimination in South Asia, A Study on Nepal**
- Sunar, Tej Bahadur, 2058 **Dalitharuko Rajnitina Sahabhagita,** Central Department of Sociology/Anthropology, Tribhuwan University,

# दलित सवालबारे सभासद् र क्रियाशील व्यक्तित्वहरू

मुलुकमा सबै अधिकारबाट लामो समयदेखि वञ्चित एवं सामाजिक तथा अन्य भेदभावबाट मूलप्रवाहमा आउन नसकेको समुदाय दलित नै हो । यो समुदायको लागि राज्यस्तरबाट के कस्ता पहलहरू भएका छन् वा गरिए । भावी समयमा राज्य यो समुदायको समग्र सवालको समाधानको निमित्त कस्तो रणनीति लिएको छ । यस विषयलाई उजागर गर्नको लागि हालैमात्र सम्पन्न संविधानसभा निर्वाचनपछि चुनिएका सभासद लगायत विभिन्न गैरसरकारी संस्थामा क्रियाशील व्यक्तिहरूसँग 'सहभागिता' का लागि **ललित परियार**ले गर्नुभएको कुराकानीको सारसंक्षेप:



## 'दलितहरूलाई विशेषाधिकार आवश्यक छ'

**प्रतिमा गहतराज**

कार्यकारी निर्देशक,
उपेक्षित, उत्पीडित र दलित वर्ग उत्थान विकास समिति

**दलितहरूको वर्तमान अवस्था कस्तो छ ?**

दलितहरूको वर्तमान स्थितिलाई आर्थिक, सामाजिक र राजनीतिक पक्षसँग जोडेर हेर्न जरूरी छ। हजारौं वर्षदेखिको बर्बर आर्थिक तथा सामाजिक उत्पीडनले दलितहरूलाई माथि उठ्न दिएको छैन। समाजको राजनीतिक नेतृत्वबाट सदैव पाखा लगाउँदै आइरहेको छ। आज पनि दलितहरू नेतृत्वबाट बाहिर छन्। राजनीतिक नेतृत्वका सवालमा तथाकथित ब्राह्मणवादी सोंच चिन्तन बोक्ने मुठीभर सामन्तहरूकै बर्चस्व छ। यद्यपि महान् जनयुद्धले दलितहरूको तत्कालीन अवस्थामा हरेक हिसाबले परिवर्तनको स्थिति सिर्जना गर्दै गुणात्मक वैचारिक परिवर्तन ल्याइदिएको छ।

**राज्यमा दलित सहभागिताका बाधक के–के हुन् ?**

दलित सहभागिताको बाधकका रूपमा राज्यको प्रशासन क्षेत्र र सामाजिक क्षेत्रको एकाधिकारको नेतृत्व गरिरहेको सामन्ती ब्राह्मणवादी सत्ता नै प्रमुख हो। दलितहरूलाई अवसरबाट वञ्चित गराई ज्यामी र खेतालाका रूपमा मात्र प्रयोग गर्न चाहने मध्ययुगीन सामन्ती चेतनाले समाजको जुनसुकै क्षेत्रमा दलितहरूको सहभागिता र नेतृत्वलाई जबर्जस्त रूपमा छेकबार लगाउँदै आइरहेको छ। यसका लागि हजारौं वर्षसम्म तथाकथित उपल्ला जातहरूको गुलामीको रूपमा दलितहरूमा पैदा हुन गएको हीनतापूर्ण आदत र दास मनोवृत्ति पनि एउटा निश्चित हदसम्म जिम्मेवार रहेको छ।

**विकासमा दलित समुदायको सहभागिता बढाउन राज्यले के गर्नुपर्ला ?**

राज्यले विकासको नियमित जनशक्तिका रूपमा मात्र दलित समुदायलाई ठीक ढंगले प्रयोग गर्न सकेमा दलितहरूकै नेतृत्वमा नेपालमा आर्थिक विकासमा गुणात्मक परिवर्तन ल्याउन सम्भव छ। राज्यको विकासका योजनामा दलितहरूलाई नेतृत्वकर्ताको रूपमा सहभागी गराउन राज्यले जोड दिनुपर्दछ। विकाससँग सम्बन्धित प्रशासनिक क्षेत्रहरूमा दलितहरूलाई विशेषाधिकारसहित ठूलो संख्यामा नियुक्त गर्दै स्थानीय सत्तामा पनि दलित नेतृत्वको स्थापना र संरक्षणमा जोड दिन जरूरी छ। विकासलाई अर्को अर्थमा स्वयं दलितहरूकै सामाजिकस्तरको विकासका रूपमा पनि हेर्नुपर्दछ। यसका लागि राज्यले निश्चित अनुपातको बजेट विनियोजन दलितहरूकै निमित्त गरी उनीहरूको शिक्षा, स्वास्थ्य तथा जीवनस्तर उत्थानका लागि विशेष अधिकारसहितको योजना निर्माण गरी कार्यान्वयन गर्न जरूरी छ।

**दलित विकास समितिले दलित समुदायका लागि के–के गऱ्यो ?**

दलित विकास समितिले दलित समुदायको मुख्यतः शिक्षा, स्वास्थ्य, रोजगारीका साथै समग्र जीवनस्तर उठाउनका लागि कार्य गर्दै आएको छ। समितिले सरकार परिवर्तनसँगै राजनीतिक नियुक्तिमा हुने फेरबदलका लागि पनि कार्य गर्दै आएको छ। हिजो हामी असंलग्न पार्टी र मानिसहरूले यसको नेतृत्व गर्दाको स्थितिमा गर्न सकिने सुधारात्मक कार्यहरू पनि ठप्पप्रायः रहेको देखिन्छ। हामी यस बोर्डको नेतृत्वमा आएपछि अहिले आफ्नै ढंगले केही प्रयत्नहरू गरेका छौं।

हामीले सीमित बजेटलाई अधिकतम प्रयोग गरेर देशका सबै जिल्लामा सीप तथा आयमूलक कार्यक्रमहरू लाने प्रयत्न गरेका छौं। सिलाइ–कटाइ, कम्प्युटर, अटोमोबाइल, मोबाइल, लोक सेवा आयोगसम्बन्धी कक्षा लगायत विभिन्न तालिमहरू सञ्चालन गरिएका छन्। शैक्षिक प्रोत्साहनका लागि पाँचै विकास क्षेत्रमा शैक्षिक सामग्री, उच्च शिक्षा छात्रवृत्ति वितरण गरिएका छन्। दलितहरूका लागि 'जनचेतना' रेडियो कार्यक्रम सञ्चालन गरिएको छ। पाँचै विकास क्षेत्रमा स्वास्थ्य शिविरहरू सञ्चालन गरी जनतालाई उल्लेखनीय सेवा पुऱ्याइएको छ। तर यतिले पनि दलितहरूको एउटा हिस्सा मात्र लाभान्वित भएको छ। सबै दलितहरूमाझ सेवा पुऱ्याउन सकिएको छैन। धेरै योजनाहरू ठीक ढंगले लागू गर्न सकिएको छैन। राज्यकै अगुवाइमा दलितहरूको विशेषाधिकारपूर्ण नेतृत्वले दलितहरूको विकासलाई सुनिश्चित गर्न सकिन्छ भन्ने लागेको छ।

**दलित समुदायप्रति तपाईंका प्रतिबद्धता के–के हुन् ?**

दलित समुदायको पहुँच बढाउनका लागि दलित विकास समिति तथा राष्ट्रिय दलित आयोगलाई अधिकारसम्पन्न बनाउने दिशामा मेरो विशेष प्रयत्न रहनेछ। साथै, यस बोर्डलाई स्वायत्तता दिलाउने तथा आर्थिक, सामाजिक र राजनीतिक रूपमा सम्पूर्ण दलितलाई विशेषाधिकारसम्पन्न बनाउने कुरामा ठोस प्रयत्न गर्दै जानेछु।



## 'राज्यका सबै निकायमा सहभागिता सुनिश्चित हुनुपर्छ'

**रामलाल विश्वकर्मा**

अध्यक्ष, राष्ट्रिय दलित आयोग

**विकासमा दलित समुदायको सहभागिता बढाउन राज्यले के–के कुरामा जोड दिनुपर्दछ र यसमा**

**दलितको भूमिका के हुनुपर्दछ ?**

विकास भन्नासाथ मान्छेहरू यो राजनीतिभन्दा टाढा रहेर बुझ्न खोज्दछन् तर त्यसो होइन। आर्थिक पक्षमा मात्र हेरिनु हुँदैन, विकास भन्ने कुरा राजनीतिक प्रतिनिधित्वबिना हुनै सक्दैन। राजनीतिक प्रतिनिधित्व अधिकारको कुरा हो। निर्णय तथा कार्यान्वयन गर्ने कुरामा दलितलाई नपुऱ्याइकन जति सम्पन्न भएता पनि दलितहरूले केही पनि गर्न सकिँदैन। त्यसैले राज्यका सबै निकायमा उनीहरूलाई पुऱ्याउनुपर्दछ र आर्थिक सम्पन्नताका लागि रोजगारी प्रदान गर्ने, भूमिहीन दलितहरूलाई जमिन वितरण गर्ने, शिक्षा, स्वास्थ्य लगायतका आधारभूत पक्षमा उनीहरूलाई सुविधा प्रदान गर्ने एवं कानुनी रूपमा जातीय छुवाछूतलाई अन्त्य गर्ने व्यवस्था गरिनुपर्दछ। छुवाछूतको आचरणविरूद्ध दण्डित गर्ने कडा कानुन बनाउनुपर्दछ। अहिलेसम्म दलितहरू दासको अवस्थामा रहेका छन्। उनीहरूलाई अरूसरह मालिक बनाउने कुरामा जोड दिनुपर्दछ। त्यो भन्नु नै राज्यसत्तामा आफ्नो अधिकार स्थापित गर्ने हो। साझा सवालमा एकीकृत ढंगले यो समुदाय पनि जुट्नुपर्दछ, तबमात्र विकासमा दलित समुदायको सहज रूपले सहभागिता बढाउन सकिन्छ।

**अब बन्ने संविधानमा दलितहरूका कुन-कुन कुरा समेटिनुपर्दछ र यसमा क-कसको भूमिका के-के हुनुपर्दछ ?**

नयाँ संविधानमा दलितहरूका के-के कुरा आउनुपर्दछ भन्ने बृहत् विषय हो। एउटा नागरिकले पाउनुपर्ने सबै अधिकारहरू संविधानमा ग्यारेन्टी हुनुपर्दछ। दलितले पनि अन्यसरह बराबर अधिकारको सुनिश्चितता गरिनुपर्दछ। यो सार्वभौम नियम हो। तर दलितहरूका विशिष्ट समस्याहरू छन्। विशिष्ट समस्या भनेको राज्यसत्ताको निति निर्माण गर्ने ठाउँ कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकामा उनीहरूको अधिकार सुनिश्चित गर्ने कुरा, राजनैतिक नियुक्ति, निजामति कर्मचारी, पुलिस, सेना लगायत राज्यका हरेक तल्लोदेखि माथिल्लो निकायसम्म अधिकारको ग्यारेन्टी गरिनुपर्दछ। जनसंख्याको आधारमा मात्र नभएर विगतदेखि समाज र राज्यले गरेको उत्पीडनको क्षतिपूर्तिस्वरूप थप अधिकारको सुनिश्चितता गरिनुपर्दछ। दलितहरूको गाँस, वास र कपास तथा शिक्षा, स्वास्थ्य र रोजगारीको ग्यारेन्टी, भूमिमा स्वामित्व हुनुपर्दछ। सामाजिक, सांस्कृतिक रूपमा दलितहरूमाथि छुवाछूत जस्तो घृणित व्यवहार गरिन्छ यसलाई संविधानमै अमानवीय, मानवताविरूद्धको अपराध, राज्यविरूद्धको अपराध घोषणा गरेर यसका विरूद्ध कडा सजायको व्यवस्था कानुनमै गरिनुपर्दछ। अर्को कुरा राष्ट्रिय दलित आयोगबाहेक दलितको पक्षमा सशक्त भूमिका निर्वाह गर्ने अन्य निकायलाई पनि अधिकारसम्पन्न बनाइनुपर्दछ। दलितसम्बन्धी सबै निकायलाई अधिकारसम्पन्न र प्रभावकारी बनाउन संविधानमै व्यवस्था गर्नुपर्दछ।

**राष्ट्रिय दलित आयोगले दलित समुदायको सामाजिक, राजनीतिक, आर्थिक सबैखाले अधिकारका लागि अहिलेसम्म के-के काम गरेको छ ?**

दलित आयोग भनेको मूलरूपमा सबैले के बुझ्नुपर्दछ भने आयोगले आफैं के गर्ने भन्दा पनि आयोगले नीतिगत पक्षमा काम गर्ने गर्दछ। पचास लाखभन्दा माथि रहेका दलितहरूका लागि राज्यले कस्ता नीति तथा कार्यक्रम अपनाउने भन्ने कुरामा राज्यलाई नीति निर्माण गर्नका लागि सहयोग गर्ने, सिफारिस गर्ने, दबाब दिने काम गर्दछ। विगतका नीतिहरूले दलित समुदायका लागि अब पुग्दैन। त्यसैले अब बन्ने नयाँ संविधानमा नयाँ ढंगबाट दलितहरूको आर्थिक नीति, सामाजिक नीति, राजनीति नीतिलाई कस्तो बनाउनु पर्छ भन्ने कुरामा हामी गृहकार्य गरिरहेका छौं र त्यसलाई सशक्तरूपमा अगाडि बढाउनका लागि लबिङ गर्ने, सिफारिस गर्ने र दबाब दिने कुरामा हामी सोचिरहेका छौं।

**जल, जमिन र जंगलमा समान अधिकारका लागि दलितहरूले के गर्नुपर्छ ?**

मैले अघि पनि भने एउटा नागरिक हुनुको हैसियतले अरू नागरिकले पाउने सबै अधिकार दलितहरूले पाउनुपर्दछ र त्यहाँ कुनै पनि दलितलाई छुट्याइनुहुँदैन। राज्यका सबै निकाय, विभाग र विषयवस्तुहरूमा बीस प्रतिशत दलितहरूको पहुँच पुग्नुपर्दछ। त्यसैले पनि सबै ठाउँमा पुग्नका लागि दबाब दिनुपर्दछ र चौतर्फी रूपमा गृहकार्य गरेर अगाडि बढ्नुपर्दछ।



## 'संविधानसभाले दलित अधिकार स्थापित गर्नेछ'

**रीमा नेपाली**

सभासद, एमाले

**दलित समुदायलाई विकासको मूलधारमा सहभागी बनाउन राज्यले के गर्नु पर्ला ?**

राज्यले पहिले त समानुपातिक ढंगले विशेष आरक्षणसहित राजनैतिक ढंगले यो समुदायलाई राज्यको नीति निर्माण गर्ने थलोमा पुऱ्याउनु पर्दछ। राज्यका सबै तल्लोदेखि माथिल्लो निकायसम्म राजनैतिक अवसर प्रदान गरिनु पर्दछ र दलित समुदाय राज्य र ब्राहमणवादी समाजद्वारा विगत लामो समयदेखि उत्पीडनमा पारिएको कारण यो श्रमजिवी, सिल्पकारी वर्गलाई हरेक साना तथा मझौला एवं राष्ट्रिय विकासको मूलप्रवाहमा अनिवार्य सहभागिताको लागि उनीहरूको प्राविधिक क्षमताको विकास गरी सहभागी गराउन प्रेरित गरिनु पर्दछ। र उनीहरूको शिक्षा, स्वास्थ्य र आर्थिक क्रियाकलाप एवं भूमिसम्बन्धी तत्कालको समस्यालाई हलगरी अन्य समुदायसरह बस्न र बाँच्न पाउने विभेदरहित व्यवहार राज्यले गर्ने हो भने निश्चितरूपमा यो समुदाय विकासको मूलप्रवाहबाट टाढा रहन सक्दैन र उपरोक्त कुराको पनि राज्यद्वारा व्यवहारमै कार्यान्वियन गरिनु पर्दछ।

**तपाई दलित सभासद भएको हैसियतले दलित मुद्दालाई नयाँ संविधानमा उल्लेख गर्न कस्तो भूमिका निभाउनु हुन्छ ?**

म दलित पनि हुँ त्यसमा पनि महिला हुँ। मेरो जिम्मेवारी दलित महिला सभासद भएको कारण अरू सभासदभन्दा अलि बढी नै छ। किनभने हजारौं वर्षदेखि सामाजिक, राजनैतिक र अन्य विविध खाले भेद्भावको शिकार भएका दलित समुदाय र त्यसभित्र पनि पुरूषप्रधान समाजमा नारकीय जीवन जिउन बाध्य दलित महिला यी वर्गको समग्र उत्थान र विभेदरहित समाज निर्माणको लागि दलितहरूको राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिकलगाएतका समस्यालाई एकमुष्ट हल गर्न राज्य तयार हुनुपर्दछ। र ऐतिहासिक संविधानसभाको निर्वाचनपछि बनेको संविधानसभाले ति अधिकारहरू यो समुदायको लागि स्थापित नगरी सुखै छैन। तथापी यी सवालहरू सम्बोधन गर्न दीर्घकालिन राजनैतिक हिसावले नयाँ संविधानमै उल्लेख हुन जरूरी छ। दलितहरूको साझा सवाललाई संविधानमा उल्लेख गर्न म लागि पर्ने छु।


**नयाँ संविधानबाट दलितहरूले के आशा गर्नु पर्दछ ?**

दलित समुदायले नयाँ संविधानबाट राजनैतिक अधिकार स्थापना सबै खाले शोषण उत्पीडनबाट मुक्त समाज, छुवाछूत विभेदरहित समाज र राज्य शिक्षा, स्वास्थ्यलगाएत मानवअधिकार, प्राकृतिक स्रोतसाधनमाथिको अधिकार स्थापित हुनेछन्

बाँकी व्यवहारमा देखिने छ।

**राज्यका हरेक अंगमा दलितहरूको समान ढंगले सहभागिता हुन कस्तो नीति चाहिन्छ ?**

विगतका दिनहरूमा सामन्ती राज्यसत्ताले जातका नाममा, धर्मका नाममा दलितहरूलाई सत्ताबाट वञ्चितिकरण गरेको हो फलस्वरूप दलितहरू आफ्नो अधिकार सत्तामा स्थापना गर्न असफल भए। १०४ वर्षे जहाँनिया राणा शासन, ३० वर्षीय पञ्चायती कालरात्री र २०४६ सालपछिको अस्थिर राजनीतिकै कारण दलितमात्र नभएर महिला, आदिवासी, जनजाती, अल्पसंख्यक, मधेसी लगाएतका पछाडि पारिएका समुदाय राज्यको पहुँचभन्दा बाहिर रहे तर अवको स्थीति राजनैतिक ढंगले भिन्नै छ। समय बदलिएको छ दलितहरू नीति निर्माणको थलोमा हजारौं विभेदरूपी पर्खालहरू तोडेर पुगिसकेको छैन तर पूर्ण भने छैन। अब पनि राज्य र दलहरूले दलित समुदायको मुद्दालाई उपेक्षा गर्लान् भन्ने मलाई लाग्दैन त्यसैले अवको नयाँ नेपालमा दलित समुदायलाई आरक्षण, विशेषाधिकार वा प्रगतिशिल आरक्षण जे शब्द प्रयोग गरिए पनि राज्यले हजारौं वर्षदेखि गरेको उत्पीडनको क्षतिपूर्ति स्वरूप सेना, प्रहरी, कर्मचारीतन्त्र तथा समग्र स्थानीय निकायदेखि माथिल्लो तहसम्म दलित समुदायलाई अनिवार्य सहभागिता सुनिश्चित गर्न विशेष नीति ल्याउनु पर्दछ। त्यसलाई सबै दलहरूले विना कन्जुस्याई लागू गर्न राज्य संयन्त्रलाई घच्घच्याउनु पर्दछ यसमा दलित सभासदहरूको विशेष भूमिका हुनुपर्दछ भन्ने हो।



## 'गैरसरकारी संस्था लक्षित वर्गप्रति इमान्दार छैनन्'

**विश्वभक्त दुलाल 'आहुति'**

सभासद्, जनमोर्चा नेपाल

**दलितहरूको वास्तविक स्थिति के छ ?**

आधारभूतरूपमा आर्थिक क्षेत्र, सामाजिक–सांस्कृतिक, राजनीतिक क्षेत्रका जे हुन् ती यथावतै छन्। आर्थिक क्षेत्रमा भूमिहीन र बेरोजगारी समस्या कायमै छ, राजनीतिक क्षेत्रमा पनि समानुपातितर्फ २० प्रतिशतको प्रतिनिधित्वको मुद्दा हो त्यो समाधान भएको छैन। परम्परागत पेसाहरू बालिघरे प्रथा समस्या कायमै छ। प्रशासनिक क्षेत्रमा पनि दलितहरूको कुनै व्यवस्था भएको छैन। सामाजिक–सांस्कृतिक क्षेत्रका कुरा गर्ने हो भने छुवाछूतजस्ता भेद्भावहरू कमजोर हुने अवस्था त सिर्जना हुन थालेको छ तर भेदाभाव पहिले जुन स्तरमा थियो त्यो अहिले पनि मोटामोटी त्यही स्तरमा छ। शिक्षामा पहुँच सामान्य पहिलाको जस्तै छ, केही परिवर्तन भएको छैन। त्यसकारणले सामान्यतया हेर्दाखेरि नेपाली दलितहरूका आधारभूत समस्या जहाँ थिए ती यथावतै छन्।

**राज्य तथा विकासमा दलित सहभागिताका बाधकहरू के–के हुन् ?**

राजनीतिक प्रणाली नै मुख्य रूपमा बाधक हो। राजनीतिक प्रणालीमा शासन र प्रशासनमा दलितहरूको समानुपातिक प्रतिनिधित्व नै प्रमुख कुरा हो। त्यो कुरा नै समाधान भएको छैन, त्यो समाधान नभएसम्म हरेक बाधाहरू रहिरहन्छन्।

**तपाई दलित सभासद् भएको नताले दलितहरूको सम्पूर्ण अधिकारका लागि अब बन्ने नयाँ संविधानमा तपाईंको भूमिका के रहन्छ ?**

हामीले आधारभूत समस्या जे छन् ती समस्याहरूलाई नै समाधान गर्न प्रयत्न गर्ने हो। त्यसको अर्थ के भने आर्थिक क्षेत्रमा भूमिहीनको समस्यालाई समाधान गर्ने हो। परम्परागत पेसाजन्य उद्योगहरूमा दलितहरूको अग्राधिकार कायम गर्न प्रयत्न गर्ने हो। बेरोजगारीको अन्त्य गर्न स्वभाविक रूपमा उनीहरूको शिल्पकारितालाई प्रवर्द्धन गर्ने र भूमिहीनतालाई अन्त्य गर्ने हो। त्यस्तै सरकारी, अर्द्धसरकारी, गैरसकारी निकायहरूमा उनीहरूको समानुपातिक प्रतिनिधित्वको व्यवस्था गर्न प्रयत्न गर्ने हो। राजनीतिक र प्रशासनिक क्षेत्रका साथै नीति निर्माण र लागू गर्ने थलोहरूमा दलितहरूको समानुपातिक प्रतिनिधित्व हुने राजनीतिक–सांस्कृतिक प्रणालीको व्यवस्था गर्नुपर्दछ। संघीय प्रणाली जस्तोसुकै भए पनि त्यो कुराको ग्यारेन्टी गरिनुपर्दछ। त्यस्तै सामाजिक–सांस्कृतिकको कुरा गर्दा छुवाछूत भेद्भावलाई मानवजातिको कलंकको रूपमा संविधानले स्वीकार गर्नुपर्‍यो। त्यसलाई सामाजिक अपराधको रूपमा परिभाषित गर्नुपर्‍यो र त्यहीअनुसार कानुनी दायराहरू निर्धारण गर्नुपर्‍यो। शिक्षा क्षेत्रमा पनि दलितहरूलाई छात्रवृत्तिसहित उच्च शिक्षासम्म निःशुल्क पढाउने व्यवस्था गर्नुपर्छ। यी कुराहरूलाई नयाँ संविधानमा व्यवस्था गर्नका लागि हामीले सदनदेखि सडकसम्म संघर्ष गर्ने हो।

**नेपालका अधिकतम दलित समुदाय भूमिबाट वञ्चित भइरहेको अवस्थामा भूमि उपलब्ध गराउनका लागि राज्यले कस्तो व्यवस्था गर्नुपर्ला ?**

पहाडमा अहिले पनि भूमिहीन दलितमध्ये २३ प्रतिशत शुद्ध भूमिहीन देखिन्छन्। ७७ प्रतिशत दलितसँग खान पुग्ने जमिन छैन। तराईको कुरा गर्ने हो भने ४४ प्रतिशत शुद्ध भूमिहीन, बाँकी दलितहरूसँग खान पुग्ने जमिन छैन। यो समस्यालाई समाधान गर्नका लागि क्रान्तिकारी भूमिसुधार वा वैज्ञानिक भूमिसुधारको लागि पहल गर्नुपर्दछ। त्यसो गर्दा पनि दलितहरूलाई अधिकतम प्राथमिकता तोकिनुपर्दछ। त्यसो नगर्ने हो भने त्यहाँ पनि सामान्तवादी प्रवृत्तिका कारण त्यसको फाइदा अरूले मात्र पाउन सक्छन्। दलितले नपाउने सम्भावना हुन्छ। त्यसकारण भूमिसुधार लागू गर्दा पनि दलितहरूलाई प्राथमिक क्रममा अग्रभागमा राख्यो भने मात्र भूमिको समस्या हल गर्न सकिन्छ नत्र सकिन्न।

**राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसकारी संस्थाहरूले दलितका नाममा विभिन्न कार्यक्रमहरू सञ्चालन गरिरहेका छन्। तर दलितभित्रका लक्षित वर्गसम्म पुऱ्याउन सकिरहेका छैनन् भन्ने गुनासो छ र यसको उपलब्धि जति हुनुपर्ने थियो त्यति भएको पनि छैन भनिन्छ। तपाईं गैरसकारी संस्थाहरूको कामका बारेमा केही बताइदिनुहोस् न।**

गैरसरकारी संस्थाहरूमार्फत् आउने रकम वा परियोजनाले दलितहरूको जीवनमा सामान्य सुधारात्मक काम त गर्न सक्छन् तर आधारभूत परिवर्तन ल्याउन सक्दैनन्। नेपालमा गैरसरकारी संस्थाहरूको आफ्नै खर्च परियोजनाको निश्चित वर्गमा पुग्नेभन्दा बढी छ। अधिकांश परियोजनाहरूमा केही रकम विदेशै फर्किएर जान्छ, केही प्रशासनिक खर्चमा बढी खर्च गरिन्छ। त्यसले गर्दा पनि आम दलित जनतामा पुग्दैन। अर्को कुरा के भने सबै गैरसकारी संस्थामा काम गर्ने व्यक्ति–व्यक्तित्व पनि सबै इमान्दार छैनन्। केही लक्षित वर्गप्रति इमान्दार छैनन् र आफ्नो वर्ग उठाउने कुरामा मात्र केन्द्रित देखिन्छन्। केही इमान्दार पनि छन् उनीहरूले गरेकाले कामहरूले केही सुधारका पहल भएको छ। त्यसले मूलभूत रूपमा समस्या समाधान गर्न सक्दैन थियो र सक्दैन पनि। हामीले मुख्य ध्यान राष्ट्रको परिवर्तनमा नै ध्यान दिनुपर्छ। त्यसरी राजनीतिक परिवर्तनमा नै दियो भने मात्र त्यसको उत्पादनहरूले परियोजनाहरूले पनि केही फाइदा गर्न सक्छन्।

**अहिले नउठिरहेको दलित समुदायका वृद्ध–वृद्धा**

**र बाल–बालिकाका लागि, उनीहरूको संरक्षण र अधिकारका लागि राज्यले कस्तो नीति लिनुपर्छ र तपाईंले यसबारे कुरा उठाउनुहुन्छ कि हुन्न ?**

यसमा दुइटा पक्ष होलान्– एउटा, तत्काल गर्नुपर्ने दलित बाल–बालिका र वृद्ध–वद्धाका लागि अस्थायी नीति ल्याउन प्रयत्न गर्ने कुरा एउटा हो, त्यो बजेटमार्फत पनि ल्याउन सकिन्छ। राज्यका मन्त्रालयअन्तर्गत विभिन्न बजेट तथा परियोजनामार्फत राहत दिन सकिन्छ तर त्यो प्रधान होइन। प्रधान कुरा दलितहरूको आधारभूत रूपमा दलितहरूका समस्या के छन् त्यो समाधान गर्ने दिशामा जान सकियो भने स्वभाविकरूपमा दलित बाल–बालिका र वृद्ध–वृद्धाका समस्या हल हुन्छन्



## 'निर्णयमा श्रमजीवि वर्गको अधिकार हुनुपर्दछ'

**विश्वेन्द्र पासवान**

सभासद् तथा केन्द्रीय अध्यक्ष, दलित जनजाति पार्टी

**दलितहरूको वर्तमान अवस्था के छ ?**

नेपाली दलितहरूको समग्रतालाई हेर्ने हो भने राज्यपक्षबाटै एकदमै विभेद गरिएको छ। नेपाली दलितहरू जातीय, क्षेत्रीय तथा सामाजिक, राजनीतिक, आर्थिक समस्याले गर्दा अपहेलित अवस्थामा छन्। वर्तमान परिस्थिति दलित र अन्य जात–जातिको पनि कानुन बन्ने अवस्था पनि हो। तर सहभागिता हेर्दा प्रतिशत आधारमा पनि समानुपातिक प्रतिनिधित्व छैन। त्यसैले पनि दलितहरू सामाजिक, जातीय रूपमा अमानित छन् र कानुनी रूपमा पनि बाहिर छन्। त्यसमा पनि दलित महिलाको अवस्था चिन्तनीय र दयनीय अवस्थामा छ। त्यसैले पनि सबै दलित महिलाहरूको निम्ति कानुन बन्नुपर्दछ र दलित महिलालाई दलित महिलाले नै चुन्नुपर्छ, जनजातिलाई जनजाति महिलाले नै र बाहुनक्षेत्रीलाई बाहुनक्षेत्रीले नै चुन्नुपर्छ। त्यसो भयो भने मात्र सही प्रतिनिधित्व हुनसक्छ र सही प्रतिनिधिले मात्र आफ्नो अधिकारका लागि आवाज बुलन्द गर्न सक्छ।

**राज्य संरचना र विकासमा दलित सहभागिताका बाधकहरू के–के हुन् ?**

जातिवाद, मनुवाद, पूँजीवाद, एकाधिकारवाद, सामान्तवादी चरित्र मुख्य बाधक हुन्। सर्वहारा वर्गीय राजनीतिभित्र कम्युनिस्टहरू पनि छन् तर सबै सर्वहारा छैनन्। त्यसो हुनाले जो कांग्रेस छन्, पूँजीको विकासमा उनीहरू अगाडि छन् तर पूँजी नहुनेहरूका निम्ति उनीहरूले काम गरिरहेका छैनन्। अहिले न्यूनतम कुरा उठाउनुपर्ने हो भने मानवीय सम्मान, जातीय सम्मान, पहिचान, मर्यादा लगायतका कुरा छन्। दण्डहीनताको अन्त्य भएको छैन, दण्डहीनताको अन्त्य नभएपछि दलितहरूले पीडाबाट मुक्ति पाउने नै देखिँदैन। किनभने आदिम युगदेखि वर्तमानसम्म आइपुग्दा एउटा व्यक्तिको परिवार, एउटा परिवारको मान्छेमात्र शासक हुँदै आएको अवस्था हो र त्यसका आसेपासे भएर आएका जातिहरू हुन्। संविधानसभामा हाम्रो प्रतिनिधित्व बढी छैन त्यसमा पनि जातीय रूपमा र पार्टीगत रूपमा जो आउनुभएको छ उहाँलाई राजनीतिक रूपमा राजनीतिक दलले अंकुश लगाउन सक्छ। एउटा चुनौती के छ भने हामी जुन–जुन वर्गबाट आएका छौं, संविधानसभामा त्यो वर्ग अधिकारका निम्ति पार्टी हितलाई बाहिर छोडेर वा माथि उठेर जाति र माटोका निम्ति हामीले कानुन बनाउनुपर्छ। हाम्रो पार्टीको धारणा के छ भने महिलाका सवालमा जन्मजात दलित महिलाहरूलाई गर्भवती हुनेबित्तिकै १० हजार तलब हुनुपर्‍यो १७ महिनासम्मका लागि। जन्मनेबित्तिकै छोरीका लागि कार्डको व्यवस्था हुनुपर्‍यो, राज्यले गरिब, निमुखा, असहाय, उत्पीडित वर्गका लागि रासन कार्डको साथै रोजगारीको पनि व्यवस्था गर्नुपर्‍यो। निःशुल्क स्वास्थ्य, शिक्षाको व्यवस्था गर्नुपर्छ। भूमि, जल, जंगल र स्रोतसाधनका साथै सरकारको निर्णय र कार्यान्वयन तहमा दलितको सहभागिता भयो भने यो मुलुक समृद्धि र शान्त हुन सक्छ भन्ने हामीलाई लाग्छ।

**नयाँ संविधानमा सभासद् भएको हैसियतले तपाईंको भूमिका के हुनसक्छ ? दलित, मधेसी र अल्पसंख्यकको प्रतिनिधित्वका लागि कस्तो पहल गर्नुहुन्छ ?**

हामी लिबरल डेमोक्रेटिक प्रणालीबाट मुलुकका नियमहरू बन्नुपर्छ भन्ने पक्षमा छौं। अन्तरिम संविधानमा धेरै धारा र उपधाराहरू बाझिएका छन् र दोहोरो अर्थ लाग्ने अनि उदार भएर संविधान प्रस्तुत हुने अवस्था देखिन्न। त्यसो भएको हुनाले जातीय जनसंख्याका आधारमा सबै क्षेत्र र जातजातिलाई समेटेर राउन्ड प्रेसिडेन्ट सिस्टम एन्ड राउन्ड चियरिङ प्राइममिनिस्टर सिस्टममा जानुपर्छ। दोस्रो कुरा के हो भने स्टेट लेवलमा जाँदाखेरि चिफ मिनिस्टर बन्दाखेरि अर्कोपटक अर्को बन्ने राउन्ड सिस्टममा जानुपर्छ। त्यसो गर्दा सबै जाति र क्षेत्रका व्यक्तिहरूको प्रतिनिधित्व हुन्छ। गाउँदेखि केन्द्रीय स्तरसम्म सबैको प्रतिनिधित्वको संवैधानिक ग्यारेन्टी गर्ने संविधान हामी बनाउन चाहन्छौं। तर ड्ुयाडेरल स्टेटमा हामी बढी जोड दिन्छौं। नेपालीको जुन हैसियत छ त्यो हैसियतलाई बुझेर पूँजीको विकास गर्नुपर्छ। हामीबीच जुन धनी र गरिबको असमानता हो त्यो पूँजीको विकासबिना सम्भव छैन। जाति विभेद अन्त्यका लागि सांस्कृतिक क्रान्ति जरूरी छ। तर सांस्कृतिक क्रान्ति गर्दाखेरि दोहोरो अर्थ लाग्ने गरेर त्यसो गर्नुहुँदैन। दलितभित्रको अन्तरजातीय विभेद अन्त्य हुनुपर्छ। गैरदलितभित्रको विभेद पनि अन्त्य हुनुपर्छ। कुनै ठाउँमा पनि जातीय विभेद गर्न पाईंदैन। त्यसका निम्ति कडा कानुन बन्नुपर्छ, यो हाम्रो मान्यता हो।

**अधिकतम दलितहरू भूमिहीन छन्, भूमिअधिकारको ग्यारेन्टी गर्नका लागि तपाईंको प्रतिबद्धता र पहल कस्तो हुन्छ ?**

भूमिअधिकारका निम्ति असमान भूमि वितरण छ, त्यो रोकिनुपर्छ। सम्पत्तिका सवालमा राष्ट्रियकरण हुने भूमि हो दरबारको सम्पत्ति, गुठीको सम्पत्ति र विभिन्न नाममा राखिएका राष्ट्रिय सम्पत्ति राष्ट्रियकरण गर्नुपर्छ। त्यस्तो सम्पत्ति वा जमिनमा मिहिनेत गर्ने, श्रमिक दलित वर्ग र गरिबहरूको निर्णयको अधिकार हुनुपर्छ। उनीहरूले त्यो जमिनमा भोग्न र उपयोग गर्न पाउनुपर्छ भन्ने हाम्रो मान्यता छ। यसलाई म संविधानसभामा कडारूपमा उठाउँछु र यो पास गराउन प्रयास गर्नेछु।



## 'लाखौं दलितहरूको पक्षमा काम गर्नेछु'

**शम्भु हजारा पासवान**

सभासद्, नेपाली कांग्रेस

**राज्यमा दलितहरूको सहभागिता र पहुँच बढाउन राज्यले के–के गर्नुपर्छ ?**

हाल संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भइसकेको छ। सबै दल र राज्यसत्ताले पनि सबैको सहभागिता हुनुपर्छ भन्ने प्रतिबद्धता जाहेर गरिसकेका छन्। त्यसकारणले दलित समुदायले

पार्टीको वर्गीय संगठनका तर्फबाट होस् वा आफू संलग्न संघसंस्थामार्फत अथवा दलित नागरिक समाजका तर्फबाट नै किन नहोस्, एकजुट भएर दलितका समस्याहरूलाई अगाडि बढाउनु आवश्यक छ। सबैको आवाज एउटै हुनुपर्छ। अझ पनि दलित साथीहरू सदनमा पुग्नुभएको छ, केही बाहिर हुनुहुन्छ, सदनमा पनि दलित समुदायको हितका लागि संघर्ष गर्नुपर्ने हुन्छ र बाहिर भएका साथीहरूले सडकमा संघर्ष गर्नुपर्ने अवस्था छ।

**तपाईं दलित सभासद् भएको नाताले अब बन्ने नयाँ संविधानमा दलितहरूको अधिकार स्थापना गर्न तपाईं र तपाईंको पार्टीको भूमिका के हुन्छ ?**

समग्र दलित, विभिन्न पार्टीका वर्गीय संगठन, दलित नागरिक समाज, विभिन्न संघसंस्थाहरूले जुन साझा एजेन्डा तयार गर्छन्, त्यो एजेन्डाप्रति नेपाल दलित संघ प्रतिबद्ध छ। पार्टीले त्यसलाई अवरोध पुऱ्याउन खोज्यो भने पार्टीबाट पनि छिरेर अगाडि बढ्छौं।

**सामाजिक परम्परा– बालिघरे, हलिया, डोलीप्रथा जस्ता परम्परागत प्रथाहरू अन्त्यका लागि राज्य र तपाईंको भूमिका के हुनुपर्छ ?**

यसका लागि हामीले लामो समयदेखि आवाज उठाउँदै आएका छौं। यो निरंकुश परम्परा हो। यसलाई चिरेर अगाडि बढ्नुपर्छ। यस्ता प्रथाको अन्त्य गर्नुपर्छ। विभिन्न सबै राजनीतिक दलहरू, राज्यसत्ता, संगठन सबैबाट यो कु–प्रथा हो भनेर आवाज उठेको छ। पक्कै पनि यो अन्त्य हुन्छ।

**दलित बस्तीमा सरकारी तथा गैरसरकारी संस्थाले सीपमूलक र आयमूलक तालिमहरू प्रदान गर्दै आएका छन्। यी कुराहरूले उनीहरूको जीवनस्तरमा केही सुधार आएको जस्तो लाग्छ या लाग्दैन ?**

विभिन्न तालिम र जनचेतना कार्यक्रमहरू सञ्चालन भएका छन् तर सञ्चालन गरेर मात्र पुग्ने अवस्था छैन। अधिकांश दलितको पेट भर्ने अवस्था छैन। उनीहरूले कुरा सुन्छन् तर केही गर्न सक्ने अवस्था छैन। सबैभन्दा पहिले तिनीहरूको आर्थिक स्थिति सुधार्नुपऱ्यो।

**मधेसमा दलितभित्रका पनि दलित छन्, अल्पसंख्यक मुसहर, डोम, चमार लगायतलाई मूलधारमा ल्याउनका लागि राज्य र अन्य दलितको भूमिका के हुनुपर्छ ?**

मधेसका दलितहरू धेरैजसो कृषि मजदुरको रूपमा छन्। उनीहरूको न कुनै बासको व्यवस्था छ न कुनै जमिन छ। हलिया प्रथाको रूपमा जमिन्दारहरूकोमा काम गर्ने र दुई छाक टार्ने काममात्र भइराखेको छ। राज्यबाटै तिनीहरूलाई भूमिको व्यवस्था गरिनुपर्छ, अनिमात्र तिनीहरू अगाडि आउन सक्छन्।

**देश छुवाछूत मुक्त राष्ट्र भइसकेको छ तथापि छुवाछूतजन्य घटना भइराखेको छ। नेतृत्व र दलहरू मौन बसिरहेको अवस्था छ, तपाईं के भन्नुहुन्छ ?**

छुवाछूत मुक्त राष्ट्र घोषणा गरेर मात्र पुग्दैन। राज्यले छुवाछूतका विरूद्ध कडाभन्दा कडा कानुन निर्माण गर्नुपर्छ। यसलाई कार्यान्वियन तहमा गएपछिमात्र अन्त्य हुन्छ नत्र अन्त्य हुने सम्भावना छैन।

**सभासद् भएको हैसियतले लाखौं दलितप्रति कस्तो प्रतिवद्धता व्यक्त गर्नुहुन्छ ?**

लाखौं दलितहरूभन्दा म बाहिरको मान्छे होइन। म दलित समुदायको सहयोगबाट संविधानसभामा पुग्न सकेको छु। उहाँको चिन्ता छ, विचार छ, उहाँहरूको मनसाय छ, त्योविपरीत म जान सक्दिन। उहाँको विचारलाई जस्तोसुकै हालतमा पनि यो संविधानमा राख्न आफ्नो प्रतिबद्धता जाहेर गर्दछु।



## 'अन्याय विरूद्ध संगठित रूपले प्रतिकार गर्नुपर्दछ'

**दुर्गा सोव**

अध्यक्ष, दलित महिला संघ

**दलितहरूको सहभागिता किन आवश्यक छ र कुन–कुन कुरामा सहभागिता जरूरी छ ?**

दलित पनि राज्यका अधिकारको हकदार हो। यसकारण पनि हरेक क्षेत्रमा उसको सहभागिता हुनुपर्छ भन्ने मान्यता हो। एउटा हकदारको हिसाबले पनि राज्यका सबै अंगमा उसको सहभागिता हुनुपर्छ। अर्को कुरा दलितलाई न्याय दिनका लागि, दलितका पक्षमा नीति निर्माण गर्नका लागि, कार्यान्वयन गर्नका लागि दलितहरूको सहभागिता चाहिन्छ भन्ने हो। त्यो सहभागिता राज्यका हरेक क्षेत्र र निकायमा हुनुपर्छ। त्यसका साथै निजी क्षेत्र र गैरसकारी निकायहरूमा पनि दलित सहभागिता चाहिन्छ। हामी सरकारीस्तरमा मात्र कुरा गरिराखेका छौं तर ठूलो क्षेत्र ओगटेको निजी क्षेत्र छ। त्यहाँ पनि दलितहरूको सहभागिता हुनुपर्छ। सहभागिताले मात्र वर्गीय प्रतिनिधित्व हुन्छ। प्रतिनिधिले आफ्नो काम कारबाहीलाई अगाडि बढाउँछ र दलितहरूका आवाजलाई सम्बन्धित निकायसम्म पुऱ्याउँछ। तेस्रो कुरा, रोजगारी पनि दलितहरूको ठूलो समस्या हो। दलितलाई हरेक क्षेत्रमा राख्न सकियो भने उनीहरूको आर्थिक क्षेत्रलाई सबलीकरण गर्न सकिन्छ भन्ने मलाई लाग्छ।

**विकासमा दलितहरूको सहभागिता बढाउन राज्यले के कुरामा विशेष ध्यान दिनुपर्छ ?**

राज्यले विशेष कार्यक्रम ल्याउनुपर्छ। दलितहरूलाई शिक्षामा विशेष जोड दिनुपर्छ। उच्च शिक्षाका लागि आर्थिक कारणले गर्दा सम्पूर्ण दलितहरू वञ्चित हुनुपरेको छ। थोरै पढेकाहरूले पनि रोजगारीबाट वञ्चित हुनुपरेको छ। जहिलेसम्म दलितहरू नीति निर्माणको ठाउँमा पुग्दैनन् तबसम्म उनीहरूको विकास निर्माणमा सहभागिता हुँदैन। नीति निर्माणसँगसँगै कार्यान्वयनमा पनि उनीहरूलाई पुऱ्याउनुपर्छ।

**दलितहरूमा विद्यमान बालिघरे, कमैया, कमलरी, डोली, छाउपडी लगायतका प्रथाहरूको समूल अन्त्यका लागि अधिकारकर्मी, समुदाय र राज्यको कस्तो भूमिका हुनुपर्छ ?**

भनिन्छ, अन्याय गर्नेभन्दा सहने ठूलो अपराधी हो। वास्तवमा दलितभित्र त्यही कमजोरी छ। पीडा दिएको, शोषण गरेको थाहा पाउँदा पाउँदै पनि हामी प्रतिकार गर्न सक्दैनौं। समुदायले प्रतिकार गर्ने क्षमता अभिवृद्धि गर्नुपऱ्यो। हामी कसैको दास होइनौं, हामी अधिकारका हकदार हौं। त्यसैले त्यो कुरालाई प्रतिकार गर्ने हामीसँग क्षमता हुनुपऱ्यो। यसका लागि हामीहरू संगठित हुनुपऱ्यो। दलितका नाउँमा समाजमा हुने गरेका भेद्भाव, अन्याय र अत्याचारविरूद्ध सबै मिलेर प्रतिकार गर्नुपऱ्यो। यस्तो गर्नेलाई राज्यले नै कानुनी कारबाही गर्नुपर्छ। र विद्यमान कुप्रथाहरूको उन्मूलन गर्नु पनि राज्यकै दायित्व हो। सामाजिक क्षेत्रमा लाग्ने अधिकारकर्मीले पनि यस्ता कुराहरूमा ध्यान पुऱ्याउनुपर्छ।

**तपाईं दलित महिला भएको नाताले आम दलित महिलाहरूको अधिकार रक्षा र प्राप्तिका लागि कस्तो पहल गरिरहनुभएको छ र अब के गर्नुहुन्छ ?**

आफ्नो हैसियतले भ्याएसम्म, विगतका १५–२० वर्षदेखि यही क्षेत्रमा लागिपरेको छु। दलित महिलाका सवालमा अझै पनि कुरा उठ्न सकेका

छैनन्। र यसका लागि अहिले हाम्रो प्रयास भइरहेको छ। नेपालमा सबैभन्दा बढी मानवअधिकार हनन, उत्पीडन र विभेद सहन बाध्य भएको महिला समुदाय भनेको नै दलित महिला समुदाय हो। यसर्थ महिलाहरूलाई जागरूक बनाउन हामी क्रियाशील छौं। तर यसको मूल निकास दिने भनेको राज्यले नै हो। जबसम्म दलित महिलाका समस्याको सम्बोधन राज्यबाट हुँदैन, तबसम्म यो वर्गको विकास सम्भव छैन। हामी यसका लागि हरतरहबाट प्रयत्नशील छौं।

**नेपालमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका थुप्रै दलित तथा गैरदलित संस्थाहरू कार्यरत छन्। तिनले दलितहरूका बीचमा केही न केही कार्यक्रमहरू लगेका पनि छन्। ती कार्यक्रमले उनीहरूको जीवनस्तरमा कतिको परिवर्तन आएको छ ?**

गैरसरकारी संस्थाहरूले सुधारमुखी कार्यक्रम ल्याएका छन्। उनीहरूका कार्यक्रमले दलितलाई अधिकारसम्पन्न बनाउने पनि हो। अहिले हामी वकालत गरेर हिँडिरहेका छौं। दलितका हक, हित संरक्षण गर्नका लागि वकालत गर्ने र जनमानसमा ल्याउने काम गैरसरकारी संस्थाहरूले गरिरहेका छन्। तिनीहरू केही हदसम्म दलितका हक, हित स्थापित गर्न सफल भएका पनि छन्। तर त्यो मात्र पर्याप्त होइन। अझै पनि गैरसकारी क्षेत्रबाट धेरै कुराको अपेक्षा गर्ने ठाउँ छ। काम गर्दा गर्दै पनि प्रयास कम भएको हो भन्ने महसुस गरेको छु।



**'दलितहरूको वाहुल्य भएको क्षेत्रमा जातीय स्वशासन आवश्यक छ'**

**गौरा नेपाली**

दलित महिला अधिकारकर्मी

**दलित समुदायको अवस्थालाई कसरी हेर्नु भएको छ ?**

नेपालमा दलितहरूको अवस्था कानुनी रूपमा केही परिवर्तन भए पनि व्यवहारिक रूपमा परितर्वन भएको छैन। कानुनी रूपमा २०२० को मुलुकी ऐनले जातीय विभेदलाई उन्मूलन गरेको थियो। २०२७ सालको संविधान र ०६४ सालको अन्तरिम संविधानले पनि जाति, भाषा, वर्ण र लिंगका आधारमा विभेद गर्न नपाइने उल्लेख गरेको छ। तर व्यवहारमा हेर्दा दलित भएकै कारण देशको विभिन्न ठाउमा दलित माथि कुटपिटदेखि लिएर ज्यानसमेत लिने काम भएको छ। सार्वजनिक ठाउँमा विभेद गर्न नपाइने कानुन भए पनि होटल, मन्दिर, धारा, कुवा, स्कुललगायतका ठाउँमा दलितहरू अपमानित हुने र कुटिने क्रम जारी छ। आज पनि दलितहरू कुनै ठाउँमा धारा कुवाको पानी खानाबाट वञ्चित छन्। कुनै ठाउँमा स्कुलमा हुने विविध कार्यक्रममा भाग लिनबाट वञ्चित छन्। कुनै ठाउँमा होटलमा खान खाएर भाँडा माझ्न बाध्य छन्, कोही ठाउँमा विवाहमा डोली चढ्नबाट वञ्चित छन्। ०६२/०६३ को जनआन्दोलनपछि यि विभेदबाट छुटकारा पाउने आशा गरेको थिए। तर विभेद यथावत् छ। २० प्रतिशत समानुपातिक प्रतिनिधित्वको माग राखेर दलितले सडक संघर्ष, शान्तिपूर्ण आन्दोलन पनि गरे तर अन्तरिम संविधानमा लिखित रूपमा १३ प्रतिशतको मात्र व्यवस्था गरियो। सरकारले १३ प्रतिशत लिखित भए पनि सम्पन्न संविधानसभाको निर्वाचनमा ८.५ प्रतिशत मात्र दलितको प्रतिनिधित्व छ। यो सामन्तवादी संरचना रहँकदासम्म दलितलाई घुमाइफिराई अधिकारबाट वञ्चित गर्ने खेल भई नै रहन्छ।

**दलित समुदायको पहुँच तथा सहभागिता बढाउन राज्यले के–के कुरामा विशेष जोड दिनुपर्छ।**

दलितहरूको उत्थान र मुक्तिका लागि राजनैतिक, आर्थिक, शैक्षिक, सामाजिक लगायतका क्षेत्रमा २० प्रतिशत प्रतिनिधित्वको ग्यारेन्टी गर्नुपर्दछ। दलितहरूको बाहुल्य भएको क्षेत्रमा जातीय स्वशासन हुनुपर्छ। छुवाछूत प्रथालाई व्यवहारमै उन्मूलन गर्न विशेष जोड दिनुपर्छ। शिक्षा, स्वास्थ्य र रोजगार जस्ता आधारभूत कुराहरूलाई मौलिक अधिकारको मान्यता दिनुपर्छ। तब मात्र दलितहरूको पहुँच बढाउन सकिन्छ।

**दलितको नाममा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसकारी संस्थाहरूले विभिन्न सवालमा काम गरिरहेका देखिन्छन् तर यसको उपलब्धि भने खासै छैन भनिन्छ, यथार्थ के होला ?**

हो, जति पैसा दलितको नाममा आउँछ त्यसको तुलनामा उपलब्धि कम छ। यसमा पनि के छ भने जो अशिक्षित र गरिब दलित छन् तिनीहरूबीच कुनै पनि संघ-संस्था पुगेका छैनन् र हाम्रो देशमा ती दलितको संख्या धेरै छ। संघ-संस्था दुर्गम र पिछडिएका दलितहरूको बीचमा जान सकेका छैनन्। दलितभित्रै पनि जो टाठा-बाठा छन् तिनीहरूले नै सबै अवसर लिन्छन्। तर पिछडिएका दलितहरू पछिको पछि नै छन्। संस्थाहरूले धेरै पैसा तारे होटलमा खर्च गर्दछन्। त्यही तारे होटलमा खर्च गर्ने पैसा सामान्य ठाउँमा कार्यक्रम गरेर एउटा गरिब दलितलाई पढाइदिए त्यो भविष्यमा एउटा सक्षम नागरिक हुन्थ्यो। कयौं दलितका बच्चाहरू एसएलसी सकेर माथि पढ्न नसकी बीचमै पढाइ छाडेका छन्। त्यहाँ कुनै संघ-संस्थाको ध्यान जाँदैन। तारे होटलमा कति खर्च गर्ने, कति फाइदा हुँदा कति भत्ता दिने भन्ने छलफल धेरै हुन्छन्। त्यसकारण लगानी दीर्घकालीन उपलब्धिका लागि होस् भन्ने हाम्रो चाहना हो।

**दलित महिलाहरूलाई समान ढंगले विकासमा सहभागी बनाउन के-कस्तो नीति बनाउनुपर्ला ?**

हाम्रो देशमा महिलाको स्थिति साह्रै दयनीय छ अझ दलित महिलाको स्थिति त झनै दयनीय छ। आर्थिक सामाजिक राजनैतिक, शैक्षिक, हरेक क्षेत्रबाट दलित महिलाहरू पूर्ण रूपमा वञ्चित छन् त्यसका लागि राज्यले निःशुल्क शिक्षाको व्यवस्था गर्नुपर्छ। राज्यका हरेक तहमा महिलाभित्र पनि दलित महिलालाई विशेष व्यवस्था हुनु जरूरी छ। दलित महिलालाई सक्षम बनाउन र समान ढंगले अगाडि ल्याउनका लागि राज्यले सोच्न जरूरी छ।



**'विगतमा राज्यले दलितहरूलाई माथि ल्याउन चाहेन'**

**कलावती पासवान**

सभासद्, जनअधिकार फोरम

**मधेसी दलित समुदायलाई नेपालको विकासको मूलधारमा सहभागी गराउन राज्यले के गर्नुपर्दछ ?**

दलित समुदायलाई नेपालको मूल प्रवाहमा ल्याउनका लागि भारतमा जस्तो राष्ट्रपति बनाउनुपर्छ। नेपालमा दलित समुदायलाई कहिल्यै राज्यले माथिल्लो तहमा ल्याउन चाहेन। जहिले पनि दलितलाई तल्लो तहमा नै राख्न खोज्यो। त्यसैले पनि दलितहरू पिछडिएका हुन्। भारतमा जस्तो रामविलास पासवान, मायावती जस्ता नेताहरू राज्यले बनाउन चाहेन। यहाँका राजनीतिक पार्टीहरू भाषणमा मात्र दलितका कुरा उठाउँछन् तर जब कार्यान्वयन गर्नुपर्छ तब केही पनि गर्दैनन्। नेपालको प्रधानमन्त्री गैरदलित हुन्छ भने दलितचाहिँ किन प्रधानमन्त्री बन्न हुँदैन। त्यसो

गर्न र दलितको अधिकार सुनिश्चित गर्नका लागि पनि दलितबाट राष्ट्रपति बन्नुपर्छ भन्ने हो। जनजाति, आदिवासी र दलितहरू नेपाल २ सय ४० वर्षदेखि पीडित छन्। त्यसैले उनीहरूको विकासका लागि दलितलाई माथिल्लो तहमा पुऱ्याउनुपर्छ। त्यसका लागि राज्यले दलितलाई आर्थिक, राजनीतिक, शैक्षिक क्षेत्रमा विशेष जोड दिनुपर्छ।

**राज्यका हरेक निकायमा मधेसी दलित समुदायलाई समान ढंगले प्रतिनिधित्व गराउन कस्तो नीति आवश्यक पर्दछ ?**

राज्यको हरेक क्षेत्रमा समानुपातिक रूपमा प्रतिनिधित्वको व्यवस्था नहुन्जेलसम्म दलित समुदाय अगाडि बढ्न सक्दैन। दलितहरूका क्षेत्रमा गैरदलितलाई उठाउनु हुँदैन। त्यहाँ दलित नै उठ्नुपर्दछ। तबमात्र दलितहरूको सही प्रतिनिधित्व हुन्छ। सरकारले दलितलाई हरेक निकायमा पुऱ्याउने ग्यारेन्टी गर्नुपर्छ र त्यसलाई कार्यान्वियन पनि गर्नुपर्छ। शिक्षा र जनचेतनाको अभावमा निष्क्रिय रहेका दलितहरूलाई शिक्षा र जनचेतनाले जागरूक गर्नुपर्दछ। तबमात्र दलितहरू आफ्नो अधिकारका लागि जागरूक हुनसक्छन् र अधिकार पाउनका लागि लड्छन्। दलितका अधिकार सुनिश्चित गर्नको लागि रोजगार, शिक्षा र स्वास्थ्य निःशुल्क हुनुपर्छ। अझ शिक्षामा त दलित विद्यार्थीलाई उच्च शिक्षासम्म निःशुल्क व्यवस्था गर्नुपर्छ। समाजमा पढेका दलितहरू नभएका होइनन् तर गैरदलितहरूले उनीहरूलाई माथि उठ्न दिएका छैनन्। यसैले तिनलाई प्रमुख प्राथमिकतामा राख्नुपर्छ। वैदेशिक अध्ययनका लागि सरकारी स्तरमा आउने कोटाहरूमा कपनि दलितलाई प्राथमिकता दिनुपर्छ। भूमिहीन दलितलाई भूमिको व्यवस्था गर्नुपर्छ। अझ सबै दलितलाई गाँस, बास र कपासको व्यवस्था गर्नुपर्छ।

**अब बन्ने संविधानमा आमदलितका सवाललाई कसरी समेट्नुपर्छ र कुन-कुन कुरामा संविधान लेखिनुपर्दछ ?**

राज्यका सबै अंग तथा निकायमा दलितको समान सहभागिता हुनुपर्दछ। जति पनि पिछडिएका मधेसी दलितहरू छन्, उनीहरूलाई शिक्षाको व्यवस्था गर्नुपर्छ। सबै सरकारी, गैरसरकारी, संस्थाहरूमा दलितलाई रोजगारीको ग्यारेन्टी गर्नुपर्छ। अब बन्ने संविधानमा यी कुराको ग्यारेन्टी गर्नुपर्छ। जबसम्म विधानतः यी कुरामा ग्यारेन्टी हुँदैन तबसम्म दलितहरू माथि उठ्न सक्दैनन्। अझ महिलालाई यी कुरामा विशेष ध्यान दिनुपर्छ। नपढेका दलित महिलालाई सीपमूलक तालिमको व्यवस्था गर्नुपर्छ। राजनीतिक पार्टीभित्र पनि अहिलेसम्म नातावाद र कृपावादले प्राथमिकता पाएको देखिन्छ। तर अबका दिनमा दलितहरूको पनि माथिल्लो तहसम्म पहुँच हुन जरूरी छ। त्यसको लागि अब बन्ने संविधानमै ग्यारेन्टी गरिनुपर्छ।

**तपाई मधेसबाट प्रतिनिधित्व गर्ने दलित महिला सभासद् हुनुहुन्छ तपाईंले मधेसी दलितहरूका बीचमा कस्तो प्रतिबद्धता जाहेर गर्नुहुन्छ ?**

जबसम्म दलितहरूको सही प्रतिनिधित्व हुँदैन तबसम्म अधिकार सुनिश्चित हुँदैन। जबसम्म दलितबाट सरकार प्रमुख र राष्ट्रपति बनाइदैन, तबसम्म दलितको केही हुनेवाला छैन। हाम्रो पनि अधिकार छ राष्ट्रप्रमुख हुने। त्यसको कानुनतः अनि व्यवहारतः प्रत्याभूति हुनुपर्दछ।

**अन्त्यमा मधेसी दलित समुदायलाई के भन्न चाहनुहुन्छ ?**

मलाई मधेसवासी र जनअधिकार फोरमले जिताएर पठाएका छन्, उनीहरूलाई धन्यवाद दिन चाहन्छु। हाम्रो अधिकार सुनिश्चितताको लागि जस्तोसुकै लडाइं लड्न पनि म तयार छु। हाम्रा सबै मधेसवासी दलित समुदायको अधिकारका लागि म हरदम तपाईंहरूको साथमा रहनेछु।



## 'दलितहरूमध्ये पनि गन्धर्व समुदायलाई पहिलो प्राथमिकतामा राखियोस्'

**पम्फा गन्धर्व**

गन्धर्व कला केन्द्र

**गन्धर्व समुदायलाई विकासको मूलधारमा सहभागी बनाउन राज्यले के गर्नुपर्ला ?**

गन्धर्व समुदायलाई विकासको मूलधारमा सहभागी गराउन हामीलाई राजनीतिक, आर्थिक र सामाजिक क्षेत्रमा राज्यले अवसर प्रदान गर्नुपर्दछ। दलित समुदायभित्र पनि ओझेलमा पारिएका गन्धर्व समुदायलाई पहिलो प्राथमिकताको सूचीमा राख्नुपर्दछ र उनीहरूलाई तल्लो निकायदेखि माथिसम्म समान ढंगले राज्यमा अवसर दिलाइनुपर्दछ, तबमात्र उनीहरूले देशनिर्माणमा सहभागी हुने अवसर पाउनेछन्।

**गन्धर्व समुदायका लागि राज्यले के गर्नुपर्ला ?**

आर्थिक, राजनीतिक, सामाजिक सबै क्षेत्रमा गन्धर्व समुदायलाई हेर्नुपर्छ। उनीहरूलाई रोगजारीमा ग्यारेन्टी गर्नुपर्छ। आर्थिक स्थिति ज्यादै नाजुक भएकाले उनीहरूलाई शिक्षा, स्वास्थ्य, रोजगारीमा विशेष जोड दिनुपर्छ। उनीहरूमा चेतनाको कमी छ। जबसम्म शिक्षाबाट वञ्चित भइरहन्छन् तबसम्म उनीहरूले केही पनि गर्न सक्दैनन्। त्यसैले गर्दा पनि उनीहरूका लागि तल्लो तहदेखि उच्च शिक्षासम्मै निःशुल्क गर्नुपर्छ।

**अब बन्ने नयाँ संविधानमा गन्धर्व जातिका तर्फबाट के-के कुरा राखिनुपर्ला ?**

सर्वप्रथम त उनीहरूलाई नेतृत्व तहमा लग्नुपऱ्यो। जबसम्म नेतृत्व तहमा पुग्दैनन् तबसम्म गन्धर्व समुदायको विकास हुन सक्दैन। सबै जातिबाट नेतृत्व तहमा पुगिसकेका छन् तर गन्धर्व अहिलेसम्म पुग्न सकेको छैन। गन्धर्वलाई जहिले पनि मनोरञ्जनको साधनको रूपमा मात्र लिइएको छ। त्यसैले पनि राज्यले उसलाई नेतृत्व तहमा नपुऱ्याएको हो। नेतृत्वमा नपुगेसम्म उनीहरूको बारेमा कसैले पनि लेख्नेवाला छैन। त्यसैले पनि उनीहरूलाई संविधानसभा सदस्यमा मनोनीत गर्नुपर्छ भन्ने लाग्छ। तबमात्र हाम्रो माग सम्बोधन हुनेछ।

**नयाँ संविधानबाट तपाई के आशा गर्नुहुन्छ ?**

नयाँ संविधानले दलितहरूका मुद्दालाई समग्र रूपमा सम्बोधन गरोस्। त्यसमा पनि दलितभित्र हराइरहेका गन्धर्व, वादी समुदायलाई विशेष प्रकारले अधिकार प्रदान गरोस्। मुलुकमा शान्ति, स्थिरता र सुव्यवस्था कायम होस्। दलितहरूको आर्थिक, सामाजिक, राजनैतिक सांस्कृतिक, शैक्षिक एवं भूमि अधिकारको ग्यारेन्टी गरियोस्। जातीय विभेद, चरम शोषण र दलित महिलालाई मनोरञ्जनका साधन बनाउने कु-प्रथामाथि पूर्ण बन्देज गरी कडा कानुनको व्यवस्था गर्नुका साथै पुनःस्थापना गरिनुपर्दछ। वादी र गन्धर्व समुदायका वालबच्चाहरूलाई सहजै नागरिकता प्रदान गरिनुपर्दछ र भूमिको व्यवस्था गरिनुपर्दछ।



## 'सूचनाको हकसम्बन्धी ऐनलाई कार्यान्वयन गर्न खबरदारी गर्नेछु'

**विनोद पहाडी**

सभासद्, नेकपा (माओवादी)

**के दलितहरूको अवस्था विगतको भन्दा अहिले फेरिएकै हो ?**

राजनीतिक रूपले दलितहरूको अवस्थामा अकल्पनीय परिवर्तन आएको हो। आर्थिक, सामाजिक, शैक्षिक, सांस्कृतिक रूपले दलितहरूको जीवनस्तरमा खासै फरक आउन सकेको छैन। दस वर्षको महान् जनयुद्ध र त्यसमा दलित समुदायको ठूलो त्याग र बलिदानले अहिले राजनीतिक क्षेत्रमा सबैले दलित समुदायलाई सम्झनैपर्ने भएको छ। यो विगतको तुलनामा उल्लेख्य उपलब्धि हो। जल, जमिन, जंगललगायत स्रोत र साधनमाथि दलित समुदायको अधिक पहुँच पुग्न सकेको छैन। समावेशीका नाममा दलितहरूलाई मिसाउने काम भएको छ। यी सबै कुराहरूमा आमूल परिवर्तन हुनुपर्छ। हजारौंको संख्यामा दलितहरू भूमिहीन छन्, घरबारविहीन छन्। यो अवस्थामा ठोस उपलब्धि मान्न सकिन्न।

**राज्यको पुनःसंरचनासँगै दलितहरूको समान सहभागिताको कुरा उठेको छ, किन र कुन–कुन क्षेत्रमा समान सहभागिता जरूरी छ ?**

राज्यका हरेक अवसरहरू निश्चित जाति र वर्गले मात्रै एक्लैटीरूपमा ओगट्दै आएका थिए। दलित, महिला, आदिवासी जनजाति, तराई–मधेसलगायत सिमान्तकृत समुदायलाई अवसर दिनु भनेको दयाको भीख ठानिन्थ्यो। हामी त्यो परम्पराविरूद्ध लड्यौं। राज्यसत्ताको बागडोर पक्डेर बसेको राजतन्त्रलाई सदाका लागि बिदा गर्‍यौं। अब राज्यको पुनःसंरचना जरूरी छ। तराई, मधेस, पहाड, हिमाल जुनसुकै क्षेत्रमा बसोबास गर्ने सबै समुदायले राज्यसत्तामा समान अवसर पाउनुपर्छ। त्यसैले नेकपा माओवादीले समानुपातिक सहभागिताको एजेन्डालाई जोड्दार रूपले बोकेको हो। इतिहासमा सबै प्रकारको थिचोमिथो सहँदै अमानवीय व्यवहार सहेर दोस्रो दर्जाको नागरिकको रूपमा बाँच्न विवश दलितहरूलाई राज्यको पुनःसंरचनामा जनसंख्याको आधारमा समानुपातिक सहभागिता, त्यसमाथि थप विशेष अधिकार प्रदान गरिनुपर्छ। त्यसो भएन भने राज्य पुनःसंरचनाको औचित्य पुष्टि हुँदैन। राज्यको पुनःसंरचना गर्दा समाजका सबैभन्दा पिंधमा रहेका समुदायलाई अवसरको पहिलो ढोका खोलिनुपर्छ। निश्चित क्षेत्र भन्ने नै होइन, राज्यका सबै अवसरहरूमा समान सहभागिताको ग्यारेन्टी हुनुपर्छ।

**नयाँ संविधानमा दलितहरूका कुन–कुन सवाललाई समेटिनुपर्दछ र तपाईंको भूमिका यसमा के रहनेछ ?**

दलित समुदाय मान्छे भएर बाँच्न पाउनुपर्छ। अहिलेसम्म सामाजिक दृष्टिले हामी मान्छेका रूपमा गनिएका छैनौं। अनेकौं प्रकारका विभेदका सिकार भएका छौं। त्यसैले सबै प्रकारको विभेद मुक्त संविधान निर्माण गर्नुपर्छ। जातीय विभेदलाई वैधता दिने विगतका सबै कानुनहरू खारेज गरिनुपर्छ। जातीय छुवाछूतलाई मानवताविरूद्धको अपराधका रूपमा संविधानमा सम्बोधन गरिनुपर्छ। विभेद गर्नेलाई कडा दण्ड–सजायको व्यवस्था संविधानमै उल्लेख गरिनुपर्छ। कानुनको दृष्टिमा मात्रै होइन सामाजिक, सांस्कृतिक रूपमा पनि समाजमा सबै समुदाय बराबर हुन् भन्ने भावनाको प्रतिबिम्ब आउनुपर्छ। दलितहरूले इतिहासमा लामो समयदेखि उत्पीडन भोगेका छन्, त्यसको मुआब्जास्वरूप दलित समुदायका लागि विशेष अधिकारको संविधानमै ग्यारेन्टी हुनुपर्छ। शिक्षा, स्वास्थ्य, रोजगार मौलिक अधिकारका रूपमा स्थापित हुनुपर्छ, सूचनाको हकको पूर्ण ग्यारेन्टी हुनुपर्छ। आङ्ना बारेमा राज्यले के निर्णय गरेको छ, त्यसको जानकारी माग्ने अधिकार दलित समुदायलाई पनि हुनुपर्छ।

**गणतन्त्रको कार्यान्वयनपछि पनि छुवाछूतका घटनामा कमी आएन नि ?**

संघीय लोकतान्त्रिक गणतन्त्र कार्यान्वयन भएको छ, यसबेला जसले गणतन्त्रका लागि बलिदान गरे, ती सम्पूर्ण ज्ञात–अज्ञात सहिदहरूप्रति यही प्रकाशनबाट श्रद्धा सुमन व्यक्त गर्न चाहन्छु। अब हाम्रो श्रीपेचबिनाका राजाहरूसँगको लडाईं बाँकी छ। जेठ १५ गते राजा ज्ञानेन्द्रलाई संविधानसभाले औपचारिक बिदाइ गरिसकेपछि असार ४ गतेसम्म आइपुग्दा देशभरमा ३४ वटा जघन्य छुवाछूतका अपराधहरू भएका छन्। यो कुरा ४ गतेको संविधानसभाको बैठकमा पनि मैले उठाएको छु। छुवाछूत मुक्त देश घोषणा गर्ने मुलुकका राजनीतिकर्मीहरूले यो तथ्यांकबाट लाज मान्ने कि नमान्ने ? म दलित समुदायलाई फेरि पनि जोड दिएर भन्न चाहन्छु, गणतन्त्रको उदयले सत्ताको उच्च पदमा पुग्नका लागि दलितका सन्तानलाई पनि बाटो खुलेको छ। तर, विभेदका विरूद्ध सदनमा, सडकमा, समाजमा, राजनीतिक दलमा हरेक क्षेत्रमा अझै संगठित सशक्त आन्दोलन गर्नुपर्छ।

**तपाईं सञ्चारकर्मीसमेत भएकाले दलित समुदायलाई सूचनाको हक र मानवअधिकारको ग्यारेन्टी गर्न नयाँ संविधान र सदनमा के भूमिका खेल्नुहुन्छ ?**

म एउटा पत्रकारको हिसाबले प्रेस स्वतन्त्रताको पूर्ण ग्यारेन्टीको लागि संविधानसभामा भूमिका खेल्छु, सूचनाको हकसम्बन्धी ऐनलाई व्यावहारिक रूपमा कार्यान्वयन गर्न सरकारलाई लगातार खबरदारी गर्छु। राज्य नियन्त्रणमा रहेका सञ्चारमाध्यमहरूको पुनःसंरचना गरेर दलित, महिला, आदिवासी जनजाति, मधेस र अल्पसंख्यक समुदायको अधिकार सुनिश्चित गरिनुपर्छ भन्ने कुरामा निरन्तर संघर्ष गर्छु।

■


**सहभागिता 40 औं अंक**

सहभागिताको आगामी अङ्क सञ्चार र विकासमा आधारित हुनेछ। यस विषयसँग सम्बन्धित व्यावहारिक अनुभवमा आधारित लेख/रचनाहरू तथा अन्य सामग्रीहरू पठाउन अनुरोध गर्दछौं।

- लेख/रचना पठाउँदा इमेल, हुलाक वा सिधै आफैं आई उपलब्ध गराउन सक्नुहुनेछ।
- अस्वीकृत लेख रचना फिर्ता हुने छैनन्।
- लेख/रचनाहरू यथाशक्य छिटो नेपान सचिवालयमा प्राप्त भइसक्नु पर्नेछ।

*लेख रचना पठाउने ठेगाना*

**सहभागिता, नेपाल सहभागीमूलक कार्य समूह (नेपान)**

सेतोदेवल मार्ग, कुपण्डोल, ललितपुर, पो.ब.नं. १३७९१,

फोन नं. ५००३५५०/५५२५०८८

Email: nepan@mos.com.np

# चुल्होदेखि अरठि्ठएको दलित-मुद्दाको आगो



■ बी.के. पाल्पाली

***एउटा उपाध्याय ब्राह्मणजैसी ब्राह्मणको घरमा खाँदैन भने एउटा बस्त्रकार (दमाई) को घरमा चर्मकार (सार्की) पस्न हिच्किचाउँछ। अझ एक पाइला पर रहेर सोच्ने हो भने चर्मकारले बस्त्रकारका उपरमा छोइछिटो हाल्न भ्याउँछ। यसैगरी एउटा सुवर्णकार लौहारको घरमा जान उस्तै अनकनाउँछ भने ब्राह्मणबादको मात्र विरोध नगरी धार्मिकताको आडमा हुने तल्लो निकाय/समुदायबाटै यी र यस्तै खाले असंगत व्यवहारहरू हटाउनु आजको आवश्यकता हो।***

नेपाल विश्वमा एउटा यस्तो मुलुक हो जहाँ अनेकतामा एकता छ। नेपालीहरू अनेकताको पहिचानमा पनि मित्रभावले रहनु बस्नु तथा विकासका कार्यमा एकठ्ठा भएर लागिपर्नु अझ अर्को गर्वको कुरा हो। इतिहासकै कुरा गर्ने हो भने पनि यहाँका विभिन्न जातिजनजातिले एक भएर नेपालका बैरीको कत्तल गरेका थिए। यस्तै नेपाल एकीकरण होस् वा बृटिश साम्राज्य अन्तर्गत इस्टइन्डीया कम्पनीको चुङ्गलबाट आफ्नो स्वाभिमान बचाउँने सवालमा होस् नेपाली जाति जनजातिले एकताको मालाको साझेदारीमा कार्य गर्दै आएका प्रमाणहरू सर्वत्र पाउन सकिन्छ। यही आफ्नो दह्रो इतिहासलाई आम नेपालीले यतिबेला पनि जोगाउन एक ढिक्का हुन जरूरी देखिएको छ।

इतिहासले नेपाललाई विगत छ दशकदेखि नै आन्दोलनको विभिषीकामा उभ्याई नै रहेको छ। यसले मात्र नपुगेर नेपाललाई एक जहाँनिया शासनपद्धतिको थालनी हुँदै राजा वा नेता दुबैको परिवारवादी शासनको मारमा जकडिइरहेको यथार्थ हाम्रा सामु अद्यापि छँदैछ। यस मानेमा जसले शासन गरिरहेको छ उसलाई राजनीतिक भाषामा 'दलक' तथा शासितलाई 'दलित' भनी नामाकरण गर्नु सान्दर्भिक लाग्छ। अहिले यी दुई शब्दले केवल शासक र शासितलाई मात्र जनाउँदैन। किन्तु यसमा ती दुबै पक्ष अछुतो भने रहँदैनन् नै।

दलित भन्नाले पिछडिएका वर्ग भन्ने नेपाली शब्दकोशको परिभाषा वास्तवमा गलत सावित भएको छ। यसमा सम्पन्न वर्ग पनि जो दलित छ, शोषित छ अथवा कसैको मातहतमा हदैसम्मको उत्पीडन सहेर पनि उच्च घरानाको जस्तो देखाउन वाध्य छ भने ऊ पनि एक दलित हो भन्ने व्यवहारवादको सिद्धान्त रहिआएको छ। कानुनी मान्यतालाई हेर्ने हो भने दलित भनेको तल्लो जातको भन्ने जनाउँछ, तर यो सर्वथा झुठ हो भन्नेमा विमति रहँदा रहँदै पनि तीतो यथार्थ यही हो कि, कानुनले अन्यायमा परेको व्यक्ति छ भने उसलाई दलितको संज्ञा दिई आएको छ। यसो भन्दैमा कानुन व्याख्या ऐन ले नै यसको परिभाषा यही भन्ने तोकेको भने पाइदैन। तथापि दलित भन्नाले प्रचलित भाषा तथा परिभाषाको सहारामा हेर्दा तल्लो जातको पिछडिएको तथा माथिल्ला जातिबाट दमित भन्ने उल्लेख छ।

## के दलित वास्तविक तल्लो जाति नै हुन् ?

यो सत्य होइन कि जाति वा विजाति भनी तल्लो उपल्लो भन्दैमा मानवीय तह छुट्टिने पर्छ। तर पनि राजा मानदेवको पालादेखि व्यवस्थित भएका कार्यगत आधारमा विभाजित थरहरू नै आज जातको रूपमा विभक्त भएर रहेका छन्। जसले मुलुकको विकास कार्यलाई समेत जातीयताको तगारोमा लगेर अल्झाइदिने अस्त्र बन्छन्। यसो हुँदैमा यी जातिहरू जो दलित भनेर चिनिन्छन् उनीहरू वास्तविक दलित नभई कार्य र विचारमा आधारमा दलित बनाइएका हुन् भन्ने छर्लङ्ग छ। जातले मानिस न ठूलो वा सानो न त दलित वा गैर-दलित नै हुन सक्छ। यो त देश विकासको कार्यमा उठाइने गरेको तगारो मात्र हो।

## दलितको अधिकार वा विकासमा दायित्व के ?

दलित भन्नेवित्तिकै नेपालमा हाल अछूत वर्ग भन्ने भ्रम सिर्जना भएको छ। सफाई वा शिक्षा वा कार्य कुशलताको हिसाबले सभ्यतामा खडेरी पर्दै जाँदा ब्राम्हण दलित बन्न जान्छ भने यी कुराको प्रचुरतामा भनिएको दलित पनि ब्राम्हण बन्न जान्छ भन्ने कुरा ग्रिक सभ्यतादेखिको इतिहासमा भएको यस्तै प्रकारका घटनाले देखाउँछ। यस्तो परिवेशमा हामी दलित वा उनीहरू गैर-दलित भन्नेतिरभन्दा पनि अधिकारका लागि संघर्ष भन्ने अभियानका साथ हौसिएर अघि बढ्ने हो भने आफ्नो समुदायगत (जाति भन्ने हुन्छ र?) विकास लागि जुट्नु पर्ने अवस्था सिर्जना भएको छ। यसमा देश मेरो हो म सक्रिय नागरिक हुँ भन्ने मनमा दरिलो विश्वासले भनिएका दलितहरूलाई पनि अग्रसर बनाई गति तीव्रता दिनु अपरिहार्य छ।

## वर्तमानमा शासितको अवस्था कसरी सुधार्ने ?

देश यतिबेला २००७ सालको अभीष्टलाई पूरा गर्ने अभियानमा छ। सत्र सालले सात साललाई जवरजस्त नंग्यायो। २०३६ सालले सत्रसाललाई जग बाहिर उप्काएर निकाल्यो भने २०४६ सालले २०३६ सालको अभिप्सालाई पूर्णता दिन केही पाइला चाल्यो। तर यो पनि सफल हुन नपाउँदै राजा ज्ञानेन्द्रवादको नयाँ उदय भयो। यसले सूचना, सञ्चार, अभिव्यक्ति, हिंड्डुल, अर्थोपार्जन आदि अति आवश्यकीय वस्तुमा अंकुश लगायो। यसैको परिणति २०६३ अद्वितीय संग्रामले नयाँ परिपाटीको अवस्था सिर्जना गरिदियो। यसैको आडमा अहिले २००७ सालको अभीष्ट भनिएको संविधानसभाको निर्वाचन सम्पन्न भई नेपालमा गणतन्त्र उदय भएको छ। यसबाट हामीले शासक (चाहे त्यो राजपरिवारवादी नै किन नहोस्)बाट पहिले शासितका हातमा सर्वाधिकार प्राप्त भएको छ।

### दलित 'दलित' हुनुमा कसको दोष बढी छ ?

यस गम्भीर प्रश्नमा आउनुपूर्व हामी परम्परा र धर्मको जरोमा पुग्नु जरूरी छ भन्ने लाग्छ। नेपाल हिन्दूधार्मिक राज्य थियो। अहिले पनि सो विधिबाट नेपाली जनताले पारपाचुके पाएका छैनन् भन्ने स्पष्ट छँदैछ। यस अवस्थामा दलितहरू आफैंमा पनि जातीय छुवाछूतको गहिरो खाडलमा फसेका छन्। अर्थात् दलितभित्र पनि अर्को थरी दलितको जन्म हुनु पक्कै पनि राम्रो मान्न सकिँदैन। कारण पहिले घर सुधार्नु जरूरी छ।

एउटा उपाध्याय ब्राह्मण जैसी ब्राह्मणको घरमा खाँदैन भने एउटा बस्त्रकार (दमाई) को घरमा चर्मकार (सार्की) पस्न हिच्किचाउँछ। अझ एक पाइला पर रहेर सोच्ने हो भने चर्मकारले बस्त्रकारका उपरमा छोइछिटो हाल्न भ्याउँछ। यसैगरी एउटा सुवर्णकार लौहारको घरमा जान उस्तै अनकनाउँछ भने ब्राह्मणबादको मात्र विरोध नगरी धार्मिकताको आडमा हुने तल्लो निकाय/समुदायबाटै यी र यस्तै खाले असंगत व्यवहारहरू हटाउनु आजको आवश्यकता हो। कानुनीरूपमा मात्र भएको व्यवस्थाले समाजमा झन् ठूलो विकराल अवस्थाको सिर्जना गर्दछ, यदि त्यो व्यवहारमा लागू भएन भने। उदाहरणका लागि सामाजिक सुधार व्यवहार ऐन, २०३२ लाई लिनु उपयुक्त होला।

### वास्तविकता के हो त ?

मपाइँत्वको मारमा ब्राह्मणहरू लादिएका बेला तथाकथित अछूत वर्गहरू त्यसभन्दा माथिल्लो तहमा मपाइँत्व छाँट्न पुगे भने त्यसले प्रथाको बोलवाला दिन्छु भन्ने तथ्य उजागर गर्दछ। यस सत्यमा अडिएर विश्वका छुवाछूतविरूद्धका आन्दोलन गर्ने हो भने नेपालमा यस्ता प्रकारका कुनै पनि आन्दोलन निस्केका छैनन्, जसले दलित शब्दकै उठिबास बनाओस्। तर यसो भयो भने नेपाल विकासको चरम विन्दुमा दुई दशकमै पदार्पण गर्न सक्ने छ भन्ने ठोकुवा गर्न सकिन्छ। यस्तो प्रकारको आन्दोलन आज भनिएका दलितहरूको भित्री दलनकार्यको अन्त्यका साथ ब्राह्मणबादको विरूद्धमा आजका तिनै दलितहरूबाटै उठ्नु सार्थक होला भन्ने कानुनी दृष्टिकोण राख्न सकिन्छ। तर पनि यी तमाम कार्य हुनका लागि आजका दलितको प्रतिनिधिमूलक उपस्थिति कानुन निर्माण निकायमा हुनु पनि जरूरी छ।

यस्तो निकायमा पहुँच पुऱ्याउनका लागि सबै दलितहरू एक भएर कानुनी लडाई लड्नुको विकल्प छैन। यसका लागि राजनीतिक, शैक्षिक, सामाजिक परिवर्तन, चेतनामूलक कार्यक्रम, तालिमको व्यवस्था, ग्रामीण साक्षरता कार्यक्रम, महिला तथा पिछडिका भनिएका वर्गको सक्रिय सहभागिता आदि विषयमा सरकारी नीति तथा कार्य तर्जुमा तालिका उनै दलितहरूबाटै बनाउने वातावरण मिल्नु जरूरी देखिन्छ। यसका लागि नियम र स्वतन्त्रता र कानुनी प्रावधानमा मात्र सीमित रहने हैन, यो त सबैमा बोलीमा भन्दा व्यवहारमा देखिनु पर्छ।

लिखतमा लेखिएको कुरा व्यवहारमा वा घोषणामा बोलिएका कुरा कार्यस्थलमा ल्याउने प्रवृत्ति अहिले न कुनै राजनेतामा देखिन्छ न त जातिगत उत्थानका लागि हौसिएका कार्यकर्तामा नै। यसले एउटाको मुद्दा त उठ्ला यसका साथमा मुद्दा उठाउनेको जीवन सप्रन्छ अनि दलित ग्रामीण सोझाहरू चाहे बाहुन, क्षेत्री, दमाई, कामी, सार्की जे हुन् दलितको रेखाभित्र दरिई नै रहन्छन्। यसले समुदाय-समुदायमै विगतको भन्दा झन् ठूलो दरार पैदा गरेको अवस्था पनि विद्यमान छ। कानुनी लडाई भनेको कानुनी व्यवस्थाका लागि मात्र हुँदैन। यो त व्यवहारिक कार्यान्वियनका लागि पनि हुनु जरूरी छ।

कार्यान्वियनमा स्वयं दलितहरू नै 'म दलित हुँ' भन्ने कुरा मनमा अल्झाई आत्मनिराशावादी बनेर हैन उत्साही तवरबाट आफ्ना समुदायगत मुद्दालाई दह्रो प्रक्रियाबाट उठाउन जुर्मुराउनु पर्ने टड्कारो छ। ■

*(लेखक लिगल राइट रिसर्च एण्ड इन्टरनेशनल कन्सल्टेन्सी (प्रा.) लि. काठमाडौंसँग सम्बद्ध हुनुहुन्छ।)*

## दलितवर्गमा सूचीकृत जातजातिहरू

**पहाडे मूलः**

१. गन्धर्व (गाइने) २. परियार (दमाई, दर्जी, सूचीकार, नगर्ची, ढोली, हुड्के) ३. वादी ४. विश्वकर्मा (कामी, लोहार, सुनार, ओड, चुँनरा, पार्की, टमटा) ५. सार्की (मिजार, चर्मकार, भूल)

**मधेशी मूलः**

१. कलर २. कोरी ३. खत्वे (मण्डल, खङ्क) ४. चिडिमार ५. तत्मा (ताँती, दास) ६. धोवी (हिन्दु, रजक) ७. पासी ८. मुसहर ९. सरभङ्ग (सरवरिया)

१०. ककैहिया ११. खटिक १२. चमार (राम, मोची, हरिजन, रविदास) १३. डोम (मरिक) १४. दुसाध (पासवान, हजरा) १५. बाँतर १६. मेस्तर (हलखर)

**विवादमा पर्न गएका जातजातिहरूः**

१. द्यौला (पोडे) २. च्यामे (च्यामखलः)

**दलितमा सूचीकृत तर त्यसबाट हट्न चाहेको जातजातिहरूः**

१. कपाली (कुशुले) २. खड्गी (कसाई) ३. धोवी (नेवारी)

*स्रोतः राष्ट्रिय दलित आयोग, बुलेटिन, २०६०*

**संकलनः शम्भु रसाली/गोविन्द सापकोटा**

*कविता*

## हामी स्वाभिमानी नेपाली


**– सञ्जित भण्डारी**



आफ्नै बगैंचारूपी नेपालमा रमाउन चाहन्छौं
आफ्नो राष्ट्रिय भाषामा स्वतन्त्र बोल्न चाहन्छौं
भीमसेन थापाको रगतको प्रतिफल यो नेपालमा
कसैको तडकभडक र रवाफले तर्सन्नौं हामी।
सधैं न्यायका पक्षमा हिडिरहन्छौं
संघर्ष गर्नुपरे हातमा खुकुरी लिन्छौं
सगरमाथाको शीर सदा उठाइराख्नेछौं
स्वाभिमानी नेपालीको पहिचान दिइराख्नेछौं॥
दृढ संकल्प बोकेर हिड्नेछौं
गर्दैनौं कसैको रत्तिभर गुलामी
आफ्नै परिवेशभित्र रमाउन चाहन्छौं
बीर नेपालीका सन्तान हौं हामी॥।
हरदम साहस लिएर अगाडि बढ्नेछौं
नेपालको अस्तित्व बचाउन सदा अगाडि सर्नेछौं
हातमा हात समातेर अगाडि बढ्नुपरेको छ
संसारभर फेरि बीर नेपालीको पहिचान बनाउनु छ॥॥

*(रूपाकोट ९, गुल्मी। हालः न्यू समिट कलेज, बानेश्वर।)*

# सामाजिक अन्धविश्वासविरुद्ध दलितका सवाल र सहभागिता



▪ गोपाल तामाङ्ग

***बीरगंज नगरपालिका- २ स्थित छपकैयामा सन् २००२-०३ मा गरिएको सर्वेक्षणअनुसार डोम समुदायका करिव सतप्रतिशत बालबालिकाहरू कहिल्यै पनि विद्यालय गएका थिएनन्। ती समुदायले आफ्ना छोराछोरी विद्यालय नपठाउनुको कारण परम्परागत रूपमा सम्हाल्दै आएको पेशाबाट हामी बञ्चित हुन्छौं भन्ने हो जहाँ उनीहरू सबैले पुर्खौंदेखि नगरको सरसफाइ गर्ने काम पाइराखेका छन् भने अर्कोतिर विद्यालय टाढा भएको र विद्यालयमा हुने भेद्भाव तथा हेलाका कारण पनि विद्यालय छोडेको कुरा केही युवाहरूले व्यक्त गरेका थिए।***

नेपाल एउटा मिश्रित बहुसाँस्कृतिक मुलुक हो। यहाँ जटिल बहुजातीय पिछडिएका दलित, आदिवासी जनजाति, मधेसी, मुस्लिमसहित उच्च जातजातिको संरचनाबीच बहुभाषिक, बहुधार्मिक जातजातिहरूको संस्कृति छ। धेरै संस्कृतिहरू आफ्नै विकसित संस्कृति, प्रथा तथा त्यस्ता सम्पूर्ण क्षमताहरू एवं गुणहरू सम्मिलित भएको परम्पराबाट गुज्रँदै आएको छ। नेपालमा जाति व्यवस्था परम्परागत मानव जीवनशैलीबाट नै प्रभावित हुँदै आएका छन्। भाषा, संस्कृति, धर्म र जातिका आधारमा हुने भेद्भावहरूले यी समुदायहरू राज्य तथा समाजबाट पाउनु पर्ने सेवा र सुविधाका हरेक क्षेत्रमा पछि परेका/पारिएका छन्। जाति व्यवस्थाकै कारण तथाकथित निम्नजाति र उच्चजातिको सामाजिक वर्गमा स्तरीकरण गरियो। एउटा जातिको सदस्य हुनलाई त्यसै जातमा नै जन्म लिनु पर्दछ भन्ने संरचनाले समाजलाई विभिन्न सामाजिक संरचनामा खण्डीकृत गरिदिएको छ। सामाजिकस्तरको आधारमा (social hierarchy) जाति व्यवस्था अन्तर्गत प्रत्येक जातिको आ–आफ्नो परम्परागत व्यवस्था हुन्छ भन्ने कुरीतिबाट आफ्नो व्यवसायबाहेक अर्को व्यवसाय छनौट गर्न प्रतिबन्ध लगाई दियो जसको परिणाम सांस्कृतिक विविधतामा एकताको सट्टा समतामूलक मानव जीवनशैली तथा त्यसको गतिशीलतामा बाधा पुर्‍यायो।



फोटोः विनोद तिमल्सिना

दलित बालबालिका, जुम्ला

**दलितको स्थिति र प्रमुख सवालः**

गरिबी नै दलितहरूबीच हुने भेद्भाव तथा अन्यायका कारण हो तर अशिक्षा स्वयम् पनि गरिबीको प्रमुख कारण हो किनभने यसले ती समुदायमा दीर्घकालीन नकारात्मक प्रभाव पार्छ। यसको अर्थ यो समुदाय आर्थिक, सामाजिक र राजनैतिक कारणले पछि परेको/पारिएको छ। बालश्रममा पनि दलितका बालबालिकाहरू प्रशस्त छन्। गरिब परिवारहरूले आम्दानीको भरथेग गर्ने हेतुले आफ्ना छोराछोरीलाई काममा पठाउँछन्। यसो गर्न उनीहरूको परिवारको जीवननिर्वाह तथा घरायसी कामका लागि अत्यावश्यक हुनसक्छ। मानवीय श्रोतको उचित सदुपयोग विना त्यस समाजको आर्थिक विकासको लक्ष्य प्राप्त हुन सक्दैन। त्यसैले शिक्षा अत्यावश्यक छ। दलितहरू आर्थिक तथा सामाजिक र शैक्षिक दुश्चक्रभित्र फसिरहेका छन् जुन एक पुस्ताबाट अर्को पुस्तामा क्रमशः सर्दै आइरहेको छ।

अहिले देशको कूल गरिबी ३१ प्रतिशत रहेको बेला दलितको गरिबी ४७ प्रतिशत रहेको छ। जुन तराई जनजाति (३६ प्रतिशत), पहाडका जनजाति (४४ प्रतिशत) र मुस्लिम (४१ प्रतिशत) भन्दा माथि छ। अधिकांश नेपाली कृषिमा निर्भर भएको परिप्रेक्ष्मा ४४ प्रतिशत तराई दलित र १५ प्रतिशत पहाडका दलित भूमिहीन छन्। यसको अर्थ अधिकांश दलितहरू आर्थिकरूपले विपन्न छन्। त्यसमा पनि पहाडका दलित समुदायका तुलनामा तराईका दलितहरूको स्थिति नाजुक छ। लैङ्गिकताको आधारमा महिलाको अवस्था पुरूषको तुलनामा निकै नाजुक छ। राजनैतिक क्षेत्रमा पनि दलितको सहभागिता ज्यादै न्यून छ। नेपालको प्रशासनिक क्षेत्रमा काम गर्ने बाहुन क्षेत्रीको उपस्थिति ५८.३ प्रतिशत छ भने दलितको उपस्थिति केवल १.३ प्रतिशत छ। तीन वर्षे अन्तरिम योजना ०६४/६५– ०६६/६७ ले दलित महिलाको सामाजिक, आर्थिक र राजनैतिक सशक्तीकरणमा विशेष जोड दिइनेछ, दलितका लागि गठित सबै निकायमा दलित महिलाको ३३ प्रतिशत प्रतिनिधित्व सुनिश्चित गरिनेछ र ५० प्रतिशत महिला र पुरूषले जातमा हुने विभेद हटेको कुरा व्यक्त गर्नेछन् भन्ने परिणात्मक लक्ष्यले पनि दलितहरू वञ्चितिमा पारिएका छन् र उनीहरूको सशक्तीकरणको लागि दलित समुदायको संघसंगठनहरूको क्षमता अभिवृद्धि गर्ने प्रक्रियामा जोड दिनुपर्दछ भन्ने कुरा राज्यले पनि स्वीकार गरेको छ।

**सामाजिक तथा आर्थिक समस्याहरू**

सामाजिकस्तरमा लामो समयबाट प्रारम्भ भएको छुवाछूत अन्त्य गर्ने अभियान कानुनी रूपमा भने बि.सं. २०२० मा मलुकी ऐन लागू गरी राज्यले घोषणा गरेको हो तर अफै पनि सार्वजनिक स्थलमा समेत अपहेलित हुनु परेको अवस्थाले यसबाट उत्पन्न छुवाछूतको समस्याहरू व्यावहारिक रूपमा कायमै छ।

नेपाली दलित समस्याको सन्दर्भमा वर्ग, जात र छुवाछूत एउटा त्रिकोणात्मक समस्या हो। दलितको प्रश्न केवल भेद्भाव तथा छुवाछूतमात्र होइन एउटा छुट्टै वर्गीय समस्या तथा मानवीय समस्या पनि हुन गएको छ। वर्ग एक्लैले समस्याको समाधान गरेर मात्र समस्याको जरो फाल्न सकिदैन। यी अमानवीय पक्षको विरूद्ध दलित आन्दोलन अहिलेसम्म बढी छुवाछूतमा मात्र केन्द्रित देखिन्छ। शिक्षा, आर्थिक उन्नति र सामाजिक चेतना र दवावका कुरा बराबरी (horizontally) गर्दै अर्थात् संगसँगै जोडेर लैजान जरूरी छ।

जसरी बालबालिकाको सन्दर्भमा कुरा गर्दा बाँच्न पाउने, सुरक्षित हुने, विकास र सहभागिताको कुरालाई बालअधिकार र विकासको रणनीतिको रूपमा लिइएको छ त्यसरी नै दलितको हकमा पनि स्वच्छ र स्वस्थ वातावरणमा बाँच्ने अधिकार, आधारभूत आवश्यकताका अधिकार–साधन र श्रोतमा पहँच र नियन्त्रण, अभिव्यक्तिको स्वतन्त्रता तथा शिक्षा तथा आर्थिक शोषण विरूद्ध निर्णायक भूमिकामा समाजमा समान र अर्थपूर्ण सहभागिता वृद्धि गर्न आवश्यक छ।

**रणनीतिक आवश्यकता र इच्छाशक्ति**

दलितहरूको उत्थानमा बाधक रहेका संरचनात्मक अवरोधहरू अति गरिब, भूमिहीन दलितहरू, सीमान्तकृत दलित किसानहरू, हलिया प्रथाहरू हटाउन क्रमशः समुदायको आवश्यकतामा आधारित नीति, पद्धति तथा विशेष लक्षित कार्यक्रमहरू सञ्चालन गरिनुपर्दछ।

**कल्याणकारी नीति**

गरिब दलितहरूको लागि विशेष लक्षित आर्थिक कार्यक्रमहरू व्यापार, व्यवसायमा विशेष सहुलियत र सुविधाको व्यवस्था, शैक्षिकस्तर बृद्धिका लागि प्रोत्साहन सहितको अनिवार्य तथा निःशुल्क शिक्षा, निःशुल्क खानेपानी तथा शौचालयको सविधा, उच्च प्राविधिक शिक्षा तथा सेवामा आरक्षण प्रदान गर्ने।

**समानताको नीति**

सामाजिक कार्यक्रम तथा योजना तर्जुमा र कार्यान्वयनमा दलितका प्रतिनिधि संस्थाहरूलाई अनिवार्य सहभागिता गराउने, छुवाछूत र भेद्भाव बिरूद्ध प्रभावकारी कानुनी व्यवस्था र व्यक्त गरिएका प्रतिबद्धताहरूलाई व्यवहारमा कार्यान्वयन गर्न मानवअधिकार संस्कृतिमा आधारित समावेशी पद्धतिको विकास गर्ने।

**गरिबी उन्मूलन नीति**

अल्पसंख्यक तथा सीमान्तकृत दलित सुमदायहरूका लागि उपयुक्त कृषिजन्य जग्गा भएमा उच्च मूल्ययुक्त कृषि प्याकेज कार्यक्रम, सहकारी तथा लघुवित्त तथा लघुउद्यम कार्यक्रम जस्ता आर्थिक क्षेत्रमा पहुँच बढाउने। दलितहरूको जनसहभागिता 'तलबाट माथि जाने' पद्धतिको अवधारणामा जोड दिने।

**कार्यदक्षता र अधिकारयक्त तुल्याउने नीति**

दलितहरूको परम्परागत पेशाा र सीपको व्यवसायीकरण र बजारीकरण साथसाथै उद्यम र सीपको विकासमा उपयुक्त आधुनिकीकरण गर्ने। दलितलाई आत्मनिर्भर बनाउन उनीहरू स्वयम् नै सशक्त हन्छन् भन्ने धारणाको सोच तथा विकास गर्न जरूरी छ। परनिर्भर होइन स्वतन्त्र तथा आत्मनिर्भर बनाउने। भोट बैंक होइन भोट लिन सक्ने बनाउने।

टुक्राटाक्री वा टालटुले सहयोग र कार्यक्रम (piece meal situation) ले सामान्यतः दलितहरूको जातीय भेद्भावमुक्त दीर्घकालीन समतामूलक समाजको निर्माण गर्ने सशक्त सोच र साधन बन्न सक्दैन।

लघुवित्त तथा लघुउद्यम कार्यक्रमले ती असन्तुलित विभेदहरू तथा गरिबजन्य समस्याहरू सम्बोधन गर्न सक्दछ। आर्थिकस्तरमा पहुंच बढाउन स्वरोजगार सृजना गर्न सके शैक्षिकस्तर अभिबृद्धिमा प्रोत्साहन तथा टेवा पुग्दछ। आरक्षण तथा विशेष सहुलियत अल्पकालीन उपाय हुनसक्छ, दीर्घकालीन होइन।

बञ्चितिकरण पर्नुका पछाडि थुप्रै अवशेषहरू, कारण तथा समस्याहरू छन् र त्यसका समाधानका लागि दलितहरूमा तीनवटा रणनीतिक आवश्यकता तथा इच्छाशक्तिमा प्रतिवद्धता हुनु जरूरी छ। समस्या समाधानका बारेमा पूर्व जानकारी राखेर आफ्ना आवश्यकताको पहिचान गरी त्यसमा आफै पहुँच बढाउने। घटना भएपछि कुनै सेवा प्रदान गर्ने संस्थाले आफै आएर यो सुविधा उपलव्ध गराउछौं र तपाईहरूले निम्न सहयोग तथा काम गर्नुपर्छ भनेर सक्रिय हुने। अर्थात् समुदायमा आइरहेका वा भइरहेका कार्यक्रममा पनि सक्रिय सहभागिता बढाउने। सहकार्य–त्यस्तै अरू समूह तथा समुदायलाई पनि त्यस्तै समस्या छ तिनीहरू पनि उनीहरूसँगै मिलेर काम गरौं भनेर सामूहिक प्रयासको सकारात्मक बाटो खोज्ने र साथी बनाउने।

नेपालको कूल साक्षरता प्रतिशत ५४ प्रतिशत छ भने दलितको साक्षरता ३३.८ प्रतिशत छ। पहाडका दलितहरू मध्ये ४३.३ प्रतिशत ले कहिल्यै पनि विद्यालय जाने मौका पाएका छैनन् भने तराईका दलितहरूको प्रतिशत ७६.४ प्रतिशत थियो। दलित समुदायभित्र पनि सामाजिक तथा जातिगत तह छन् र यी तहहरूबीच पनि भेद्भावको स्थिति विद्यमान छ। दलित समुदायमध्येका अल्पसंख्यक तथा सीमान्तकृत वादी, गाइने, हल्खोर, डोमको सामाजिक तथा आर्थिक समस्या तथा अवस्था अन्य दलितको भन्दा भिन्न छ। बीरगंज नगरपालिका–२ स्थित छपकैयामा सन् २००२–०३ मा गरिएको सर्वेक्षणअनुसार डोम समुदायका करिव सतप्रतिशत बालबालिकाहरू कहिल्यै पनि विद्यालय गएका थिएनन्। ती समुदायले आफ्ना छोराछोरी विद्यालय नपठाउनुको कारण परम्परागत रूपमा सम्हाल्दै आएको पेशाबाट हामी बञ्चित हुन्छौं भन्ने हो जहाँ उनीहरू सबैले पुर्खौदेखि नगरको सरसफाइ गर्ने काम पाइ राखेका छन् भने अर्कोतिर विद्यालय टाढा भएको र विद्यालयमा हुने भेद्भाव तथा हेलाका कारण पनि विद्यालय छोडेको कुरा केही युवाहरूले व्यक्त गरेका थिए। त्यसो त दलितहरूकै लागि भनेर छुट्टै विद्यालय दलित समुदायभन्दा बाहिर स्थापना गरिदिएको छ जुन बालबालिकाको लागि टाढा छ। त्यहाँ जाने विद्यार्थी ती समुदायबाटै छैन। परापूर्वकालदेखि शिक्षामा बञ्चितिमा परेका वा पारिएका दलितहरूमा उच्च उत्पादनशील जनशक्तिको विकास हुन सकेको छैन। फलस्वरूप दलितहरू राज्यबाट संरक्षित उच्च व्यक्तिहरूसंग प्रतिस्पर्धा गर्न नसक्ने अवस्थामा छन्। तसर्थ तथ्य र तथ्याङ्कले दलितहरूको सामाजिक,

आर्थिक, राजनैतिक र शैक्षिक पहुँच र नियन्त्रणमा अभाव नै मूलप्रवाहीकरण गर्न नसक्नुको प्रमख कारण हो भन्ने देखाउँछ।

निकृष्ट प्रकारका बालश्रम निवारणको लागि शिक्षा कार्यक्रम अन्तर्गत विश्व शिक्षाले २२ जिल्लामा (सन् २००२ देखि २००६) आधारभूत सर्वेक्षण गरी अनौपचारिक शिक्षा, स्वरोजगार शिक्षा, विद्यालय सहयोग र व्यावसायिक सीप तथा कार्यकालीन तालिममा कूल ४९ हजार ७ सय ५४ बालबालिकाहरूमध्ये १२ हजार ७ सय ६४ जना दलित (२६ प्रतिशत) बालबालिकाहरू सहभागी भएका थिए। कूल सहभागी मध्ये ७१ प्रतिशत किशारीहरू थिए। उक्त तथ्याङ्क अनुसार पहाड दलितहरूमा सबैभन्दा बढी कास्की (१,९८१), बाग्लुङ (१,५९१) र पर्वत (१,२७८) थियो भने तराई दलितहरूको सन्दर्भमा सबैभन्दा मोरङ्ग (९६४), रूपन्देही (७५४) र बांके (७४६)। त्यस्तै सन् २००६ देखि २००७ को तथ्याङ्कबाट थप १५ हजार ५ सय ९८ मध्ये २ हजार ८ सय ५३ बालबालिकाहरू दलित (१८ प्रतिशत) जुन थारू र जनजातिपछि तेश्रो स्थानमा छ। यो त सीमित क्षेत्रको तथ्याङ्क हो। यसले के देखाउँछ भने अझ सबै जिल्लामा विस्तृत अध्ययन गरेर जोड्ने हो भने यो संख्या निक्कै धेरै छ। यही सर्वेक्षण अन्तर्गत दाङ्ग, बाँके, बर्दिया, कैलाली र कन्चनपुर जिल्लामा गरेको अध्ययन अनुसार ७ हजार ९ सय २२ को संख्यामा थारूका बालबालिकाहरू विद्यालय बाहिर थिए र अधिकांश विभिन्न प्रकारका श्रममा संलग्न छन्।

लामो समयदेखि दासत्वको जीवन बिताईरहेका करिव १८ हजार थारू कमैयाहरू २०५८ सालमा सरकारले कमैया मुक्त घोषणा गरेर १२ हजार ९१ परिवारलाई ५ कठ्ठाको दरले जग्गा वित्तरण गरी पुनर्वास गरेको छ। यस कमैयाभित्र केही दलित पनि छन्। त्यस्तै सुदूरपश्चिमाञ्चल क्षेत्रमा 'हलिया प्रथा' दलितले भोग्नु परेको अर्को कमैया प्रणाली हो। हलिया अधिकारको क्षेत्रमा कार्यरत नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ, कैलालीले सुदूरपश्चिमाञ्चलको सात जिल्लामा गरेको एउटा अध्ययन अनुसार १ लाख १५ हजार ३ सय ३७ हलियाहरूको संख्या भएको भेटिएको थियो (दलित सन्देश, २००५)। जसरी थारू कमैयाले जस्तै आफले वा आफ्ना पुर्खाले लिएको ऋणको सांवा र व्याज तिर्न साहुको खेतीवारीविना पारिश्रमिक वा अत्यन्त न्यून पारिश्रमिकमा वर्षौ-वर्ष हलो जोत्नुपर्छ-कृषि बंधुवा मजदुरको रूपमा। पूरै परिवारले पनि ती मालिकहरूको सेवा गर्नुपर्दछ। सुदूरपश्चिमाञ्चलको हलिया, हरूवा, भूंडे, कमैया, बेगारी, बाली, डोली प्रथाविरूद्ध विभिन्न दलितसंग सम्बन्धित संघसंस्थाहरूले आवाज उठाए तापनि सरकारी पक्षबाट केही सकारात्मक तथा उल्लेखनीय थालनी भने देखिदैन। ■

*(लेखक नेपानका आजीवन सदस्य एवं विश्व शिक्षासँग सम्बद्ध हुनुहुन्छ। E-mail, gopal@wei.org.np)*

**सन्दर्भ सामग्रीहरू:**


- बिश्वकर्मा, हीरा (२०६४), सामाजिक समावेशीकरण तालिम निर्देशिका
- तामाङ्ग, गोपाल (१९९७), पिछडिएका समुदायका लागि आधारभूत शिक्षा कार्यक्रम, सुर्खेत, प्रगति प्रतिवेदन
- नेपालराष्ट्रिय दलित समाज कल्याण संघ, कैलाली (२००५), दलित सन्देश
- राष्ट्रिय योजना आयोग, तीन वर्षे अन्तरिम योजना (०६४/६५-०६६/६७)
- Ministry of Labor and Transport Management (2004), National Master Plan on Child Labor (2004- 2014)
- The world Bank & DFID (2006), Gender, Caste, Ethnic Exclusion in Nepal
- World Education (2006), Baseline survey report of Combating Worst Forms of Child Labor through Education in Nepal


## सहभागितामा विज्ञापनबारे सूचना

'सहभागिता' मा धुम्रपान तथा मध्यपानजस्ता व्यावसायिक विज्ञापन बाहेक आ-आफ्ना संघसंस्थाको कार्यक्रम, गतिविधि आदिको सूचना तथा कार्यालयको प्रशासनिक एवम् आर्थिक क्रियाकलापसम्बन्धी सूचनामूलक सामग्रीहरू तपसीलमा उल्लेखित दररेटमा छपाउन सकिने व्यवस्था भएको हुँदा यहाँहरू सबैलाई सहर्ष जानकारी गराउँदछौं।

| विज्ञापनको प्रकार | दररेट (रू.) |
|---|---|
| अन्तिम आवरण पूरा पृष्ठ -रंगीन | १०,०००/- |
| अन्तिम आवरण आधा पृष्ठ -श्याम/श्वेत | ५,०००/- |
| भित्री आवरण पूरा पृष्ठ -श्याम/श्वेत | ५,०००/- |
| भित्री आवरण आधा पृष्ठ -श्याम/श्वेत | ३,०००/- |

कविता

## यो युगको विडम्बना



**- रामकृष्ण ढकाल**

आङ न्यानो पार्नका लागि
अहोरात्र आरन रूङ्ने
कामी दाइहरू
सास अल्भ्याउने ध्येयका लागि
सुनका टुक्रामा साधनारत
सुनार दाइहरू,
छानो टाल्ने श्रोतका लागि
छालासित संघर्षरत
सार्की दाइहरू,
आफ्नो बाहुबलमा जीउनका लागि
आजीवन परिश्रमरत यस्ता
असंख्य नेपालीहरू,
प्रविधिले चिर हरेको जीविका
र परिचय जोगाउने बाध्यता
अकर्मव्यताको भई शिकार
अशिक्षाको झेल्दै अन्धकार।

जेनतेन जीवन घिसार्ने तिमी
जसरी तसरी सेवा पुऱ्याउने तिमी
कथित राजनीतिक परिवर्तनले
सधैंभरि लोप्पा खुवाउने
कागजी रूपका महान क्रान्तिले
अछूत हुँदै दलित बनिने

अनेक नाङ्लो ठटाइमा
नतर्सिने तिम्रा समस्या
स्वास्थ्य, रोजगारी र अधिकार
कानले चाख्ने मीठो परिकार

स्वतन्त्रता, चेतना र मानवता
बमसित कहीँ निर्यात हुँदा
एक्काईसौं शताब्दी आधा गयो रे
देशमा हात्ती हात्ती आयो रे
यो आँधी र आगोमा पिल्सिने
अनेकौ चेपमा सधैं चेपिने
यो वैज्ञानिक क्रान्तिको युग छ रे
ढुङ्गे युगको आधुनिक शासन छ रे
यो विडम्बना, यो भोगाइ॥

*(चितवन, हाल: शंखमूल, नयाँ बानेश्वर)*

# सामुदायिक वनः दलित उत्थानको कसीमा लुकेको अभियान



▪ रमेशकुमार सुनाम

***ओखलढुङ्गा जिल्लाका करीब ३० हजार मध्ये २७ हजार घरधुरी सामुदायिक वन उपभोक्ता समूहहरूमा आवद्ध भइसकेका छन्। तीमध्ये दलित घरधुरी संख्या ८ प्रतिशतको हाराहारीमा छ। सामुदायिक वन समूहहरूको विधान अनुसार नियमित बैठक तथा साधारण सभाहरू हुने गर्छन्। जहाँ दलित लगायत अन्य जातका उपभोक्ताहरू भेला भई वन तथा समुदायको विकासका विषयमा छलफल, बहस गर्दै निष्कर्षमा पुग्ने गर्दछन्। यस्ता बैठक आमसभामासंगै बसी चिया-खाजा खाने क्रममा अधिकांश ठाउँमा छुवाछूत गरेको देखिदैंन। यथार्थमा केही दलितमुखी संघ-संस्थाले छुवाछूत उन्मूलन गर्न गरेका सहभोजभन्दा सारमा पृथक छैन। यी स्वतःस्फूर्त समूहका सहभोज नै हुन्।***

नेपाली समाजमै व्याप्त चरम विभेद, असमानता, गरिबी, बेरोजगारी त्यसमा पनि जातीय भेद्भावको मारमा समग्र समाज नै आक्रान्त बनेको छ। यसैको कारणले प्रत्येक पाँचमा एक नेपाली जातीय छुवाछूतको चपेटामा परी आर्थिक, सामाजिक, धार्मिक, राजनीतिक शोषणको जाँतोमा पिंधिइरहेको यथार्थ सबै सामु घाम झैं छर्लङ्ग छ। जातीय, धार्मिक, साँस्कृतिक, भाषिक एवं जैविक विविधतायुक्त नेपालको सामुदायिक वन कायक्रमले विश्वभरि नै बढ्दो रूपमा चर्चा पाउँदै गइरहेको छ। यस पृष्ठभूमिमा सामुदायिक वन तथा अन्य अधिकारकर्मीले यत्रतत्र सफल दाबी गर्दै आएको सामुदायिक वन कार्यक्रमले दलित समुदायलाई पुऱ्याएको प्रभाव विरलै कोट्याउने गरेका छन्।

नयाँ नेपालको परिकल्पनासंगै देशको आर्थिक-सामाजिक रूपान्तरणको मुद्दा चर्को रूपमा उठ्नु अस्वाभाविक होइन। त्यसमा पनि दलित मुक्तिको प्रश्न उठाँनै नगरे पनि सामाजिक कलंक-छुवाछूत तथा चरम गरिबीको मारमा परेको समुदाय विश्वसामु प्रष्ट छ, त्यो दलित नै हो। त्यसैले यो समुदायको समग्र उत्थानको लागि सवाल उठाउनु सबैको सामाजिक दायित्व हुन आउँछ। आर्थिक सामाजिक रूपान्तरणको बहसलाई तीव्र तथा निष्कर्षमा पुऱ्याउन देशमा संचालित विभिन्न कार्यक्रमको समीक्षा गर्न त्यत्तिकै जरूरी हुन्छ। अतः यस लेखमा सामुदायिक वनमा दलित समुदायको समावेशीकरण, सशक्तीकरण एवं जातीय छुवाछूत उन्मूलनका केही लोभ लाग्दा पक्षहरू केलाउने प्रयास गरिएको छ। विशेषतः नेपालको पहाडी तिन जिल्लाहरूमा स्वीस सरकार विकास सहयोग (SDC) को सहयोगमा संचालित नेपाल स्वीस सामुदायिक वन परियोजना (NSCFP) ओखलढुङ्गा जिल्लाको अनुभव यस लेखमा समेट्ने प्रयास गरिएको छ।

### जातीय छुवाछूतको सवालमाः

ओखलढुङ्गा जिल्लाको करीब ३० हजार मध्ये २७ हजार घरधुरी सामुदायिक वन उपभोक्ता समूहहरूमा आवद्ध भइसकेका छन्। तीमध्ये दलित घरधुरी संख्या ८ प्रतिशतको हाराहारीमा छ। सामुदायिक वन समूहहरूको विधान अनुसार नियमित बैठक तथा साधारण सभाहरू हुने गर्छन्। जहाँ दलित लगायत अन्य जातका उपभोक्ताहरू भेला भई वन तथा समुदायको विकासका विषयमा छलफल, बहस गर्दै निष्कर्षमा पुग्ने गर्दछन्। यस्ता बैठक आमसभामासंगै बसी चिया-खाजा खाने क्रममा अधिकांश ठाउँमा छुवाछूत गरेको देखिदैंन। यथार्थमा केही दलितमुखी संघ-संस्थाले छुवाछूत उन्मूलन गर्न गरेका सहभोजभन्दा सारमा पृथक छैन। यी स्वतःस्फूर्त समूहका सहभोज नै हुन्। कुनै संस्थाको अगुवाईमा दातृ निकाय वा अन्य कुनै सहयोगी निकायको सहयोगमा आयोजना गरिने यस्ता पटके सहभोजभन्दा अग्रगामी छ। किनकि यस्ता सहभोज समूह आफैले प्रायः नियमित गर्ने गर्दछन्।

यसरी नियमित हुने बैठक, भेला, तालिम तथा गोष्ठीहरूमा दलितहरू पनि सहभागी भएर २/४ कुराहरू बोल्ने, बुझ्ने, र बुझाउने अवसर पाएका छन्। फलस्वरूप दलित सशक्तीकरणमा योगदान पुगेको छ। छुवाछूत, अन्याय एवं अत्याचारको विरूद्धमा बैठक सभामा हिजोआज ओखलढुङ्गाका दलितहरू मूकदर्शक बनेको बिरलै पाइन्छ। यो नै सशक्तीकरणको एउटा दह्रो प्रमाण हो।

एकताका लैंगिक समानताका लागि जेण्डर तालिम भन्दै महिलालाई मात्रै दिइन्थ्यो, तर पछि आएर प्रभावकारी नदेखिएपछि महिला-पुरूष समविकासको अवधारणासँगै दुवैलाइ संलग्न गराइयो। ठीक त्यसैगरी अब जातीय छुवाछूत उन्मूलनमा कार्यरत संघसंस्थाले पनि दलितको मात्र समूह बनाइ अलग्गै (Isolation) मा काम नगरी मिश्रित समूह (दलित तथा गैर दलित) मार्फत् अभियान सञ्चालन गर्दा राम्रो हुन्छ कि भनेर सोच्न जरूरी देखिन्छ। किनकि यो समस्या दलित मात्रको नभई सिंगो समाजको हो भने अर्कोतिर जसले भेद्भाव गर्छ उसैले गर्न नहुने रहेछ भनेर बुझ्न र व्यवहारमा उतार्न आवश्यक छ। "छुवाछूत उन्मूलन दलित र गैरदलित सबैको अठोटले मात्र सम्भव छ" गैरसरकारी संस्था महासंघ, ओखलढुङ्गाका सचिव हितराज कार्की भन्नुहुन्छ। त्यसैले छुवाछूत उन्मूलन अभियानमा समर्पित संघसंस्थाले बढी प्रचारमुखी सहभोजभन्दा सामुदायिक वन समूह जस्ता मिश्रित समूहमा अभियान चलाए तीव्र गतिमा परिवर्तन हुने देखिन्छ।

### समावेशीकरण तथा नेतृत्व विकासको सवालमाः

सामुदायिक वन समूहहरू अन्य उस्तै प्रकृतिका समूह तथा राजनीतिक पार्टीहरूभन्दा जातीय, लैंगिक, वर्गीय तथा भौगोलिक हिसावले समावेशी देखिएका छन्। दलित समावेशीकरणको कोणबाट नियाल्दा पनि उस्तै पाइन्छ। ओखलढुङ्गा जिल्लालाई उदाहरण लिंदा समूहको कार्यसमितिमा दलितको प्रतिनिधित्व जिल्लाको जनसंख्याको समानुपातिक नै छ। जुन अत्यन्तै समावेशीको वकालत गर्ने सबै ठूला राजनीतिक पार्टीको भन्दा प्रगतिशील रहेको तथ्याङ्कले देखाउँछ (हेर्नुस् तालिका १)।

त्यसैगरी दलितको नेतृत्व विकासमा पनि सामुदायिक वनले उत्तिकै योगदान पुऱ्याएको छ। नियमित कार्य समितिको बैठक र साधारणसभा दुई मुख्य

| तालिका १: सामुदायिक वन कार्यसमिति तथा राजनीतिक पार्टीको जिल्ला कार्य समितिमा दलितको प्रतिनिधित्व (प्रतिशतमा) | | | | | |
|---|---|---|---|---|---|
| | | | पार्टी जिल्ला कार्यसमिति | | |
| | जनसंख्या (१५६७०२) | सामुदायिक वन कार्य समिति ( कूल २८०९ जना पदाधिकारी मध्ये) | माओवादी (४३) | कांग्रेस (५८) | एमाले (२५) |
| दलित | ८ % | ९% | ५ % | २ % | ८ % |
| गैर दलित | ९२% | ९१% | ९५% | ९८% | ९२% |

**केही कुरा जीविकोपार्जनको सवालमाः**

विपन्न वर्ग आफ्नो जीविकोपार्जनको लागि प्रत्यक्ष रूपमा वन श्रोतमाथि अधिक निर्भर रहेको यथार्थ छ। दलित समुदायको अधिकांश हिस्सा गरिबीको चपेटामा छ भने अर्कोतिर धेरै दलित जातिको पेशा पनि वन श्रोतमा आधारित भएकाले उनीहरूको वनसंगको लामो नाता झल्किन्छ। सामुदायिक वन कार्यक्रमको सुरूवातदेखि नै गरिब तथा दलित समुदाय उपेक्षित र कम लाभान्वित भएका सवालहरू प्रशस्तै भेटिन्छन् (Malla, 2001)। केही समय यता थोरै भए पनि सामुदायिक वनमा लाभांश वितरण लगायत श्रोत र साधनमा पहुँच तथा नियन्त्रणका सवालमा अधिकार, न्यायोचितता एवं सकारात्मक विभेद (Positive discrimination) को अभ्यास हुन थालेको छ।

वन पैदावर (घाँस, दाउरा काठ आदि) वितरणमा गरिब दलितलाई निशुल्क वा कम मुल्यमा उपलब्ध गराउने सकारात्मक विभेदका उदाहरण समूहमा अचेल धेरै भेटिन्छन्। दलित तथा विपन्न वर्गको अधिकार सुरक्षित गर्न र उनीहरूको पहुँच श्रोत माथि, निर्णय प्रक्रिया एवं लाभांश वितरणमा सुनिश्चित् गर्न समूहले गरिबमुखी प्रावधानहरू विधान तथा कार्ययोजनामा राख्न थालेका छन् (Pokharel and Nurse, 2004)।

सामुदायिक वन समूहहरू बढी से बढी विपन्न तथा दलितमुखी हुन प्रोत्साहित गर्ने अभिप्रायले नेपाल स्वीस सामुदायिक वन परियोजना (NSCFP) ले

निर्णय गर्ने फोरम हुन्। यी समूहमा निर्णायक तहका भइरहने बैठक छलफलले गर्दा दलितहरू पनि सहभागी भएर नेतृत्वदायी क्षमता र कला अभिवृद्धि गर्दै आएका छन्। समूहमा संचालित सशक्तीकरण कार्यक्रमले पछाडि पारिएका वर्ग खासगरी दलित समुदायले पनि अधिकार, भूमिका एवं जिम्मेवारीप्रति सचेत हुँदै गएकाले उनीहरू विस्तारै नेतृत्वमा आउन थालेका छन् (Dahal and Chapagain, 2008)। बक्स १ मा राखिएको 'उकाली' मासिक पत्रिकामा छापिएको समाचारले पनि यही भनाइको पुष्टयाइँ गर्दछ।

ओखलढुङ्गा जिल्लामा कार्यसमितिको मुख्य पदहरूमा समेत १२ जना दलित रहेको तथ्याङ्कले देखाउँछ (हेर्नुस् तालिका २)।

तालिका २:

**सामुदायिक वन कार्यसमितिको मुख्य पदहरूमा दलितको प्रतिनिधित्व प्रतिशतमा (कूल ११४६ मुख्य पद मध्ये)**

| मुख्य पद | दलितको प्रतिनिधित्व |
|---|---|
| अध्यक्ष | १ |
| उपाध्यक्ष | ३ |
| सचिव | २ |
| कोषाध्यक्ष | २ |
| सह–सचिव | ४ |
| जम्मा | १२ |

"हिजो समाजमा अपहेलित भएका हामीहरू समूहको नेतृत्वमा आएपछि सम्मानित भएको महसुस गरेका छौं" जय नेपाल सामुदायिक वन उपभोक्ता समूह, ओखलढुङ्गाका अध्यक्ष अमर बहादुर बि.क.को भनाइ छ। यसरी सामुदायिक वन जस्ता समूहहरूमा दलितको नेतृत्व विकाससँगै सामाजिक सम्पत्ति (Social Capital) कमाएका छन् र आउँदा दिनमा विशेष गरी स्थानीयस्तरका राजनीतिक निकायमा पनि प्रभाव पर्ने संकेत मिल्दछ।

दलितको समानुपातिक प्रतिनिधित्व सामुदायिक वनमा कसरी देखियो त ? ओखलढुङ्गाका दलित मात्रै अन्य जिल्लाका भन्दा सम्पन्न, पढेगुनेका भएर हो कि भन्ने लाग्न सक्छ। त्यो होइन किनकि शैक्षिक, आर्थिक र सामाजिक अवस्था खासै फरक छैन। यी तथ्याङ्कका लागि दुई वटा कारणहरू मुख्यगरी जिम्मेवार हुनुपर्दछ। पहिलो त सामुदायिक वनको समावेशी नीति जुन अरूभन्दा प्रगतिशीलै मानिन्छ। ओखलढुङ्गामा त अधिकांश समूहले विधानमै दलितको समानुपातिक प्रतिनिधित्वको व्यवस्था गरेका छन्। अर्को कारण चाहिं समूह परिचालन तथा सशक्तीकरण जुन सामुदायिक वनको गठन प्रक्रियादेखि नै जारी रहन्छ। यसको आधारबाट प्रष्ट समावेशीकरणको कानूनी/नीतिगत व्यवस्था तथा समूह सशक्तीकरणमार्फत् हरेक तहमा समावेशीकरण सुनिश्चित् गर्न सकिन्छ भन्न सकिन्छ।

बक्स १

**लक्ष्मीको कथा**

लक्ष्मी विश्वकर्मा एक दलित महिला हुन्। ओखलढुङ्गा गा.वि.स. वडा नं ४ मा बस्ने ३३ वर्षिया यी महिला हिजोआज समुदायको अगुवाको रूपमा काम गरिरहेकी छिन्। २ छोरी, १ छोराकी आमा लक्ष्मीलाई सामुदायिक वनमा काम गर्न श्रीमानले पनि साथ दिएका छन्।

कालिका सामुदायिक वन उपभोक्ता समूहको २०५४ सालमा भएको गठनदेखि नै सामुदायिक वन कार्यक्रममा लागेकी उनी हाल सामुदायिक वन उपभोक्ता महासंघ जिल्ला शाखाको सदस्य छिन्। सामुदायिक वनको अभियानसँगसँगै सामुदायिक विकासका कार्यक्रमहरूमा पनि उत्तिकै सक्रिय रूपमा काम गरिरहेकी उनी समुदायमा बचत समूहको काममा समेत संलग्न छिन्। आफूलाई यसरी सामुदायिक वनको अभियानमा लाग्न प्रेरणा/हौसला दिने संस्था सामुदायिक वन उपभोक्ता महासंघ र नेपाल स्वीस सामुदायिक वन परियोजनाप्रति उनी आभारी छिन्। आफूले पाएका विभिन्न तालिमले केही गर्ने उत्साह, आत्मविश्वास, सीप र क्षमता दिएको उनी बताउँछिन्। श्रीमान र छोराछोरीबाट सहयोग पाएर समाज सेवा र सामुदायिक वन अभियानमा लाग्न झन हौसला मिलेको बताउने, विवाहित महिलाहरूलाई घर परिवारका सदस्यहरूबाट सहयोग पाएमा समाजका लागि अग्रणी भूमिका खेल्न सक्षम हुन्छन् भन्ने उदाहरण लक्ष्मी भएकी छिन्।

*स्रोतः उकाली विशेष अंक- सामुदायिक मासिक वर्ष ९, पूर्णाङ्क-१०० माघ, ०६३ (पत्रिका पेज नं १६)*

**बक्स २:**

**सामुदायिक वनमार्फत् विपन्न तथा दलित वर्गको जीविकोपार्जन सुधारको प्याकेज**

**–FREE LIFE H2O**

F= Access to **f**orest products (वन पैदावारमा न्यायोचित पहुँच )
R= **R**epresentation in Committee ( समितिमा प्रतिनिधित्व )
E= **E**ducation ( शिक्षामा सहयोग)
E= **E**mployment ( रोजगारीमा अवसर )
L= **L**and Allocation (आय आर्जनका लागि जग्गा छुट्टयाउने)
I= **I**nclusion in Training & Workshop (तालिम तथा गोष्ठीमा समावेश)
F= **F**und (समुहको कोषमा पहुँच )
E= **E**nterprise (उद्यममा संलग्नता)
H= **H**ealth (स्वास्थ्य सेवा सहयोग)
H= **H**umanitarian Support (मानवीय सहयोग)
O= **L**inkage with **O**ther Agencies (अन्य निकायसंग सहकार्य)

विभिन्न आय आर्जन लगायतका कार्यक्रममा आर्थिक तथा सहजीकरणका लागि सहयोग गरेको पाइन्छ। विशेषतः सामुदायिक वनमा दलित तथा विपन्न वर्गको अधिकार सुनिश्चित् गर्दै निर्णय प्रक्रिया, लाभांश वितरणमा पहुँच बढाउने विभिन्न कार्यक्रमको प्याकेज छ जसलाई परियोजनाले (FREE LIFE H2O) भन्ने गर्दछ (हेर्नुहोस् बक्स-२)। यस प्याकेजमा सामुदायिक वनमा गरिब तथा दलितको समावेशीकरणदेखि लिएर उनीहरूको जीविकोपार्जन सुधार गर्न विभिन्न सरोकारवालासंगको सम्बन्ध र सहकार्यलाईसमेत जोड दिएको छ। यो प्याकेज वन उपभोक्त समूहरूले लागु गर्दा त्यसबाट लाभान्वित हुने वर्गमा अधिकांश दलित नै पर्दछन्।

### अन्त्यमाः

सामुदायिक वन कार्यक्रम दलित समुदायको समावेशीकरण, सशक्तीकरणका साथै उनीहरूको जीविकोपार्जनको कसीमा एकै कदम भएपनि अगाडि छ भन्न सकिन्छ। तर यस कार्यक्रमलाई अझ बढी समतामूलक, समावेशी र दलित तथा गरिबमुखी बनाउन धेरै ध्यान जानु आवश्यक यथावत छदैछ। जातीय छुवाछूत उन्मूलनको कोणबाट हेर्दा सामुदायिक वनले पुऱ्याएको योगदानलाई कमै छलफलको विषय बनाइन्छ। त्यस अर्थमा पनि यसलाई लुकेको तर सकारात्मक अभियान भन्न सकिन्छ।

सामुदायिक वनमा दलितको समानुपातिक प्रतिनिधित्व, नेतृत्व विकास एवं फराकिलो जीविकोपार्जनको अवसरहरूको विश्लेषण गर्दा समावेशी र गरिबमुखी नीतिगत व्यवस्था तथा सशक्तीकरण समावेशीकरण सुनिश्चित गर्ने माध्यम भएको पुष्टि हुन्छ। छुवाछूत उन्मूलनका साथै समग्र दलित उत्थानको क्षेत्रमा काम गर्ने संघसंस्थाहरू पनि दलितलाई अलग्गै समूहमा नराखी मिश्रित समूहमार्फत् अभियान सञ्चालन गर्नु उपर्युक्त देखिन्छ। अर्थात् अभियानको प्रवेशद्वार (Entry point) सामुदायिक वनजस्ता मिश्रित समूह बनाइ सञ्चालन गर्दा प्रभावकारी हुन्छ। साथै दलित सम्मिलित हरेक समूह तथा संस्थामा उनीहरूको सम्पूर्ण अधिकार स्थापना गर्न र निर्णय प्रक्रिया, तथा लाभांश वितरणमा पहुँच वृद्धि गर्ने ठूलो अवसर देखिन्छ। त्यसको अलावा सामुदायिक वन कार्यक्रम दलितको लेन्स लगाएर विभिन्न पक्षहरू खोतल्नका लागि सामुदायिक वन तथा दलित अधिकारकर्मीहरूलगायत सम्बन्धित संघसंस्थाको ध्यान केन्द्रित हुनुपर्ने टड्कारो खाँचो महसुस हुन्छ। ■

*(लेखक हाल नेपाल स्वीस सामुदायिक वन परियोजना/एस.डी.सी.मा ओखलढुङ्गामा कार्यरत हुनुहुन्छ।*
*इमेल सम्पर्कः rameshsunam@gmail.com)*

### सन्दर्भ सामग्रीहरूः

Dahal, G.R. and Chapagain, A. (2008) 'Community Forestry in Nepal, Decentralized Forest Governance', in C.J.P. Colfer, G.R. Dahal and D. Capistrano (eds) *lessons from forest decentralization, Money, Justice and the Quest for Good Governance in Asia- Pacific,* Earthscan, London

Malla, Y.B. (2001) ' Changing policies and the persistence of patron- client relations in Nepal', *Environmental History*, vol 6, no 2, pp 287-307

NSCFP (2006) 'Report on CFUG Self-monitoring database compilation (2004/05)' NSCFP, Kathmandu

Pokharel, B. K. and Nurse, M. (2004) ' Forest and people's livelihoods, Benefiting the poor from community forestry', *Journal of Forests and Livelihoods*, vol 14, no 1, pp 19-29

**नेपान स्रोतकेन्द्रमा उपलब्ध नयाँ प्रकाशनहरूः**

1. PLA Notes 57, IIED, UK
2. Development in Practice, Vol-17, No-6, OXFAM, UK
3. Development in Practice, Vol-18, No-2, OXFAM, UK
4. Local Body (Financial Administration) Regulation 2056 (1999), Ministry of Law, Justice and Parliamentary Affairs, Nepal
5. स्थानीय स्वायत्त शासन नियमावली, २०५६ तथा स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६, Ministry of Law, Justice and Parliamentary Affairs, Nepal
6. समायोजनः संविधान संशोधनले मधेसलाई छोएन, मीरेष्ट नेपाल
7. पीसविन, बाजुराः सामाजिक विकास संस्था जीवन र सिकाई, पीसविन, बाजुरा
8. संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद् प्रस्ताव नं. १३२५ को प्रयोगः सफल अभ्यास र सिकाइहरू, एलडीएफ, सिडा
9. स्थानीय निकायमा लैङ्गिक समानता तथा सुशासन कार्यक्रमः प्रशिक्षण निर्देशिका, दिदीबहिनी/स्थानीय विकास मन्त्रालय, नेपाल
10. तीन वर्षीय अन्तरिम योजनाको आधार पत्र ( २०६४/६५-२०६६/६७) राष्ट्रिय योजना आयोग, नेपाल
11. स्वस्थ रहने कला, डा. वी.वी. उप्रेती
12. राष्ट्रिय दलित आयोगः प्रस्तावित विधेयक २०५९, राष्ट्रिय दलित आयोग, नेपाल
13. Dalit in Nepal, Vol-1, Eastern Development Region, National Dalit Commission, Nepal
14. Dalit in Nepal, Vol-2, Central Development Region, National Dalit Commission, Nepal
15. Dalit in Nepal, Vol-3, Western Development Region, National Dalit Commission, Nepal
16. Dalit in Nepal, Vol-4, Mid-Western Development Region, National Dalit Commission, Nepal
17. Dalit in Nepal, Vol-5, Far-Western Development Region, National Dalit Commission, Nepal

# गरिबमुखी सामुदायिक पर्यटन दलितमुखी बन्नसक्छ



■ चेतनाथ कणेल

***पर्यटनबाट लाभ लिन सकिने अनेक क्षेत्रहरूमध्ये होटेल/लज/रेष्टुरेन्ट/होमस्टे क्षेत्रमा दलित तथा विपन्नहरूको सहभागिता तत्काल बढाउन धेरै अवरोधहरू भए पनि हस्तकला उत्पादन, तरकारी, फलफूल, कुखुरापालन, बाख्रापालन, परम्परागत हातहतियार/औजार निर्माण, गाइड, भरिया, खुद्रा पसल, सिलाइ-कटाइ-बुनाइ, नाचगान आदिजस्ता आयमुखी उद्यमशीलताका क्षेत्रमा दलितहरूलाई अगाडि बढाउन सकिने प्रशस्त सम्भावना देखिएको छ। सानोतिनो ऋणको व्यवस्था (लघुऋण)बाट उद्यम श्रृजना एवं विकासमा दलितहरूको रूचि र क्षमता बढाउन थप सहयोग मिल्ने गरेको पनि पाइयो।***

नेपालमा सन् ९० को दशकपछि पर्यटनले ग्रामीण क्षेत्र, स्थानीय समुदाय, विपन्न बस्तीहरू र हालसम्म पनि पर्यटन गतिविधिहरूबाट लाभ लिन नसकेका जनसमूहलाई सम्वोधन गर्नुपर्छ भन्ने अवधारणा आएको हो। सन् १९९८ को 'भ्रमण नेपाल वर्ष' ले देशभर ल्याएको पर्यटनको लहरले नेपाली पर्यटन आन्तरिक पर्यटनमुखी, गाँउमुखी, समुदायउन्मुख बन्न सघाएको सत्यतालाई कसैले नकार्न सक्दैन।

काठमाडौं, पोखरा, चितवन र खुम्बु क्षेत्रमा मात्र सीमित पर्यटकीय क्रियाकलापहरूलाई सम्पदा विस्तृतीकरण, विविधीकरण र व्यापक भौगोलिकीकरण गरी फराकिलो पार्ने सोचको विकास विगत १० वर्षयताबाट मात्र शुरू भएको हो। फलस्वरूप अहिले आन्तरिक पर्यटन (डोमेस्टिक टुरिज्म)ले राम्रो मान्यता पाउन थालेको छ (कणेल, २०६५)। मेचीदेखि महाकालीसम्म नै पर्यटकीय गन्तव्यहरू विस्तारित हुनुपर्छ र तराइदेखि हिमालसम्मले पर्यटनको लाभ पाउनुपर्छ भन्ने मान्यताको व्यापक समर्थन पाउँदैछ र अहिले देशका विभिन्न भागका रहेका शहर तथा ग्रामीण वस्तुहरू पर्यटन महोत्सवको आयोजना, पर्यटन प्रचार-प्रसारको पहल र गन्तव्य प्रवर्द्धनको माहोलमा जुट्न थालेका छन्। पर्यटन मन्त्रालय र नेपाल पर्यटन बोर्डका ढोकाहरू जनताले पहिलेको तुलनामा निकै ढक्ढक्याउन थालेका छन्।

पर्यटन व्यवसाय फस्टाउन सकेमा स्थानीय आर्थिक क्षेत्रको विकासमात्र होइन पर्यटनसँग प्रत्यक्षरूपमा गाँसिएका अन्य क्षेत्रहरू जस्तैः पूर्वाधार विकास, शैक्षिक विकास, वातावरणीय सचेतना अभिविद्धि, स्वास्थ्य तथा पोषणमा सुधार जस्ता तमाम क्षेत्रको विकासमा सहयोग पुग्ने कुरामा हामी सबै सहमत भएका छौं (टीआरपीएपी, २००७)। खुम्बुक्षेत्र, मुस्ताङ, अन्नपूर्ण क्षेत्रअन्तर्गत पर्ने विभिन्न ग्रामीण बस्तीहरू- सौराहा, लुम्बिनी, लाङटाङ आदि अनेक क्षेत्रहरू पर्यटनबाट लाभ लिएर अगाडि बढ्न सफल भएका उदाहरण देखाउन सक्ने ठाउँहरू हुन्। यस्तो सकारात्मक प्रभावलाई देशका अरू ठाउँमा पनि पुर्‍याउनुपर्ने र पर्यटन विकासमा स्थानीय समुदायको बढी बोलवाला हुनुपर्ने कुरामा पनि अहिले दुईमत रहेको छैन। साथै यस्तो पर्यटनले स्थानीय बिपन्न र महिलाहरूलाई सबैभन्दा बढी ख्याल गर्नुपर्ने सवाल अहिलेको समावेशी पर्यटनको सबैभन्दा महत्वपूर्ण सवाल हो।

नेपालमा झण्डै ५० प्रतिशतको हाराहारीमा अति विपन्न परिवार रहेको र त्यसमा पनि झण्डै ८० प्रतिशत दलितहरू नै पर्ने गरेको तीतो यथार्थ छ (दलित गैसस महासंघ, २०६४)। नेपालमा दलितको जनसंख्या १३ देखि २० प्रतिशतको हाराहारीमा रहेको बताइन्छ। यस्ता दलितहरूमा झण्डै ९० प्रतिशत विपन्न वर्गमा पर्ने गरेको कुरा पनि बारम्बार हामीले पढ्ने र सुन्ने गरेका छौं। दलितको सामाजिक उन्मुक्तिका अतिरिक्त आर्थिक सशक्तीकरणका धेरै प्रयासहरू भएका छन् तर हालसम्मका नतिजा र उपलब्धिहरू चित्त बुझाउन मिल्ने खालका छैनन्। दलितहरूको सहभागिता र निर्णायक भूमिका हुने खालका कार्यक्रमहरूमा व्यापकता नआएसम्म यो समस्याले छिटो पार पाउने स्थिति छैन *(कणेल, २०६४)*।

दलितहरूको सामाजिक हैसियतसमेत बढाई आर्थिक समृद्धिका नयाँ बाटाहरू खोज्ने सिलसिलामा ग्रामीण पर्यटकीय क्षेत्रहरूमा पर्यटनमुखी क्रियाकलापहरूमा दलितहरूको संलग्नता बढाउन सकिने केही पाठहरू टीआरपीएपी (ग्रामीण/गरिबी निवारणका लागि पर्यटन कार्यक्रम/यूएनडीपी/नेपाल सरकार) कार्यक्रमले सिकाएको छ। पर्यटनको चहलपहल पुग्न नसकेका, तर अपार सम्भावना भएका ठाउँहरूमा समुदायमुखी पर्यटन सञ्चालन गर्दा स्थानीयस्तरमा गठन गरिने सामुदायिक संगठन, उद्यमी समूह, दिगो पर्यटन विकास समितिजस्ता संस्थाहरूमा स्थायी परिवेश हेरी दलितहरूको पनि समानुपातिक/उच्च सहभागिता गराउने कार्यकारिणी समिति र अझ मुख्य पदहरूमा दलितहरूको उपस्थिति अनिवार्य रूपमा खोज्ने, तालिम, गोष्ठी र अन्य अवसरहरूमा पनि दलितको सहभागिता खोजी खोजी गराउने प्रवृत्तिले पर्यटन क्षेत्रमा पनि दलित वर्चश्व बढाउन मद्दत पुग्ने कुरा टीआरपीएपीले नमुनाको रूपमा केही मात्रामा सिकाउन सफल भएको छ। पर्यटनबाट लाभ लिन सकिने अनेक क्षेत्रहरूमध्ये होटेल/लज/रेष्टुरेन्ट/होमस्टे क्षेत्रमा दलित तथा विपन्नहरूको सहभागिता तत्काल बढाउन धेरै अवरोधहरू भए पनि हस्तकला उत्पादन, तरकारी, फलफूल, कुखुरापालन, बाख्रापालन, परम्परागत हातहतियार/औजार निर्माण, गाइड, भरिया, खुद्रा पसल, सिलाइ-कटाइ-बुनाइ , नाचगान आदिजस्ता आयमुखी उद्यमशीलताका क्षेत्रमा दलितहरूलाई अगाडि बढाउन सकिने प्रशस्त सम्भावना देखिएको छ। सानोतिनो ऋणको व्यवस्था (लघुऋण)बाट उद्यम श्रृजना एवं विकासमा दलितहरूको रूचि र क्षमता बढाउन थप सहयोग मिल्ने गरेको पनि पाइयो।

पर्यटनको चहलपहलसँगै स्थानीय वस्तु र सेवाको खपत बढ्ने हुँदा त्यस्ता वस्तु र सेवा उत्पादनमा दलितको चासो बढ्दै जाने निश्चित छ (बाकस हेर्नुहोस्)। दलितहरूसँग काम गर्ने सिलसिलामा टीआरपीएपी कार्यक्षेत्रका ६ वटा जिल्लाहरूमध्ये रसुवा र डोल्पामा परिचालित पर्यटक-पथप्रर्दशकहरूले तुलनात्मकरूपमा बढी लाभ लिएको पाइएको छ। तालिम प्राप्त केही दलित

## ग्रामीण सामुदायिक पर्यटन र दलित :

# टीआरपीएपी क्षेत्रका केही सफलताका कथाहरू

- 'ताप्लेजुङको तेल्लोक-२ का डिल्लीराज पराले बाखापालनबाट ७ महिनामै १५ हजार कमाए। ...'
- 'राम्रो मेशिन नपाएर भौँतारिरहेका ताप्लेजुङ लिङखिम गाविस सिँवा बजारका छविलाल बर्देवाले जिविस/ टीआरपीएपीबाट २५ हजार ऋण प्राप्त गरेपछि लुगा सिलाउने नयाँ मेशिन किनेर सिलाई ब्यवसाय चलाउन थालेका छन्। अहिले उनलाई भ्याइ नभ्याई छ। ..'
- 'रसुवा जिल्ला गत्लाङ गाउँका प्रेमबहादुर बि.क.ले काठमाडौंमा ट्रेकिङ गाइड तालिम पाएपछि रसुवामा गाइड पेशा अपनाएर पहिलेभन्दा दशौ गुणा आम्दानी बढाएका छन्। उनले एउटै सिजनमा १० देखि १५ हजार रूपैयाँ कमाउन थालेका छन्। ..'
- 'डोल्पा जुफालका सन्तराम बि.क. आजकल क्याराभान भरिया संगठनका उपाध्यक्ष भएका छन्। कहिलेकाहीं त उनी एकै सिजनमा पर्यटकसँग हिडेर ५० हजारसम्म कमाउँछन्। शुरू- शुरूमा त सन्तराम अरूको भारी (ब्यापारी/स्थानीय ) बोकेर जुफाल एयरपोर्टदेखि दुनैसम्म पुर्‍याउँथे। पछि उनले पर्यटकसँग आफ्नो गाउँ जुफालदेखि पर्यटकीय मार्गमा पर्ने शहरतारा, धो हुँदै नुमला बगला र फोक्सुण्डोलगायत डोल्पाका अधिकांश पर्यटकीय क्षेत्रको भ्रमण गरिसकेका छन्। सन्तरामले मुस्ताङ, पोखरा र काठमाडौंको भ्रमण पनि गरिसकेका छन्। ..'

*स्रोतः ग्रामीण पर्यटन सफलताका कथाहरू, २००५/टीआरपीएपी*

सहभागीहरू यस कामबाट निक्कै उत्प्रेरित भएको पाइन्छ। वर्षभरिमा ३/४ हजार पनि कमाउन नसक्नेले गाइड पेशामा लागेर एउटै सिजनमा १५ हजारसम्म कमाउन सफल हुनु गाउँघरमा राम्रै सफलता मान्नुपर्छ। अझ द्वन्द्वले गाँजिएको अवस्थाको पर्यटनमा यस्तो लाभ हुनु चानचुने कुरा होइन। लोकतन्त्र, गणतन्त्र स्थापनापछिको नेपाली पर्यटन अझ फस्टाएर जाने निश्चित भएको हुँदा पर्यटनमा लाग्ने सम्पूर्ण व्यक्तिहरूको आम्दानीको दायरा अझ बढ्दै जाने कुरामा कुनै शंका छैन।

यस्ता उदाहरणहरूले थप दलितहरूमा पनि हौसला, प्रेरणा र तत्परता थपिने कुरामा पनि शंका छैन। विगतमा पर्यटन विकासको मूल प्रवाहमा पस्न नपाएका विपन्न र दलितहरूलाई व्यवस्थित कार्यक्रम, सोंच र अभियानसहितको प्रतिबद्ध सहजीकरणले निश्चितरूपमा सघाउने विश्वास गर्न सकिन्छ। उपयुक्त सस्थागत संरचना, अवसरहरूको सिर्जना र नियमित पृष्ठपोषण तथा प्रभावकारी सहजीकरणले सामुदायिक पर्यटनको विस्तारसँगै ग्रामीण भेगमा पिछडिएका दलित वर्ग पनि आर्थिक अवसर लिन सक्षम बन्ने कुरामा टीआरपीएपी क्षेत्रका गतिला उदाहरणहरूको पुनरावृत्तिकरण, व्यापकीकरण र एकीकृत एवं सामुहिक सुगमीकरणले निश्चितरूपमा सघाउने छन्।

दलितका परम्परागत पेशाहरूको घेराभन्दा बाहिर पनि प्रशस्त अवसरहरू छन् भन्ने कुरालाई सबैले मनन् गर्न सकेमात्र (परम्परागत) दलितप्रतिको सोच/व्यवहार परिवर्तन एवं छुवाछूतजस्तो सामाजिक कुरीति हटाउन सकिनेछ भन्नेमा हामी सबै 'कभिन्स' र सहमत हुनु जरूरी छ। दलितलाई दलित बनाउने थरहरू लेखिरहने, परम्परागत पेशाहरूमा लगाइरहने र ' दलित कोटा' खाइरहने प्रवृत्ति बढाउनुभन्दा नयाँ अवसर र क्षेत्रहरूको खोजी गरी सक्रियताकासाथ लाग्नुपर्ने अहिलेको आवश्यकता हो। सामुदायिक पर्यटन अर्थात दिगो ग्रामीण पर्यटनले यस्तै थुप्रै अवसर सिर्जना गरिदिन सक्छ पर्यटकीय दृष्टिले सम्भाव्य क्षेत्रहरूमा। अब दृष्टिकोण, रणनीति, नीति, कार्यक्रमहरूको विकासभन्दा पनि हर क्षेत्रमा वास्तविक कार्यान्वयन चाहिएको छ। ■

*(लेखक नेपानका पूर्व संयोजक, आजीवन सदस्य हुनुहुन्छ र यूएनडीपी/टीआरपीएपीका पूर्व तालिम विशेषज्ञ हुनुहुन्छ। इमेल सम्पर्कः chetnathk@yahoo.com)*

**सन्दर्भ सामग्रीहरूः**

कणेल, चेतनाथ (२०६४), **समावेशी विकास र दलितका सवाल**, हिमालय टाइम्स, राष्ट्रिय दैनिक।

कणेल, चेतनाथ (२०६५), **ग्रामीण पर्यटन विकास- अवसर र चुनौती**, अन्नपूर्ण राष्ट्रिय दैनिक

दलित गैसस महासंघ (२०६४), **दलित गैसस महासंघको दीर्घकालीन रणनीति-पत्र** (अप्रकाशित), काठमाडौं

टीआरपीएपी (२००५), **ग्रामीण पर्यटन : सफलताका कथाहरू**, युएनडीपी/नेपाल सरकार, काठमाडौं

TRPAP (2007) **Nepal's Experience Implementing Sustainable Tourism Development Models – Lessons Learned'** UNDP*f* TRPAP, Kathmandu.


# तपाई यदि नेपान सदस्य बन्न चाहनुहुन्छ भनेः-

| | प्रवेश शुल्क | वार्षिक | आजीवन |
|---|---|---|---|
| **व्यक्तिगत** | ३००।- | ६००।- | ३०००।- |
| **संस्थागत** | | | |
| समुदायमा गठित संस्था | | ६००।- | ४,०००।- |
| स्थानीय गैर सरकारी संस्था | | १,०००।- | ४,०००।- |
| राष्ट्रिय गैर सरकारी संस्था | | ३,०००।- | १२,०००।- |
| अन्तराष्ट्रिय गैर सरकारी संस्था | | ५,०००।- | २०,०००।- |

# दलित परिवार, वचत समूह र परिवर्तनको बाटो



▪ मेनुका उप्रेती

***स-साना परिवर्तनहरूले नै आमूल परिवर्तनको स्वरूप तयार पार्दछ। मकवानपुर जिल्लाको नहरी गा.वि.स.को एउटा दुर्गम गाउँमा वसोवास गर्ने केही दलित परिवारमा आएको सानो परिवर्तनले नयाँ नेपाल निर्माण प्रक्रियामा थोरै भए पनि योगदान गर्न सक्छ कि ! यस लेखमार्फत् मनहरी गा.वि.स. वडा नम्बर ८ खरंगा टोलमा स्थापित महिला समूहहरूमा आवद्ध दलित परिवारहरूको अवस्थामा के-कस्ता सकारात्मक परिवर्तनहरू आए भन्नेबारे प्रकाश पार्ने जमर्को गरिएको छ।***

सामुदायिक विकास क्षेत्रमा 'दलित' शब्द अत्यन्तै व्यापक प्रयोग गरिने शब्दहरूमध्येमा पर्दछ। दलित सवालबारे थुप्रै सभा, गोष्ठी तथा तालिमहरू हुने गर्दछन्। दलित विषयमाथि अनेकन सर्भेक्षण अनि अनुसन्धान पनि भएका छन्। साँच्चै भन्ने हो भने, यो विषय अहिले सानो गाउँ तहदेखि राष्ट्रिय तहसम्म वहसको लागि महत्वपूर्ण विषय बनेको छ। गैरसरकारी संस्था, राजनैतिक दलदेखि व्यापारिक निकायसमेत दलित विषयप्रति आफ्नो सरोकार रहेको कुरा व्यक्त गर्दछन्। 'दलित उत्थान'का लागि गाउँ तहमा थुप्रै विकास कार्यक्रमहरू गरिँदै आएका छन्। मकवानपुर जिल्लाको मनहरी गा.वि.स.मा पनि ग्रामीण महिला सेवा केन्द्र नामक स्थानीय गैरसरकारी संस्थाले केही समय यता वचत समूहमार्फत् दलित महिलाहरूको आर्थिक, सामाजिक तथा राजनैतिक अवस्थामा परिवर्तन ल्याउन विभिन्न कार्यक्रमहरू गर्दै आएको छ।

विगत दुई वर्ष यता, मनहरी गा.वि.स.का विभिन्न टोल/गाउँका महिलाहरू आफ्नो शक्ति अभिवृद्धि गर्न विभिन्न समूहहरूमा आवद्ध हुन थालेका छन्। हालसम्म यस्ता समूहहरूको संख्या ३५ भन्दा उँभो लागि सकेको छ। यो अभियानमा मनहरी गा.वि.स.को आठ नम्बरका महिलाहरू पनि कटिवद्ध भए। यसैक्रममा, खरंगा टोलका महिलाहरू पनि के कम ! यहाँका २६ जना महिलाहरूले दुईवटा समूह गठन गरी क्रमसः मनकामना र जाल्पादेवी महिला समूह नामाकरण गरे। मनकामना महिला समूहमा १४ जना र जाल्पादेवी समूहमा १२ जना महिलाहरू संगठित भएका छन्। यी दुवै समूहहरूमा ६-६ जना दलित महिलाहरू सामेल भएका छन्।

"सामूहिक एकताको भावना विकास गरी समूहको साथीलाई आपत्विपत परेको बेलामा सहयोग गर्ने र आफूलाई समस्या पर्दा समूहबाट सहयोग लिन सकिन्छ भनेर हामी महिलाहरू समूहमा आवद्ध भएका हौँ" - समूहमा आवद्ध महिलाहरू आफ्ना विचार यसरी व्यक्त गर्दछन्। "फेरि, समाजमा महिलाहरूको अवस्थामा साँच्चिकै परिवर्तन ल्याउने हो भने त हामी महिलाहरू संगठित हुनै पर्‍यो नि !" - थप विचार सुनाउँछन्। सुरूसुरूमा दलित परिवारहरूलाई समूहमा आवद्ध गराउन निकै कठिनाइ परेको थियो। बिहान बेलुकाको छाक टार्न नै धौ धौ पर्ने यी परिवारहरूलाई मासिकरूपमा आर्थिक वचत गर्ने गरी समूहमा आवद्ध हुनु समस्या पर्ने त भइ नै हाल्यो। तापनि, गाउँ समुदायमा दलितमाथि हुने सामाजिक भेद्भाव, शारीरिक हिंसा तथा आर्थिक कठिनाइका विरूद्ध सामूहिक रूपमा आवाज उठाउन सकिएमा मात्र समस्या समाधानतर्फ लाग्न सकिन्छ भन्नेबारे पटकपटकको अन्तरक्रियाले उनीहरूलाई पनि समूहमा आवद्ध हुन उत्प्रेरित गर्‍यो। यस कार्यमा समूहका अन्य सदस्यहरूले पनि सहयोग पुर्‍याए।

हुन पनि, दिनहुँ अरूकोमा गएर मेलापात गर्ने, अँधिया खेती गर्ने, दाउरा बेच्नेजस्ता कार्यहरू गरेर दैनिक गुजारा चलाउने दलित परिवारहरूलाई मासिक रूपमा वचत गर्ने २० रूपैयाँको जोगावट गर्न पनि हम्मेहम्मे पर्दथ्यो। तर, समूहको मासिक भेलामा जातीय छुवाछूतविरूद्ध गरिने वहस, पारिवारिक हिंसाविरूद्ध भएको महिला-एकता, सानै भए पनि आर्थिक गर्जो टार्न समूहबाट पाइने ऋण जस्ता क्रियाकलापहरूले ती उपेक्षित महिलाहरूलाई समूहको महत्व बुझ्न सहयोग पुर्‍यायो।

समूह कार्य अगाडि बढ्ने क्रममा महिला सदस्यहरूलाई 'आफ्नो समस्याबारे बुझ्न, समस्याका कारणहरू खोतल्न, समस्या समाधानका लागि पहल गर्न' समूह कार्यले संगठित पनि गर्‍यो र उत्प्रेरित पनि गर्‍यो। विस्तारै विस्तारै प्रारम्भमा समूहमा आवद्ध हुन आनाकानी गर्ने महिलाहरू अब त "हामी कुनै हालतमा पनि छरपस्ट हुँदैनौँ, महिला हक अधिकार स्थापित गर्न अझै सशक्त ढंगले जुट्नेछौँ" भन्ने छलफल गर्न थालेका छन्। प्रक्रियाको सुरूआत मात्र भएको छ, महिला सशक्तीकरणको लागि अझै लामो बाटो हिँड्न बाँकी नै छ। गाउँमा छुवाछूतको विभेद अझै विद्यमान छ। परिवारभित्र हुने कुटपिट-गालीगलौजको अवस्था पनि बाँकी छ। तर, पहिले पहिले जस्तो अन्यायलाई चुपचाप सहने पक्षमा भने यी महिलाहरू छैनन्। व्यक्तिको समस्यालाई समूहमा ल्याएर छलफल गर्ने, समाधानको लागि संगठित हुने र आवश्यतानुसार वैधानिक लँडाई लड्न विभिन्न निकायमा धाउने कार्यको प्रारम्भ भने भईसकेको छ। परिवर्तनको लागि यसलाई शुभसंकेतको रूपमा लिन सकिन्छ। निश्चय पनि यसका लागि समूह कार्यले ठूलो भूमिका खेलेको छ।

## समूह कार्यले ल्याएको परिवर्तनः

समूहमा आवद्ध हुँदा के-कस्ता लाभ हुन पुगेको छ त ? भन्ने सवालमा समूहका सदस्यहरू विभिन्न बिचारहरू व्यक्त गर्दछन्। मनकामना महिला समूह सदस्य पदमकुमारी सुनुवार भन्नुहुन्छ - "समूहमा बसेपछि अरूलाई ऋण दे भन्नु परेन। ऋण सजिलै पाइने भयो। साहूसँग चर्को ब्याजमा ऋण लिनु पनि परेन।" ऋण केका लागि लिनुहुन्छ भनेर सोध्दा उहाँ घरखर्च र

बाख्रा पाल्नका लागि ऋण लिएको बताउनु हुन्छ। त्यस्तै, समूहमा आवद्ध भएयता आफ्नो परिवारमा आएको परिवर्तनबारे उहाँ 'छोराछोरीलाई पढ्ने समय आफूले दिनुपर्दछ भन्ने कुरा थाहा भएको, बिरामी पर्दा ऋण निकालेर उपचार गर्न सजिलो भएको र अहिले श्रीमानले पनि आफ्नो कुरा सुन्न थालेको' कुरा बताउनु हुन्छ। 'समूहमा बसेपछि जति सकिन्छ वचत गर्ने बानी बसेको छ। थोरै-थोरै बचतले पनि जीवनमा सहयोग पुग्ने सक्ने कुरा महसुस हुन थालेको छ। यदि कुनै कारणवश परिवारले नहेरे पनि सानै भए पनि पसल गरेर बस्न सकिन्छ कि भन्ने लागेको छ। मनको चिन्ता कम भएको छ।' पदमकुमारीको थप अनुभव यस्तो छ।

समूहमा आवद्ध भएपछि जाल्पादेवी समूहका चिनीमाया विश्वकर्माको मुहारमा पनि परिवर्तन देखिएको छ। आफू र आफ्नो परिवारमा आएको परिवर्तनबारे उहाँ भन्नु हुन्छ – "हामीले खेतीपाती गर्ने समयमा अनि विरामी उपचारको लागि गाउँघरमा चर्को ब्याजदरमा ऋण लिनु पर्दथ्यो भने अहिले समूहबाट सजिलै सस्तो ब्याजदरमा ऋण प्राप्त गर्न सकिरहेका छौं।" फेरि, साहूकोमा ऋण लिन जाँदा त धितो पनि राख्नु पर्थ्यो। अहिले त्यो चिन्ताबाट मुक्त भएका छन् चिनीमायाँ र अन्य सदस्यहरू। समूहमा बसेपछि सबै साथीहरूले आदर गरेको, समूहका सदस्यहरूले सकारात्मक व्यवहार गरेको र समूहको सदस्यहरूले जातीय आधारमा भेद्भाव नगरेको कुरा गर्वसाथ बताउनुहुन्छ चिनीमाया।

यस सम्बन्धमा जाल्पादेवी महिला समूहका भोला विश्वकर्माको अनुभव पनि कम महत्वपूर्ण छैन। नागरिकता बनाउनको लागि समूहबाट ऋण लिएर गएको कुरा बताउनुहुन्छ उहाँ। "यदि अरूमा नै भर परेको भए सायद मेरो नागरिकता अहिलेसम्म बन्न सक्दैनथ्योकि !" उहाँको अनुभव यस्तो छ। आर्थिक रूपमा आड मिलेपछि त आफ्नो मानसिकतामा पनि परिवर्तन आएको होकि भन्ने लागेको छ भोलालाई। पहिले छाराछोरीसँग सानो कुरामा पनि रिस उठ्ने गर्थ्यो, अहिले त उनीहरूलाई गाली गरेर होइन, माया गरेर, सम्झाएर पढाउने गरेको उहाँ बताउनु हुन्छ। साथै, गाउँठाउँमा कसैले उहाँलाई जातपातको नाममा भेद्भाव गर्‍यो भने डटेर त्यसको विरोध गर्ने आँट पलाएको छ।

समूहकै अर्का दुई सदस्य कल्पना सुनुवार र संगीता विश्वकर्माको अनुभव पनि मिल्दोजुल्दो छ। समूहमा बसेपछि ऋण लिन सजिलो भएको, चर्को व्याज तिर्न नपरेको, समस्या पर्दा समूहको साथ पाएको कुरा बताउनुहुन्छ उहाँहरू। समूहमा बसेपछि आफ्नो गाउँ समाजको विकासको लागि पनि केही योगदान गर्नु पर्दछ भन्ने भावना जागेको छ। 'समूहमा बसेपछि धेरै विषयमाथि छलफल हुँदो रहेछ। नयाँनयाँ कुरा थाहा पाइँदो रहेछ। मिलेर केही गरौँ भन्ने भावना बढ्दो रहेछ' दुबैजना यसरी आफ्ना कुराहरू व्यक्त गर्नुहुन्छ। "अहिले त समूहमा बस्नुपर्छ, जातको आधारमा कसैलाई भेद्भाव गर्नु हुँदैन भनेर साथीहरूलाई सम्झाउने गरेको छु। साथीहरूले पनि मेरा कुरा सुन्न थालेका छन्" – कल्पना सुनुवार खुसीसाथ बताउनु हुन्छ।

"समूहमा बस्नुअघि मनमा धेरैखाले चिन्ता थियो। कहाँ गएर के गरौं, मेरो समस्या के गरेर समाधान होला भन्ने चिन्ताले मन पोल्थ्यो। अहिले आफ्ना व्यथाहरू समूहका साथीहरूसँग बाँड्न पाएको छु। मलाई त समूहमा बसेर धेरै नै खुसी लागेको छ। सबैभन्दा महत्वपूर्ण कुरा दु:ख बिसाउने ठाउँ मिलेको छ" – संगीता विश्वकर्मा मनको कुरा यसरी पोख्नु हुन्छ।" समूहबाट ऋण लिएर बाख्रा पाल्नु भएको छ संगीता विश्वकर्माले। त्यस्तै, उहाँकी छोरी राधा विश्वकर्मा पनि समूह सदस्य भएकोले ऋण लिएर लुगा सिउने कल किन्नु भएको छ। यसरी आमा छोरीको सामूहिक प्रयासबाट पारिवारिक गुजाराको लागि ठूलो राहत मिलेको छ। "श्रीमानले आफू र छोराछोरीलाई वास्ता नगरे पनि अहिले समूहमा बसेपछि घर चलाउन सहयोग पुगेको छ। भविष्यमा अझै धेरै सहयोग मिल्दछ कि भन्ने आशा पलाएको छ। अब त छोराछोरीलाई अलि धेरै पढाउन सक्छु कि भन्ने पनि लाग्न थालेको छ" – छोराछोरीलाई साथ लिएर श्रीमानबाट छुट्टिएर संघर्ष गरिरहेकी संगीता विश्वकर्माको आवाज अहिले सशक्त हुन थालेको देखिन्छ।

### महिलाहरू परिवर्तनतर्फ

कुनै एउटा समूह बनाउने वित्तिकै सामाजिक समस्याहरू समाधान भइहाल्ने त अवश्य पनि होइन। तर, सामाजिक परिवर्तनको लागि सामूहिक प्रयासको अत्यन्तै आवश्यकता पर्दछ। समूहले व्यक्तिहरूलाई संगठित गर्दछ। उनीहरूको समस्यालाई एकवद्ध गर्दछ। समस्याको कारणको खोजी र त्यसको समाधानको उपाय पनि सामूहिक रूपमा नै खोजिन थाल्दछ। समस्या समाधानको लागि पनि सामूहिक अभियानको प्रारम्भ हुन थाल्दछ। यस अभियानले उपेक्षित महिलाहरूलाई सशक्त बनाउँदै लैजान्छ। अहिले मकवानपुर गा.वि.स.का विभिन्न समूहमा संगठित भएका महिलाहरूबीच यिनै सवालहरूमाथि वहस प्रारम्भ भएको छ।

यस्ता वहसहरूले महिलाहरूमा सचेतना अभिवृद्धि गर्न मद्दत पुर्‍याउँछ। यहाँका महिलाहरूको मुहारमा परिवर्तनको आशा बढ्न थालेको प्रत्यक्षै देख्न सकिन्छ। विविध कठिनाईहरूसँग व्यक्तिगत रूपमा जुझिरहेका महिलाहरू संगठित हुन थालेका छन्। महिलाका समस्याहरूलाई सामूहिकीकरण गर्न थालेका छन्। समस्या समाधानका लागि अन्यत्रको अनुभवबाट सिक्न थालेका छन्। समस्या समाधानको लागि वैधानिक लँडाईको पनि थालनी भएको छ। समग्रमा भन्नुपर्दा यहाँका महिलाहरू परिवर्तनको बाटोतर्फ सशक्त ढंगबाट अग्रसर हुन थालेका छन्। यस्तो प्रयासले नयाँ नेपाल निर्माणको लागि अवस्य पनि योगदान पुर्‍याउने छ। ■

*(लेखिका ग्रामीण महिला सेवा केन्द्र संस्थामार्फत् मनहरी गा.वि.स.मा कार्यरत स्थानीय सहजकर्ता हुनुहुन्छ)*


## तपाईंको आवाज

सहभागिताको आगामी ४० औं अंकको जनआवाज स्तम्भको लागि

**'नयाँ संविधानले सम्बोधन गर्नुपर्ने सहभागितासम्बन्धी सवालहरू के के हुन सक्छन् ?'**

**भन्ने प्रश्नको जवाफ सहज र सरल तवरले बुझिनेगरी ५० शब्दमा नबढाई नेपान सचिवालयमा पठाउनुहुन अनुरोध छ।**

**सहभागिता, नेपाल सहभागीमूलक कार्य समूह (नेपान)**
सेतोदेवल मार्ग, कुपण्डोल, ललितपुर, पो.ब.नं. १३७९१,
फोन नं. २००३५५०/५५२५०८८
Email: nepan@mos.com.np

# बाजुरामा दलित सहभागिता र सशक्तीकरण

# समुदायका समूहदेखि संविधानसभासम्म



■ लालबहादुर ओली

***दलित वस्ती फोहोर हुन्छन् र दलितहरूका घरहरू पनि फोहोरी हुन्छन् भन्ने बुझाइमा भने निकै सकारात्मक परिवर्तन भएको छ, सिनो खाने चलन पनि करिब हट्न थालेको छ। दलित वस्तीहरूको सरसफाइ पनि गैरदलित वस्तीको भन्दा पहिले जस्तो कमजोर नै छैन। मान्छेहरूको मानसिक सोचमा सकारात्मक परिवर्तन गर्न भने अझै अभ्यास आवश्यक छ। गैर दलितहरूले दलितहरूको पीडा महसुश गरिएन भने यसले जहिले पनि सामाजिक संघर्षको रूप लिनसक्ने सम्भावना रहिरहन्छ। सामाजिक शान्तिका लागि सबैको जीवनले बराबर सम्मान पाउनुपर्दछ।***

'दलित' शब्द सामाजिक विकासका अवसरहरूबाट अलग्याएर आफूलाई उच्च वर्गमा दर्ता गराएको तत्वको "फुटाऊ र फाइदा लेऊ" को नीतिको उपज हो। आर्थिक, सामाजिक, सांस्कृतिक, राजनैतिक आदि सम्पूर्ण विकासका लागि र देशको सन्तुलित विकासका लागि पेशागत विशिष्टीकरण पनि आवश्यक हुन्छ। विगतमा यही विशिष्टतालाई मध्यनजर गर्दै सामाजिक विकासको सन्तुलन व्यवस्थापन गर्नका लागि बिभिन्न वर्गलाई सीप अनुसारको पेशा गर्न जिम्मेवारी विभाजन गरिएको पाइन्छ। मान्छेलाई दैनिक उपभोगका सामग्रीदेखि विशाल हतियार बनाउने सीप भएको वर्गलाई दलित भनी दलिँदै आएको छ। यस वर्गलाई सामाजिक रूपमा पानी नचल्ने भनी बढी दलिएको छ। यसको अघिल्लो इतिहास भनेको राज्यसत्ता र शक्तिसँग जोडिएर आएको छ। राज्य शक्तिको आड लिएर समाजमा जातीय विभाजन गरिएको इतिहास नेपालका मल्लकालीन राजा जयस्थिति मल्लको कार्यबाट पनि स्पष्ट हुन्छ। शासकहरूलाई चित्त नबुझेमा सामाजिक वहिष्कार गर्न घोषणा गर्ने र सोहीका आधारमा दलित थरमा दरिने गरेका उदाहरण बाजुरामा पनि सुन्न पाइन्छ। स्थानीय छोटा राजाहरूको सेवामा सधैं तल्लिन हुनुपर्ने, चुलोदेखि देउताको मन्दिरसम्मका मूर्ति तयार गर्ने मान्छेलाई त्यो चीज गैर दलितको हातमा पुगेपछि पुनः दलितले छोएमा जुठो हुने हुन्छ। आर्थिक रूपमा कोही अरू भन्दा सम्पन्न हुनसक्छ, तर सामाजिक रूपमा जीवन सम्मानित भएन भने उसका लागि सधैं एक्लो महसुस हुन्छ।

## बाजुरामा दलितको अवस्था विश्लेषणः

यस जिल्लामा करिब २० हजार घरधुरीमध्ये दलितको घरधुरी ६२६४ र सवा लाख जनसंख्या मध्ये दलितको जनसंख्या करिब ३७ हजार रहेको छ। यहाँका उपल्ला थरीका घरमा आजीवन काम गरिदिनका लागि दरिएका ( भूणे) प्रथाका दासका रूपमा दलित रहेका समुदाय पनि छन्। एकदमै नगन्य रूपमा वरिपरिका छिमेकीसँग मुकाविला गरेर आत्मसम्मानको जीवन जीउने प्रयत्न गर्न खोज्नेहरूले उचित वातावरण नपाएको अवस्था पनि रहेको छ। यहाँ दलितलाई "डुम" भन्ने शब्दले उच्चारण गर्ने गरिन्छ। जनआन्दोलन २०६२/०६३ पश्चात् नेपाल छुवाछूत मुक्त राष्ट्र घोषणा भैसकेको छ। तर यसको व्यवहारमा कार्यान्वियनको त कुरा कता हो यस बारेमा कुनै तहमा छलफल समेत भएको सुनिदैन। जातीयरूपमा सामाजिक समानताका लागि घोषणा र भाषणमा मात्र होइन, यसको कार्यान्वियनका लागि त दलित र गैरदलित भनिने दुवै वर्गको चेतनास्तर माथि उठ्न आवश्यक छ। बाजुराका दलितको शिक्षा क्षेत्रमा हेर्दा जम्मा १५१ (महिला) ले एसएलसी पास गरेका छन् भने बीए/एमए गरेका १८ जना (महिला ४) रहेका छन्। तर उच्च शिक्षा अध्ययन गरेकाहरू सबैले भारतमा आमा बाबुसँग बसेर नै अध्ययन गरेका र अहिले पनि उतै बसिरहेका छन्। सरकारी तथा गैरसरकारी क्षेत्रमा नोकरी गर्ने १४६ जना (महिला ८) रहेका छन् भने राजनीतिक सहभागितातर्फ स्थानीय निकायमा प्रतिनिधित्व गरेका ९९ जना (महिला १४), राजनैतिक दलको स्थानीय नेतृत्वमा पुगेका १७७ (महिला २७) जना र संसदमा पुगेका १ जना रहेका छन्। बाजुरामा भूमिहीन दलितको घरधुरी ४३३ (जनसंख्या २३७३) छ भने सशस्त्र द्वन्द्वबाट पीडितको संख्या ६३ (महिला १२) जना रहेका छन्। (स्रोतः नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ, दलित तथ्यांक संकलन, २०६३/०६४)

बाजुरामा दलितको सहभागिताको अवस्थालाई विश्लेषण गर्दा समुदायिक विकासका गतिविधिदेखि संविधान सभाको सभासदसम्म पुगेका छन्। सहभागिताको भऱ्याङ्ग हेर्दा एकातिर राजनीतिक सहभागिता समुदायको स्तरबाट माथि आएको छ भने अर्कातिर समुदायमा महिला, ज्येष्ठ नागरिक, बालबालिकाको अवस्था अझैं पछाडि रहेको छ। बाजुरामा दलितहरूले गर्ने पेशाहरूमा बाजा बजाउने, आरन लगाउने, छालाको सामग्री बनाउने, लुगा सिलाउने आदि छन्। परम्परादेखि वस्तुभाउ मरेपछि सिनो काट्ने, त्यसको मासु खाने जस्ता वानी पनि देखिन्छन्। दलित वस्ती फोहोर हुन्छन् र दलितहरूका घरहरू पनि फोहोरी हुन्छन् भन्ने बुझाइमा भने निकै सकारात्मक परिवर्तन भएको छ, सिनो खाने चलन पनि करिब हट्न थालेको छ। दलित वस्तीहरूको सरसफाइ पनि गैरदलित वस्तीको भन्दा पहिले जस्तो कमजोर नै छैन। मान्छेहरूको मानसिक सोचमा सकारात्मक परिवर्तन गर्न भने अझै अभ्यास आवश्यक छ। गैर दलितहरूले दलितहरूको पीडा महसुश गरिएन भने यसले जहिले पनि सामाजिक संघर्षको रूप लिनसक्ने सम्भावना रहिरहन्छ। सामाजिक शान्तिका लागि सबैको जीवनले बराबर सम्मान पाउनुपर्दछ।

बाजुरामा दलित वर्गको सहभागिताका लागि सामुदायिक समूहबाट अभ्यासको थालनी भएको छ। जिल्ला दलित नेटवर्कसँग बिभिन्न गाउँ विकास समितिहरूमा दलित समूहहरू गठन भएकाछन्। विशेषगरी बाजुरामा

केएर नेपालसँगको साझेदारीमा पीसविन, गिफ्ट, मिस जस्ता स्थानीय संस्थाहरूको संलग्नतामा कामहरू भएका छन्। जिल्ला दलित नेटवर्क दलित समूहहरूको जिल्लास्तरीय संजाल हो। दलित नेटवर्कसँग केएर नेपालको सहयोगमा आयोजना पश्चातको सहयोग कार्यक्रम सञ्चालन भएको थियो। यस परियोजनाको पहिलो चरणमा स्थानीय संस्थाहरू पीसविन, गिफ्ट र मालिका एकीकृत सामाजिक विकास संस्था साझेदार भएर सञ्चालन भएको थियो। यस परियोजनाले सामुदायिक वन उपभोक्ता महासंघ, जिल्ला दलित नेटवर्क र जिल्ला कृषि नेटवर्क र यिनका समूहहरूको संस्थागत विकास र कार्यक्रम व्यवस्थापन सीप विकासमा सहयोग गर्ने लक्ष्य रहेको थियो। जिल्ला दलित नेटवर्कले जिल्लामा सीनोको प्रयोग नगर्ने, जिल्लास्थित सरकारी तथा गैरसरकारी निकायहरूले दलितका सवालहरूलाई प्राथमिकता दिई कार्यक्रम सञ्चालन गर्नुपर्ने, जातीय छुवाछूत विरूद्ध जिल्लाव्यापी अभियान सञ्चालन गर्नेजस्ता पैरवीका क्रियाकलापहरू सञ्चालन गर्‍यो। परिणामस्वरूप जिल्लामा विभिन्न गाउँ विकास समितिहरूले दलित सवालहरूका लागि वजेट विनियोजन गर्ने, योजना तयारीमा दलित नेटवर्कको प्रतिनिधित्व अनिवार्य गर्नेजस्ता प्रारम्भिक कार्यहरूको सुरूवात भयो।

जिल्लास्तरमा राजनीतिक दल, सरकारी तथा गैरसरकारी संस्थाहरूसँग दलित सवालहरूमा अन्तरक्रिया, दलित र गैरदलितबीच सहभोजका श्रृंखलाहरू नै सञ्चालन गरिए। यसले गाउँगाउँमा दलितहरूका सवालहरूमा ध्यानाकर्षण हुने वातावरण तयार गर्‍यो। यसका साथै दलितहरूको संगठित हुने कार्यमा पनि सहयोग गर्‍यो। यस बीचमा दलितहरूलाई कुसंस्कारको कारणले बन्देज गरिएका मन्दिरहरूमा प्रवेश गर्ने र पूजाआजा गर्ने अभियान पनि सञ्चालन गरिए। जिल्ला दलित नेटवर्कको नेतृत्वमा संघसंस्थाहरूको सहयोगमा जिल्लाको प्रख्यात भगवतीको मन्दिर श्री वडीमालिका मन्दिर प्रवेश गरेर पूजा गरे। यसले दलितहरूप्रति भाग्य र पूर्वजन्मको व्याख्या दिई नथाक्नेहरूलाई कन्सिरी तताएको थियो। मन्दिरमा दलितहरू प्रवेश गरेर जुठो बनाइदिएको र यसले गर्दा नै पछिल्ला केही दिनका बाढी पहिरोहरू तथा प्राकृतिक प्रकोपहरू पर्दा दलितहरूले मालिका मन्दिरप्रवेश गरेकाले यो अनिष्ट परेको भन्ने अपशब्दमा गाली पनि सुन्नुपरेको थियो। छुवाछूतको कारण समाजको एक सशक्त र हातमा सीप र पाखुरामा जाँगर भएको वर्गलाई समाजको मूलप्रवाहबाट अलग गर्ने दुस्साहस गर्नेका विरूद्ध आवाज उठाएर दलित नेटवर्कका कार्यहरूको पक्षमा पक्षपोषण गर्नका लागि पीसविन आदि संस्थाहरूले दह्रिलो पहलकदमी लिएका थिए।

**अन्तरदलित समस्याः**

दलित तथा जातीय छुवाछूतको विषय उठान गर्दा दलित र गैरदलितबीचको विभेदमात्र कोट्याएर पुरा हुँदैन। यसका लागि दलितभित्रकै दलितहरूको पीडा अझ जटिल छ। कतिपय मामलामा गैरदलित सामाजिक छुवाछूत हटाउन व्यवहारमै तयार भैसकेको, तर दलितभित्रका गैरदलितका लागि परिवर्तन हुनका लागि जटिलता भएको अवस्था छ। बाजुरामा पनि कामी र दमाई, वादी, चँदारा, सार्कीहरूमा एक आपसमा छुवाछूतको अवस्थाले दरार सृजना गरेको छ।

दलितको सहभागितालाई नै अगाडि बढाउँदा स्थानीयस्तरका भएको सहभागिताले विकास र सामाजिक सवालहरूमा रूपान्तरण गर्न त सहयोग गरेको नै छ। तर प्रमुख रूपमा नीति निर्माण र ती नीतिहरूको कार्यान्वयन प्रमुख हो। जनआन्दोलनको सफलता र लोकतन्त्रको स्थापनापश्चात् नेपाल एक छुवाछूत मुक्त राष्ट्रको रूपमा घोषणा त भैसकेको छ। तर यसको कार्यान्वयन हेर्दा गाउँमा सो घोषणा भएको छ, जातीय छुवाछूतलाई हटाउनुपर्छ भन्ने न त थाहा नै छ, न त यसको वर्खिलाप भएमा कार्वाही नै भएको छ। माथि उल्लेख गरिएको समतामूलक समाज विकास केन्द्र र जिल्ला दलित नेटवर्कका अध्यक्षको रूपमा लामो समयसम्म महा नेपालीले गरे। उनी शैक्षिक योग्यताले निरक्षर नै हो। तर सवालको पैरवी कार्यले उनलाई प्रखर बनायो। दलित समूह र दलित नेटवर्कको संस्थागत सशक्तीकरणका लागि भएको लगानीले समाजलाई हेर्ने र बुझ्ने उनको दृष्टिकोणमा पनि खुलापन आएको पाइन्छ। फलस्वरूप संविधानसभा निर्वाचन २०६४ को सन्दर्भमा समानुपातिकमा समेत बाजुरा जिल्लाबाट नेपाल कम्युनिष्ट पार्टी (एमाले) र नेपाली काँग्रेसबाट दलितको नाम सिफारिस नभएकोमा दवाव र्‍याली र घेराउ गर्नमा नेतृत्व गरे। समानुपातिक उम्मेद्वारको सूची सच्याउने क्रममा उनको नाम समावेश भएर आयो। उनी अहिले नेपाली काँग्रेसबाट संविधानसभाको संविधानको रूपमा चयन भएका छन्।

सहभागिताको यस तहले उनका अगाडि अब बाजुराका दलितहरूका तमाम सवालहरू अगाडि बढाउन चुनौती अगाडि आएका छन्। सामाजिक संस्थाहरूको लगानी र थोरै सहजीकरणले सहभागिताको निर्णायक परिणाम दिनसक्ने यो एक उदाहरण पनि हो।

*(लेखक नेपान सदस्य हुनुहुन्छ र विगत १५ वर्षदेखि पीसविन बाजुराका अध्यक्ष तथा बाजुरा तथा सुदूरपश्चिममा नागरिक समाजको अगुवाका रूपमा क्रियाशील हुनुहुन्छ। इमेल सम्पर्कः peacewin_bjr@ntc.net.np*

## कविता

# किन



**– सन्जोग ठकुरी**

फोहर गर्ने तिमी
बनाउने तिमी
फाल्ने तिमी
अनी, गाली उठाउनेलाई किन ?

बाटो काट्ने तिमी
गाडी गुडाउने तिमी
अनी, ट्राफिकलाई सराप्ने किन?

काम चाडो चाहिने तिम्लाई
दस्तुर ख्वाउने हतारो तिम्लाई
अनी, भ्रष्टाचार विरूद्ध आवाज किन ?

नियम बनाउने तिमी
मिच्ने तिमी
फेरी कार्यान्वयनबारे दिक्क किन ?

उठ्ने तिमी
उठाउने तिमी
जित्ने तिमी
जिताउने तिमी
अनी, नेतृत्वमा विवाद किन ?

घर बनाउने तिमी
तला थप्ने तिमी
रङ्गाउने तिमी
बङ्गाउने तिमी
भत्काउने तिमी
अनी, आफ्नै घरमा खोट किन ?

तिम्रा लागि अन्न
उमार्ने तिमी
किन्ने तिमी
बनाउने तिमी
खाने तिमी
अनी फेरी खाँदा
अनुहार बिगार्ने किन ?

*(लगनटोल, काठमाडौं)*

# डोल्पामा डुल्दा देखिएको दलित भेद्‌भाव



▪ विष्णु न्यौपाने

*"म पेशाले किसान भए पनि, त्रिपुराकोट उप-स्वास्थ्य चौकीको सदस्यको नाताले गाउँको सेवा गर्न चाहन्छु। यहाँ ठूला पदमा ठूला जातिका व्यक्तिहरू हुनुहुन्छ। तसर्थ हरेक कुरामा मेरो पनि सल्लाह लिइँदैन। सान्है दुःख लाग्छ। के औषधि कति आयो भन्ने जानकारी हुनुपर्‍यो। गोष्ठी, सभामा सहभागी गराउनुपर्‍यो। सानो-ठूलो जाति भनेर भेद्‌भाव गर्नु भएन। हरेक क्षेत्रमा सम्मानजनक सहभागिता र अवसर हुनुपर्‍यो। "सयौं थुङ्गा फूलका हामी एउटै माला नेपालीको भाव सबै नेपालीका मनमा जागृत हुनुपर्‍यो नि !"*

कर्णाली अञ्चल, डोल्पा जिल्लाको जुफाल र त्रिपुराकोटको बीचतिर पर्ने भित्ती खोलाको छङ्छङ् आवाजमा म रमाइरहेको बेला यस्तै अपरान्ह चार बजेमाथि जुफालबाट तल आइरहेका एक व्यक्तिले मलाई एक्कासी सम्बोधन गर्नुभयो "नमस्कार हजुर !"। नौलो ठाउँमा यस्तो आत्मीयता पाउँदा मैले खुशीसाथ नमस्कार फर्काएँ। "कहाँ पुगेर आउनु भो ?" उहाँको दोस्रो प्रश्न थियो। मैले हाँस्दै भने, "त्रिपुराकोट देवीको दर्शन गरेर फर्कदै छु। अहा ! कति रमाइलो यो ठाउँ त।" हिंड्दा अलि थाकिएछ क्यार, मैले त्यही खोलाको बगलमा सानो रूखको छहारीमा बसी गफ गर्न थालें। उहाँले पनि त्यहीं बसी आफ्नो परिचय दिँदै भन्नुभयो, "मेरो नाम वाथे कुलाल", "रल्ली वडा नं. ३ बस्छु। अनि हजुर ?......."

मैले आफ्नो परिचय दिएँ। परिचय क्रमसँगै हाम्रो आत्मियता बढ्दै थियो। उहाँले पनि आफ्नो परिवारको कुरा गर्न थाल्नुभयो। हजुर मेरा बा लाटा थिए। उनको नाम पनि लाटा कुलाल थियो। आमाको नामचाहिं हरिकला कुलाल। मेरी श्रीमतीको नामचाहिं दूधकली कुलाल। उनीसँग जीवन धेरै बिताउन पाइएन। मैले कौतुहलतावश सोधेँ "किन र ?"

उनले भावुक हुँदै भने, "हाम्रो छोरा मुनबहादुर १ वर्षको हुँदा उनी बितिन्। अहिले छोरो १५ वर्षको भयो। मद्धु मा.वि.मा पढ्दै छ।

उहाँले यसपछि प्रसङ्ग बदल्दै भन्नुभयो। "तपाईं त बाहुन वा क्षेत्री हुनुहुँदो हो। हामी त दलित हौं।" उहाँले आफ्ना गुम्सिएका पोकाहरू बिस्तारै खोल्दै जानुभयो। मैले "जातले त म बाहुन हुँ, तर यस्तो जात-भातमा के कुरा रह्यो र अब ?" भनें। "कहाँ हजुर, यहाँ त दलितहरूलाई गरिने व्यवहारमा चाहिनेरूपमा परिवर्तन आएको छैन। उहाँको यो भावमा दलित हुनुको पीडा छचल्किरहेको थियो। मैले कौतुहलतावश सोधिहालें, "कस्तो भेद्‌भाव छ र अझै यहाँ ?"

उहाँले भन्दै गर्नुभयो, "नयाँ नेपालमा अब केही भए होला। जातीय भेद्‌भाव हटायो भनेर रेडियोले फुके। सबै क्षेत्रमा सहभागिताको कुरा चले। यी सबै देखाउनका निम्तिमात्र भएको छ; तर व्यवहारमा लागू भएन।

कुराकै क्रममा थाहा भयो उहाँ स्वास्थ्य क्षेत्रसँग पनि हालै सम्बद्ध हुनुभएको रहेछ। उहाँले भन्नुभयो, "म त्रिपुराकोट, उप-स्वास्थ्य चौकीको व्यवस्थापन समितिको सदस्य भएको १ वर्ष जति भयो। तर नाममात्रको भएको छु। दलित सहभागिता चाहिन्छ भनेर राखेका हुन् जस्तो लाग्छ। सकेसम्म हेप्न खोज्छन्। गोष्ठी आदिमा बोलाउँदैनन्। औषधी आए-नआएको थाहा पनि छैन।

यहाँ स्वास्थ्यमा धेरै अप्ठ्याराहरू छन्। एउटा सानो केही उपचार गर्न पनि सदरमुकाम नै पुग्नुपर्छ। सिटामोल पनि सजिलो गरी भनेको बेलामा पाउन गाऱ्हो हुन्छ। हाम्रो जीवनमा स्वास्थ्यले निकै ठूलो महत्व राख्दछ, यसमा कसैले पनि लापरवाही गर्नु हुँदैन भन्ने मेरो मान्यता हो। दलित भएकै कारण सूचना अनि सामाजिक कामबाट वञ्चित हुनुचाहिं एउटा विडम्बना नै हो।


"यो भेद्‌भावका बारेमा मेरो छोराले पनि मसँग बेलावखत प्रश्न उठाउँछ। तर म भनें खालि, समयले ठिक गर्छ, अहिले चूप लागि बस् भन्नुको विकल्प छैन" उहाँको भनाई थियो।

मैले भनें, अब नयाँ चेतनाको उजागरसँगै, समाजमा रहेका रूढीवादी परम्परा हट्ने आशा गर्न सकिन्छ। यसमा उहाँले पनि सहमत जनाउनुभयो।

"अब यो बन्न लागेको नयाँ नेपालमा के भइदिए दलित जातिहरूलाई राम्रो हुन्थ्यो जस्तो लाग्छ ?" उहाँको विचार जान्न खोज्दै मैले सोधें। "म पेशाले किसान भए पनि, त्रिपुराकोट उप-स्वास्थ्य चौकीको सदस्यको नाताले गाउँको सेवा गर्न चाहन्छु। यहाँ ठूला पदमा ठूला जातिका व्यक्तिहरू हुनुहुन्छ। तसर्थ हरेक कुरामा मेरो पनि सल्लाह लिइँदैन। सान्है दुःख लाग्छ। के औषधि कति आयो भन्ने जानकारी हुनुपर्‍यो। गोष्ठी, सभामा सहभागी गराउनुपर्‍यो। सानो-ठूलो जाति भनेर भेद्‌भाव गर्नु भएन। हरेक क्षेत्रमा सम्मानजनक सहभागिता र अवसर हुनुपर्‍यो। "सयौं थुङ्गा फूलका हामी एउटै माला नेपालीको भाव सबै नेपालीका मनमा जागृत हुनुपर्‍यो नि !"- उहाँको यो अभिव्यक्तिले मलाई समेत निक्कै भावुक बनायो।

*(लेखक तक्षशीला एकेडेमी, काठमाडौंका विज्ञान शिक्षक एवं वातावरण तथा स्वास्थ्य सहजकर्ता हुनुहुन्छ।*
*इमेल सम्पर्कः nature.bishnu@gmail.com*

■ घटना अध्ययन



# आरनको संसार
# खरले छाउने धोको

***सानो आरन छेवैंमा बसेका रामचन्द्रसँग अव कुनै ठूलो सपना छैन। "स्याउलाले छाएको आरन चुहिने भएको छ तर खरले सम्म छाउन सकेको छैन। आरन मर्मत गर्नपाए पुग्यो।" यत्तिनै उहाँको धोको छ।***


बाह्र वर्षको उमेरमा तनहुं भानु गाविसका रामचन्द्र विश्वकर्माको कलिला हातले, हथौडा लिएर फलाम पिट्न थालेको थियो। करिव साढे ५ दशकअघिको यो सुरूवात परिपक्व पेशामा रूपान्तरित भइसकेको पनि धेरै भयो। उनका कलिला हात, फलाम ठटाउँदा ठटाउँदै वलिष्ठ हुँदै गए। आजभोलि त भारी काम गर्दा कताकता गाह्रो भएझैं हुन्छ। ६८ औ बसन्त पार गरिसक्नुभएका विश्वकर्माले यो अवधिमा कम्तीमा ८-१० हजार कुटा, कोदाला हंसियाजस्ता हतियार बनाउनुभयो होला, "तर ८-१० हजार रूपैयाँ पनि जोगिएन" असन्तुष्ट मुद्रामा रामचन्द्र भन्नुहुन्छ।

बाह्र वर्षको उमेरमा शुरूमा मैले बञ्चरो बनाएँ। "पहिलो दिन बनाएको बञ्चरो सानो, चिटिक्क, राम्रै भा'थ्यो।" जीवनको एक कुईनेटामा आइपुग्दा रामचन्द्र आफू हिंडेको बाटो फर्केर हेर्दै भन्नुहुन्छ। "कति टल्काईयो कति", "जति हतियार टल्काए पनि एउटा चिटिक्कको इष्टकोट कहिल्यै हाल्न सकिएन्" उहाँ भन्नुहुन्छ। २/४ पैसा बचत गर्न नसकेकोमा आफ्नै मुटु चिमोटेर बोलेजस्तो लाग्छ। तर उहाँमा आफ्नो श्रमप्रति भने गर्व र जोश ओइलाएको छैन। "अझै त गर्न सकिन्छ, के को बुढेसकाल लाग्नु" ७२ वर्ष पुगिसक्नुभएका रामचन्द्र जोशिलै हुनुहुन्छ। हुन त यो उमेरमा पनि आफ्नो पेशालाई निरन्तरता दिनु आफैंमा जोश हो। सँगैका दौतरी घरको आँगनमा सिमित भएर नाति नातिना खेलाएर दिन काट्न थाले। तर उहाँको कुरा नै बेग्लै।

एक विहानको बसयात्राबाट पुगिने नारायणगढ बजार पानीपँधेरो झैं छ। "कोइला सकिए जाने त्यही हो, फलाम सकिए जाने त्यही हो। अनि पानी पंधेरो भएन त।" दाँत नभए पनि रामचन्द्रले पीडा लुकाएर हाँस्न जानेझैं लाग्छ। नजिकैको दमौली बजारमा पनि फलाम नपाइने हैन, तर २/४ पैसा सस्तोका लागि नारायणगढ बजार पुग्नु उहाँको बाध्यता हो। "बनाएका हंसिया खुर्पा उतै बेच्यो अनि एक क्विन्टल फलाम लिएर फर्क्यो।" एक क्विन्टल फलाम ? धेरैलाई अचम्म लाग्ला तर लगातार काम गर्ने हो भने एक महिनालाई पनि पुग्दैन। दिनको ४ वटासम्म हतियार बनाउँछु। उहाँ भन्नुहुन्छ "हतियारको पचासदेखि ६ सयसम्म पर्छ, मेहनत अनुसार।" यस्तो व्यस्तता दौडधूप, व्यापार, तर पनि अभाव ? "१४ जनाको परिवार पाल्न कम खर्च चाहिन्छ त ?" उहाँ जंगिदै भन्नुहुन्छ। छोराहरू गाउँमा बसेर पार नलागिने भन्दै विदेश गए। छोराहरूलाई आरनकै काममा अल्झाउन कम्ती जोड गर्नुभएन उहाँले, तर सकेनन्। एउटा नाति बुढेसकालको सहारा बनेका छन्।

सानो मेसोले कहिल्यै २ पैसा नजोडिएपछि पेसो फराकिलो पार्न भनेर उहाँले केहि ऋण पनि लिनुभयो। एउटा खेतालो पनि थप्नुभयो। यसपछि भने केही पैसा जोगाउने उहाँको दाउ छ। ऋणसँगै एउटा झण्झट पनि आइनलागेको होइन। ऋण लिएपछि अनिवार्य मासिक बचत गर्नुपर्ने भयो। "ठिकै छ २/४ पैसा बच्ला", उहाँलाई अव भ्यागुताको धार्नी पुग्ला कि भन्ने झिनो आशा छ। सानो आरन छेवैंमा बसेका रामचन्द्रसँग अव कुनै ठूलो सपना छैन। "स्याउलाले छाएको आरन चुहिने भएको छ तर खरले सम्म छाउन सकेको छैन। आरन मर्मत गर्नपाए पुग्यो।" यत्तिनै उहाँको धोको छ। एक वर्षअघि पसल खोलेको छिमेकीले खरको गोठ च्यातेर टलक्क टल्कने टिन लगाए। तर स्याउले आरन मर्मत गर्ने रामचन्द्रको सपना कहिले पूरा होला ?

**प्रस्तुतिः कृष्ण ज्ञवाली**



# सहभागिताको पीडा

■ कमल फुयाल

***सुरूसुरूमा त सबैको हाईहाईले सुन्तली दिदीलाई प्रफुल्ल तुल्याएको थियो। तर, बिस्तारै बिस्तारै उनलाई दैनिक जीवनमा कठीनाई परेको महसुस हुन थाल्यो। यसबारे उनले संस्थाका सहजकर्ता गाउँमा आउँदा कुरो पनि उठाइन्। तर, जनसहभागिता बिना कार्यक्रम सफल नहुने, 'स्थानीय सहभागिताले नै गरिबहरूको सामाजिक अवस्थामा परिवर्तन आउने' जस्ता तर्क दिइयो। जनसहभागिता बिना कार्यक्रम प्रभावकारी हुन नसक्ने। जनसहभागिताले मात्रै विकास सम्भव हुने आदि इत्यादि तर्कले उनलाई चुप्प बनायो।***

'पि.एल.पि.पि.ए.' अर्थात् 'पार्टीसिपेटरी लाइभस्टक प्रोजेक्ट फर पोभर्टी एलीभिएसन' अर्थात् गरिबी निवारणका लागि सहभागितामूलक पशुपालन परियोजना। परियोजनाका कर्मचारीहरू छोटकरीमा यसलाई 'पिएलपि' भन्छन्। गाउँलेहरूले चाहिँ यसलाई 'पिल्पी' भनेर जान्दछन्।

काठमाडौंस्थित 'गरिबी निवारण अभियान' नामक संस्थाको अगुवाईमा पाल्पा जिल्लाको पूर्वी भेगको एउटा मगर गाउँको गरिबी निवारण गर्ने उद्देश्यले एकवर्ष अगाडिबाट 'पिएलपि' कार्यक्रम सुरू भएको हो। यस कार्यक्रमको लागि सहयोग गर्ने दातालाई चाहिँ गाउँलेहरू चिन्दैनन्। एकवर्ष अगाडिको कुरो हो, 'पिएलपि' कार्यक्रम लागु गर्न काठमाडौंबाट संस्थाका कर्मचारीहरू गाउँमा आए। गाउँमा भेलाहरू गरिए। गाउँकै अधिकारी थरका एकजना नेताले भेलाहरूको नेतृत्व गरे। ती भेलाहरूमा 'जनताका लागि जनताहरूकै निर्णयमा जनताहरू स्वयं नै लागेर विकास गर्नुपर्ने' खालका थुप्रै छलफलहरू भए। गाउँले मगर दाजुभाईहरूले यी कुराहरूलाई बिघ्नै मनपराए।

'पिएलपि' कार्यक्रमका सहजकर्ताहरूले बाख्रापालन कार्यक्रमबारे व्यापक प्रचार-प्रशार गरे। बाख्रा पालनको महत्वबारे थुप्रै छलफलहरू गरिए। प्रारम्भमा त स्थानीय जनताहरूले बाख्रापालन कार्यक्रम त्यत्ति मन पराएका थिएनन्। 'बाख्रा त पालिएकै हो र हामी आफै पाल्न सक्छौं, घाँसको अभाव बढ्दो छ, हुर्काउन समय लाग्ने, बिक्रि गर्दा त्यत्ति भाउ पनि नपाइने' आदि तर्क थियो उनीहरूको। बरू, अरू नै कार्यक्रम गर्न पाए हुन्थ्यो भन्ने चाहना पनि व्यक्त नगरेका होइनन् गाउँलेहरूले। तर, केन्द्रमा नै निधो गरिएको कार्यक्रम बदल्न मिलेन। यदि दाता-संस्थाले पहिल्यै कार्यक्रम निधो गरिसकेको छ भने त्यो कार्यक्रमलाई कसरी सहभागितामूलक कार्यक्रम भन्न सकिन्छ ? भन्ने प्रश्न पनि उठ्यो गाउँमा। तर, यस प्रश्नको चित्तबुझ्दो जवाफ आउन त सकेन तापनि 'पिएलपि' कार्यक्रमको सुरूआत भयो।

स्थानीय सहजकर्ताहरू गाउँमा आए। हप्तौं लगाएर गाउँको पिआरए/लेखाजोखा गरियो। गाउँमा गरिबहरू को-को छन् पत्ता लगाइयो। स्थानीय स्रोतहरू के-के छन् र तिनको उपयोग कसरी भएको छ भनेर विश्लेषण गरियो। प्रतिवेदन तयार पारियो। गरिबी निवारणका लागि 'विस्तृत योजना' पनि बन्यो। योजनाअनुरूप नै गरिब महिलाहरूको एउटा समूह बन्यो – 'बाख्रा पालन महिला समूह'। समूहका अगुवा बनिन् डाँडागाउँकि एक दिदी – सुन्तली मगर। समूह अध्यक्ष बनेको दिन सुन्तली दिदीको फूर्तिको सिमै थिएन। जीवनमा कहिल्यै कसैले खोजखबर नगर्ने, बाटाँ हिँड्दा कसैले मान्छे नगन्ने, गाउँमा कुनै सामाजिक हैसियत नराख्ने विपन्न वर्गको सुन्तली दिदीले जीवनमै पहिलो पटक समूहको अध्यक्ष पद पाउँदा सिंगो सन्सार जितेको जस्तो लाग्यो उनलाई। समूहको जिम्मेवारीसहित उनलाई संस्थाले गरिबी निवारण कार्यक्रमअन्तर्गत् दुईवटा बाख्रा पनि दियो। उक्त बाख्रा ऋण कार्यक्रमका रूपमा दिइएको थियो। बिनाब्याजी ऋण र त्यो पनि पाँचवर्ष भित्रमा किस्तावन्दी रूपमा तिर्दा हुने।

समूह अगुवा बनेको दोस्रो हप्तामा नै सुन्तली दिदी बाख्रा पालनसम्बन्धी तालिम लिन पोखरा जाने भइन्। यो उनको जीवनको पहिलो भ्रमण थियो। कहिल्यै पाल्पा काटेर बाहिर जाने अवसर नपाएको उनको जीवनमा यो भ्रमणले ठूलो महत्व राख्दथ्यो। सात दिनको तालिम कार्यक्रमले बिघ्नै प्रभाव पाऱ्यो सुन्तली दिदीमा। तालिमले प्राविधिक कुरो पनि धेरै सिकायो, समाजमा खुलेर बोल्न सक्ने बनायो। पोखराबाट फर्केर आउँदा संस्थाबाट पाएको भत्ताको रकमबाट बुढा र लालाबालाको लागि केही उपहार पनि ल्याइन्। परिवारका सबैजना खुसी भए।

तालिमबाट फर्केपछि उनको व्यस्तता झनै बढ्यो। समूहको बैठक महिनामा दुईपटक। समूहका सदस्यहरूलाई परिचालनका लागि गर्नुपर्ने कुदाकुद। संस्थाका सहजकर्ताहरूको गाउँ भ्रमण हुँदा उनीहरूसँगको भेटघाट। संस्थाले गाविसमा गठन गर्न लागेको अन्य समूहका सदस्यहरूलाई पनि कुरा बुझाउन हिँड्नै पऱ्यो। संस्थाका सहजकर्ताहरूले गाउँमा आउने माध्यम पनि सुन्तली दिदी नै भएको कारण उनीहरू गाउँमा आउँदा खानपिनको व्यव्यस्था गर्नुपर्ने अतिरिक्त भार पनि थपिएकै थियो। सुरूसुरूमा त सबैको हाईहाईले सुन्तली दिदीलाई प्रफुल्ल तुल्याएको थियो। तर, बिस्तारै बिस्तारै उनलाई दैनिक जीवनमा कठीनाई परेको महसुस हुन थाल्यो। यसबारे उनले संस्थाका सहजकर्ता गाउँमा आउँदा कुरो पनि उठाइन्। तर, जनसहभागिता बिना कार्यक्रम सफल नहुने, 'स्थानीय सहभागिताले नै गरिबहरूको सामाजिक अवस्थामा परिवर्तन आउने' जस्ता तर्क दिइयो।। जनसहभागिता बिना कार्यक्रम प्रभावकारी हुन नसक्ने। जनसहभागिताले मात्रै विकास सम्भव हुने आदि इत्यादि तर्कले उनलाई चुप्प बनायो। समय बित्दै गयो। सुन्तली दिदीको परिवारबाट पनि गुनासाहरू आउन थाले। सुरूसुरूमा त उनले आफ्ना श्रीमान र अन्य सदस्यहरूलाई बुझाउने प्रयास गरिन्। तर, आफू स्वयंलाई पनि चित्त नबुझेको कुरा अन्यलाई बुझाउन के सक्थिन् र !

उनको घरमा जम्मा चारवटा बाख्रा थिए। दुईवटा संस्थाले दिएको र दुईवटा पहिलेदेखिकै आफ्नै। संस्थाको बाख्रालाई विशेष हेरचाह गर्नुपर्ने अवस्था आईपरेको थियो। झण्डै-झण्डै हप्तैपिच्छे जस्तो संस्थाका मान्छेहरू बाख्रा

कार्यक्रम अनुगमन गर्न आउँथे। बाख्रा अलिकति मात्रै दुब्लाएको देखिए पनि अनेक थरी प्रश्न गरिन्थ्यो। घरमा भएका चार बाख्राहरूबीच पनि भेद्भावको स्थिति पैदा भएको थियो। संस्थाका दुई बाख्राले विशेष सेवा पाउने र अन्य दुईले दोस्रो स्तरको स्याहारसुसार मात्रै पाउने। सुन्तली दिदीको मनमा पनि खड्किन थालेको थियो यो परिस्थिति।

हुन पनि 'पिल्पी'ले सुन्तली दिदिलाई साह्रै पिरोल्न थाल्यो। उनले हिसाब गरिन् कि 'गत पुस महिनामा उनले 'पिल्पी'को लागि कति समय दिनु पर्‍यो भनेर'। पुस महिनाको एकगते संस्थाका सहजकर्ताहरू बिहानै आईपुगे र तीनदिन पश्चात् 'काठमाडौबाट सरहरूले पिएलपी कार्यक्रम हेर्न आउने योजना बनाइएको' कुरा बताए। तिनकाअनुसार अन्य कार्यक्षेत्र टाढा पनि पर्ने र अन्यत्र सुन्तली दिदी जस्तो बोल्न सक्ने र सहयोगी सहभागी नभएको कारण यसै गाउँमा ल्याउन लागिएको थियो। काठमाडौबाट को-को आउँछन्, तिनलाई कहाँ-कहाँ घुमाउने र के-के देखाउने, तिनले सोध्न सक्ने सम्भावित प्रश्नहरू के-के हुन्, ती प्रश्नहरूलाई कसरी जवाफ दिने, तिनको खानपानको व्यवस्था कहाँ गर्ने र के-के खुवाउने आदि कुराहरूबारे छलफल गर्दा लगभग दिनभरीको समय बित्यो। यसरी पुस एकगतेको पुरै दिन सुन्तली दिदीको समय 'पिल्पी'कै लागि बित्यो। पुस तीनगतेको भ्रमण कार्यक्रमको लागि वरपरका छिमेकीलाई खबर गर्ने, खानपिनको बन्दोवस्त मिलाउने, बाख्राको खोर सफा गर्ने, बाख्राहरूलाई पनि तयार पार्ने, बैठकका लागि ठाउँ मिलाउने आदि कामले पुसको दुईगतेको दिनभरी पनि बित्यो।

पुस तीनगते बिहानै गाउँमा दशजनाको टोलीको आगमन भयो। काठमाडौबाट दुईजना हाकिम साबहरू, जिल्लाका चारजना सरहरू, दुईजना सहजकर्ताहरू, जिल्लामा बस्ने गाउँका एकजना नेता र जिल्ला विकास समितिका कार्यक्रम अधिकृतको सहभागिता थियो भ्रमण टोलीमा। आउने बित्तिकै चीयापान कार्यक्रम, त्यसपछि बाख्रा हेर्ने कार्यक्रम, बाख्रा पाल्ने किसानहरूसँग भेटघाट, त्यसपछि खानपिन र अन्त्यमा समूहसँग बैठक सकिँदा दिनको दुई बजिसकेको थियो। कार्यक्रमको अन्त्यमा काठमाडौबाट आएका संस्थाका हाकिमसाबले मन्तव्य व्यक्त गर्नुभयो - "......... तपाईहरूसँग भेटेर धेरै नै खुसी लाग्यो। विकासको कार्यक्रममा यहाँहरूको अत्यन्तै सक्रिय सहभागिता देख्दा ज्यादै नै हर्षित छु। यस्तो सक्रिय सहभागिताले यहाँको गरिबी निवारणमा उल्लेख्य योगदान दिनेछ। सुन्तली दिदीलाई विशेष धन्यवाद छ। नेपालमा सयजना मात्रै सुन्तली दिदीहरू भएमा मुलुकको मुहार फेर्न सकिन्छ। जनता जागेमा के हुँदैन ? हाम्रो मुलुकको विकास हुन नसक्नुको मूख्य कारण नै जनसहभागिता नजुटेर हो। ..........। ...............।" दिनको तीनबजेतिर कार्यक्रम सकियो र संस्थाका प्रतिनिधिहरूको बिदाईपछि सामाग्रीहरूको राखनधरन, भान्साको धन्ना सक्दावर्दा सुन्तली दिदीको त्यो दिन पनि पुरै गयो।

पुस पाँचगते संस्थाको जिल्ला शाखाले भ्रमण कार्यक्रमको समीक्षा गर्ने भनेर समूह बैठक डाक्यो। सबै सदस्यहरूकोमा सूचना पुर्‍याउने, सबैलाई भेला गराउने, बैठकका लागि कागजात ठिक पार्ने, छलफल चलाउने आदि कार्यहरू गर्दा लगभग चारघण्टा बित्यो। बैठक सकिएपश्चात् पनि संस्थाका सहजकर्ताहरूका लागि चिया पकाउने, उनीहरूको कुरा सुन्ने, बीचबीचमा सोधेका प्रश्नको जवाफ दिने आदि कुराहरू गर्दा त्यो दिन पनि त्यसै घर्कियो।

पुसको दोस्रो हप्तामा जिल्लाभरिका समूह प्रतिनिधिहरूलाई आगामी वर्षका लागि जिल्ला सदरमुकाममा हुन गइरहेको 'योजना तर्जुमा बैठक'मा सहभागी हुनका लागि पत्र आईपुग्यो। मगर गाउँबाट सुन्तली दिदी नै आउनु भनेर नामै तोकिएर लेखिएको थियो पत्रमा। जाने, आउने र दुईदिनको बैठक गर्दा जम्मा तीन दिन बैठकले खायो। बैठकले आफ्नो गाउँका सबै सदस्यहरूको तथ्यांक संकलन गर्ने जिम्मेवारी दिएर पठायो र त्यसले अर्को दुइदिन खायो। यसरी पुस महिनाभरिमा 'पिल्पी' कार्यक्रमले सुन्तली दिदीको बीस दिन खाइदियो।

अब त सुन्तली दिदीको घरमा ठाकठुक पनि सुरू हुन थाल्यो। एकदिन उनका श्रीमानले टन्न रक्सी खाएर घरमा आएर सुन्तली दिदीसँग निहुँ खोज्न थाले। त्यो दिन उनको घरको कचकच भनाभनबाट सुरू भएर स्थिति हात हालाहालसम्म पुग्यो। बूढाले सुन्तली दिदीलाई जीवनमै पहिलोपल्ट लात्तैलात्ताले गोदे। दिदीले पनि रीसको झोँकमा अगुल्टोले हानिदिइन्। रक्सी नखाँदा त बडो भलाद्मी मानिस उनी हत्तपत्त रक्सी पनि खाँदैनथे। सुन्तली दिदीलाई लाग्यो 'आज बूढाले मसँग कुरा गर्ने साहस जुटाउनका लागि पनि रक्सी खाएछन्'। आज भने उनलाई बडो विरक्त लाग्यो। यो 'पिल्पी' कार्यक्रमले सोझो बूढालाई रक्स्याहा बनाउने भयो। कार्यक्रम सञ्चालन हुनुअघिसम्म घरमा खानपानको अभाव भए तापनि झैझगडा चाहिँ भएको थिएन। त्यो दिनबाट 'पिल्पी' कार्यक्रमले घरमा झगडाको सुरूआत गरायो।

■ ■ ■

"लैजाओ तिमारको बाख्रा। चाहिँदैन मलाई यस्तो कार्यक्रम" - आज चाहिँ सुन्तली दिदीको रीसले डाँडो नै काट्यो। माघ एकगते बिहानै संस्थाको केन्द्रीय कार्यालयबाट प्राप्त पत्र लिएर आएका सहजकर्ताहरूलाई खाउँला झैँ गरेर झम्टिइन् उनले। संस्थाको अन्तर्राष्ट्रिय कार्यालयबाट नेपालमा 'पिएलपि' कार्यक्रम हेर्न आउने जानकारी काठमाडौंलाई पठाएछ। काठमाडौले ती अन्तर्राष्ट्रिय प्रतिनिधिहरूलाई पाल्पाको यसै मगर गाउँमा ल्याउने निर्णय गरेछ र माघ दश गतेको लागि "विदेशबाट ठूलै टोली आउँदैछ भ्रमणका लागि सबै बन्दोवस्त मिलाउनु - विशेष तयारी गर्नु, संस्थाको इज्जतको सवाल छ" भनेर पत्र लेखेर पठाएछ र सोहीअनुरूप भ्रमणको चाँजोपाँजो मिलाउन सहजकर्ताहरू जिल्लाबाट सुन्तली दिदीकोमा आएर कुरा मात्र के राखेका थिए सुन्तली दिदीको धैर्यताको बाँध टुट्यो। "जम्मा दोटा बाख्रा दिएर गरिबी घटाउने भाका। तिमारको बाख्राले मेरो घरमा झगडा पार्‍यो। केटाकेटीहरूले स्कूल जान पाएनन्। बूढोले कतिदिन भोकभोकै काममा जानु परेको छ। मेरो घर भाँड्न आका सालेहरू।"

वरपरका छिमेकीहरू पनि जम्मा हुन थाले। कहिल्यै कराएको नसुनेको सुन्तली दिदीको यो अवस्था देखेर छिमेकीहरू पनि छक्क परे। समूहका सदस्यहरू पनि जम्मा भए। सबैले सुन्तली दिदीको कुरामा सही थापे गाउँलेहरूले। आफूहरूको पनि घरको काम भाँडिन थालेको कुरा गरे। दुईजना महिलाहरूले त 'धन्न यो कार्यक्रममा सहभागी भइएनछ' भनेर खुसी पनि व्यक्त गरे।

जिल्लाबाट आएका सहजकर्ताहरू चुपचाप फर्के। "हुन पनि अति नै भएको हो है गाउँलेहरूलाई। आफ्नो काम भन्न पाउनु छैन। कहिले केको बैठक, कहिले केको बैठक, कहिले सर्भेक्षण, कहिले तालिम, कहिले के। अनि गाउँलेहरू रिसाउँदैनन् त ?" एउटा सहजकर्ताले आफ्नो बिचार राख्यो। "हामी त अह्राएको काम गर्ने हो। हाकिम साबहरूको कुरा काट्न सकिँदैन। केन्द्रको नीतिअनुसार काम गर्ने हो" अर्कोले बोल्यो। "यसरी सबै कुरा माथिबाटै निधो गर्ने हो भने के को जनसहभागिताको कुरा गर्नु ? जनताको इच्छा एकातिर छ। जनताको आवश्यकता एकातिर छ। कार्यक्रम सबै माथिबाटै निर्णय भएर आउँछ यत्रोको जनसहभागिता ! जिल्लाका सबै महिलाहरूको व्यथा उस्तै छ। सुन्तली दिदीले भनिन्, अरूले भन्न सकेका छैनन्। फरक यत्ति हो।" सहजकर्ताहरू पनि भुतभुताउँदै जिल्लातिर फर्किए। ■

*लेखक नेपाल सदस्य हुनुहुन्छ।*

# दलितलाई हेर्ने नजर



■ शम्भु रसाली

***ठूला-ठूला पदमा रहेका दलित, धनाढ्य, राजनीतिज्ञ, शिक्षित दलितहरू जात ढाँटेरमात्र होइन आफ्नो थर नै परिवर्तन गरेर बस्न बाध्य भएका छन्। हाम्रो सामु यस्ता व्यक्ति धेरैछन् जसले जात ढाँटेर अन्तरजातीय विहे गर्ने र आफ्नो जन्म दिने बाबु-आमा लगायत सम्पूर्ण समाजलाई नै त्यागी भिन्दै बस्ने परिपाटीसम्म आएको पाइन्छ। यसरी मानिस बेइजती भएर बाँच्न नपरोस्, मानिसले मानिसलाई पशुलाई भन्दा पनि तल्लो नजरले हेर्ने र उनीहरूसंग अभद्र व्यवहार गर्ने परिपाटीको चाँडै नै अन्त्य होस्।***

सामान्य अर्थमा जो सामाजिक रूपले पिछडिएको, आर्थिक, शैक्षिक, राजनैतिक र साँस्कृतिकरूपले समेत वञ्चितिमा परेको, समाजबाट दबिएका, हेपिएका मानिसहरूको समूह वा जातजातिको समूहलाई दलित भनिन्छ। तर नेपालको परिवेशमा हिन्दू धर्म अनुसार सुद्र वर्ण पर्ने, सामाजिक रूपले पानी नचल्ले, मानिस मानिसबीच छोईन नहुने, अछूत जातको नामले चिनिने र परम्परादेखि नै सेवादारीको कामगर्ने वर्गमा दलित पर्दछन्। उदाहरणको लागि धातुको काम गर्ने, लुगाकपडाको काम गर्ने, छालाको काम गर्ने, खेतीपातीको काम गर्ने वर्ग, जात-जाति वा मानिसहरूको समुदायलाई नै दलित भन्ने गरिन्छ। जीवनयापन गर्नुपर्ने तर आर्थिकरूपले अति नै कमजोर भएको कारणले यिनीहरू सडेंगलेको, अरूले फालेको यहाँसम्मकि मरेका पशु पनि खान वाध्यभएका थिए र अझै पनि कतिपय स्थानमा यस्तो जीवन बिताउन दलितहरू बाध्य भएका छन्। मानिस चन्द्रमामा पुगिसकेको अवस्थामा नेपालमा यस्तो हुनु यो दलितका लागि मात्र नभएर अन्तर्राष्ट्रिय जगत कै लागि आश्चर्यको कुरा हो भने नेपाली जनता र यस देशको सरकारको लागि लाजमर्दो कुरा हुनुपर्ने हो, तर के खाएर होस् थाहा भएको भए त यस्तो हुने नै थिएन, होइन र ? तैपनि यहाँका नेताहरूले छुवाछूतमुक्त राष्ट्रको रूपमा नेपाललाई घोषणा गर्न पछि परेका छैनन्। 'बिरालो सेतो होस् वा कालो तर त्यो बिरालो मुसा मार्ने हुनुपर्छ' भनेझै यहाँको सरकार वा पार्टीका नेताहरूले छुवाछूतमुक्त देश घोषणा गरेपनि या नगरे पनि यहाँको कानुन छुवाछूत गर्नेलाई कडाभन्दा कडा कारर्वाही गर्ने कानुन हुनुपर्ने होइन र ?

नेपालमा विभिन्न जातजाति रहेका छन्। हिन्दु धर्मअनुसार, ति जातजातिलाई चार वर्णमा बाँडेको छ जुन होः ब्राम्हण, क्षेत्री, वैश्य र सुद्र। यस्तै गरी काम पनि वर्णको आधारमा बाँडेको छ। सुद्र वर्णमा रहेका जातहरूलाई राम्रो काम गर्न, राम्रो खान, राम्रो लगाउन, राम्रो स्थानमा बस्नको लागि यसको सुरूवातबाट नै वञ्चित गरिएको रहेछ। यतिमात्र नभएर उनीहरू कहिल्यै एकजुट हुन नसकून् भन्ने अभिप्रायले अन्तर छुवाछूतको व्यवस्था गरिदिनु, एकै ठाउँमा बस्न नदिनु, माथिल्ला जात भनिनेहरूको कुटिल चाल भएको पाइन्छ। जसले गर्दा अझै पनि उनीहरूमा एकताको भावना र एक आपसमा मेलमिलापको भावना नभएको पाइन्छ। उनीहरूले अझै पनि एकअर्काप्रति तिक्ततापूर्ण व्यवहार गरेको पाइन्छ भने अरूको त के कुरा गर्नु र ! अझै रमाइलो कुरा त के छ भने मैले एउटा पत्रिकामा एक जना परियारको लेख म सानो छँदा पढेको थिएँ जसको शीर्षक नै 'दमाईको शत्रु कामी' थियो। यसरी जान्ने बुझ्ने भनाउँदाहरू पनि अन्धाधुन्धमा आफू-आफूमै वैचारिक सघर्ष गरी पछाडि परेको पाइन्छ। के यो सबै दलितका निम्ति दुःखको विषय होइन र ? यस्तो व्यवहारदेखि हामी सबै दलित र गैरदलितलाई लाज लाग्नुपर्ने हो तर हामी नेपाली जसलाई लाजको नै अर्थ के थाहाँ छ र ?

अतीततिर फर्कर हेर्दा, जात ढाँटेर ज्यापूका घरमा बस्नु परेको थियो, त्यसमा पनि डराई डराई। त्यही समयको कुरा हो, म बस्ने घरमा एक जना चौधरी बहिनी बस्थिन् तिनले पनि जात ढाँटेर बसेकी रहिछिन् त्यो कुरो हामी कसैलाई थाहै थिएन। उनीसंग सबैको राम्रो सम्बन्ध थियो। तर दुर्भाग्य भनौं या के भन्ने पल्लो घरमा एक जना क्षेत्री भाई बस्थे तिनी पनि उनकै गाउँका रहेछन्। जो जहाँ बसे पनि जसले जसलाई बसाए पनि अरूलाई चासोको विषय बन्न नपर्ने होइन र ? तर त्यहाँ ठिक उल्टो भयो। छिमेकी भाइले आफ्नो घरबेटीलाई हामी बस्ने घरमा एकजना 'कमेनी केटी' बस्छे भनेर भनिदिएछन्। एउटा उखान छ रून खोजेको आँखो घोचेको भने जस्तै ती गुरूङ्ग महिलाले हाम्रो घरबेटीलाई पैसा भनेपछि त दलितलाई पनि घर राख्न थाले भनेर टोलमा कुरा काट्दै हिँड्न थालिछन्। त्यती भएपछि के चाहियो र, त्यो कुरा हाम्रो घरबेटीको कानमा पुग्यो। अनि त्यस घरमा विनासकारी दैवी-प्रकोप आएजस्तै हुन थाल्यो। यहाँसम्म कि त्यो कुराले टोलमा व्यापकता नै लियो कस्तो अचम्म हामी त तीनछक्क नै पर्‍यौं। विश्वकर्मा बहिनीलाई घरबाट सकेसम्म चाँडो निकाल्ने कुरा हुन थालेछ। त्यो कुरा थाहा पाइसकेपछि म र मेरी भान्जी उनीहरूलाई सम्झाउनका लागि गयौं। कुरा सम्झाउने क्रममा कुकुर र मानिसबीच तुलना गर्दै, दलित पनि मानिस नै हुन् के उनीहरू कुकुरभन्दा पनि साना छन् र ? के उनीहरू र हामी सबैको रगत रातो छैन र ? के हामीमा हुने सबै गुण उनीहरूमा छैन र ? घरबेटीलाई हेर्नुहोस् तपाईको कुकुर यहाँको चौकीदार भएर कौसीमा बसेको छ। उसको लागि सबै घर नै खाली छ, तपाईंहरूले जे खानुहुन्छ उसले पनि त्यहीं खान्छ। तपाइ जहाँ बस्नु हुन्छ उ पनि त्यहीं बस्छ, आदि इत्यादि कुरा भनेर सम्झाउने प्रयास गरेका थियौं। यति भनेपछि, घरबेटी दाइ, भाउजू, बुबालाई सम्झाउन सफल भइयो तर घरबेटी आमा हाम्रो कुरा मान्न तयार त भइन् तर धेरै अनुरोधका बाबजुद पनि उनलाई राख्न तयार भइनन्। ती बहिनीलाई बेइज्जती सहेर अपमानपूर्वक घर छोड्न बाध्य भइन्।

आफ्नै जातकी बहिनी सायद खुलेर चिनजान गरेको भए नातेदार पर्थिन् होली, तर के गर्नु खुल्न पनि सकिएन र सहयोग गर्न पनि। असमर्थ, लाचारी, शक्तिहीन जस्तो भएर बस्नुबाहेक हाम्रो सामु केही थिएन। यसरी अपमानित भएर त्यस घरबाट निस्कँदा साँच्चै म र हामी सबैले हामीलाई कुकुरभन्दा पनि साना महसुस गरेका थियौं। के ति सामन्तीवादले जकडिएका गैर दलितहरूको नजरमा हाम्रो स्थान पशुसरह पनि छैन् होला त ! त्यतिबेला मेरो मुटु फुलेर छाती नै फुटाएर बाहिर आए जस्तो भएको थियो, सास फेर्न पनि कठिन भइरहेको थियो। हाम्रो सामु लाचारी भएर त्यस घरमा बस्नबाहेक अरू उपाय थिएन, किनकि काठमाडौंमा जहाँ गएपनि यस्तै सामन्तवादी सोच भएका आमाहरू जतासुकै थिए।

सायद यिनै कारणल गर्दा होला ठूला-ठूला पोष्टमा रहेका दलित, धनाढ्य, राजनीतिज्ञ, शिक्षित दलितहरू जात ढाँटेरमात्र होइन आफ्नो थर नै परिवर्तन गरेर बस्न बाध्य भएका छन्। हाम्रो सामु यस्ता व्यक्ति धेरै छन् जसले जात ढाँटेर अन्तरजातीय विहे गर्ने र आफ्नो जन्म दिने बाबु-आमा लगायत सम्पूर्ण समाजलाई नै त्यागी भिन्दै बस्ने परिपाटीसम्म आएको पाइन्छ। यसरी मानिस बेइजती भएर बाँच्न नपरोस्, मानिसले मानिसलाई पशुलाई भन्दा पनि तल्लो नजरले हेर्ने र उनीहरूसंग अभद्र व्यवहार गर्ने परिपाटीको चाँडै नै अन्त्य होस्।

त्यस्तै गरी दलितहरू जो जान्ने बुझ्ने छन् उनीहरूले जात लुकाएर, थरै फेरेर, आत्मसम्मान माथि चोट पुग्ने गरी जातै फेरेर बस्नेकाम गर्नुहुँदैन। मैले त यसलाई झनै बिकराल समस्याको रूपमा लिएको छु। किनभने यस्तो प्रवृत्तिले दलितहरूको मनोबल गिरेर दिन प्रतिदिन कमजोर हुँदै जान्छ भने संख्यात्मक रूपमा पनि हामी कम हुन्छौं। यस्तो विकृतिसंग लड्न सक्ने क्षमता अझ हामीबाट कम भएर जान्छ। सब एकजुट हुनका लागि, बलियो संगठन बनाउनका लागि, यस देशको कुशासन अन्त्य गर्नका लागि, साना जात भनेर घृणा गर्ने व्यक्ति र समूहहरूको आँखा खोलिदिनका लागि अब दलित एक हुनैपर्ने, जागरूक हुनैपर्ने, शिक्षित, राजनीतिक र आर्थिक रूपले सम्पन्न हुनैपर्ने भएको छ। दलितहरू पनि यस देशको एउटा अभिन्न अङ्ग हुन् भन्ने कुरा यहाँको सरकार चलाउने र सबै नेपाली जनतालाई अवगत हनुपर्छ। यदि यस देशको सरकारले दलितलाई पाखा लगाएर, उनीहरूलाई छोडेर अगाडि जान खोज्छ, देश चलाउन खोज्छ भने त्यो उनीहरूका लागि घातक र बाधक तत्व हुनेछ। यसका लागि ठूलो मूल्य चुकाउनु पर्नेछ। आजसम्म पनि नेपालको अवस्था सुध्रिन नसक्नु, अधिकांश नेपाली जनता गरिबीको रेखामुनि रहनु, अधिकांश युवा देशछोडेर पलायन हुनुपर्ने कारण पनि यहीं हो। यस्तै परिपाटी यहाँ रहिरहन्छ भने नेपाल कहिल्यै सुध्रिने छैन। आशा गरौं यस्तो कुव्यवस्थाको अन्त्य चाडै नै हुनेछ र नयाँ नेपालको सुरूवात हुनेछ, नयाँ नेपाल बन्नेछ जहाँ सबै हासिखुसी रमाएर बस्न पाउने छन्, कसैको अनुहारमा दुःख देख्न पर्ने छैन। ■

*(लेखक नेपान कर्मचारी/सदस्य हुनुहुन्छ।*
*इमेल सम्पर्कः shambhurl@yahoo.com)*

जन-आवाज

# दलित सहभागिता बढाउन राज्यले कुन कुन कुरामा विशेष जोड दिनु पर्ला ?....

दलित सहभागिताका लागि गैर दलितको व्यवहारमा परिवर्तन र दलित स्वयंको आत्मविश्वामा अभिबृद्धि हुन आवश्यक छ। यसको लागि दलितलाई अलग्याएर कार्यक्रम सञ्चालन गर्ने वर्तमान परिपाटीका सट्टा एकीकृत कार्यक्रमभित्र दलितलाई पहिलो पंक्तिमा राखेर सञ्चालन गरियो भने घुलमिलको वातावरण सृजना हुन्छ। औपचारिक शिक्षामा दलितका बालबालिकालाई पर्याप्त सहयोग गर्ने, रोजगारीका अवसरहरू प्राप्त गर्नका लागि पूर्व तयारी गर्ने वातावरण र सीपमुलक तथा व्यावसायिक तालिमका अवसरमा जोड दिने। यसले आर्थिक सशक्तीकरण गराउँछ भने निर्णय प्रक्रियामा सहभागिताका लागि क्षमता अभिबृद्धि गर्छ।

**- लालबहादुर ओली, बाजुरा**

राज्यले दलित सहभागिता बढाउन विशेषत शिक्षा र स्वास्थ्यमा दलितहरूको लागि विशेष प्याकेज कार्यक्रम ल्याउनु पर्छ र दलितहरूलाई समुदायमा नै खोलिएको संघसंस्थामा आवद्ध गराई जनचेतना अभिवृद्धि गराउनु पर्छ तबमात्र राज्यले दलित सहभागिता बढाउन सक्छ।

**- गोविन्द सापकोटा, भि.न.पा.-७, दोलखा**

दलित जातिमा अन्तर तथा भेद्भाव नगरौं भनि गाउँ-गाउँमा सहभागिता भेला गराइ 'जातिगत भेद्भाव गर्ने छैन' भनि कबोल गराउने र गरेमा कडा कारवाही गर्ने व्यवस्था गर्ने।

**- मनोज तामाङ, गत्लाङ-१, श्री पार्वतीकुण्ड मा.वि., गोल्जुङ्ग, रसुवा (कक्षा १०)**

हालसम्मको विकास निर्माण प्रक्रियामा किन सहभागिता हुन नसकेको भन्ने सम्बन्धमा उनीहरूकै विचार संकलन गर्ने, स-साना उद्यमका लागि तालिम र ऋणको व्यवस्था गरी व्यवसायमा संलग्न गराई आयवृद्धिका क्रियाकलापमा संलग्न गराउने, स्थानीयस्तरमा केहि पद/ओहदा सृजना गरी त्यस्तो दलितलाई नै स्थान दिने र राजनीति एवं सामाजिक क्षेत्रमा दलितहरूको सक्रिय सहभागिता बढाउन व्यापकरूपमा जनचेतना बढाउने कार्य गर्नुपर्छ।

**- कृष्ण न्यौपाने। हालः बेलायत**

अहिलेसम्म राज्यले अपनाएको सहभागिताको नीतिले पछाडि पारिएका कुनै पनि जातजाति, वर्ग, लिङ्ग, क्षेत्र र समुदायको वास्तविक हित गर्न सक्दैन। यी सब तथाकथित र दिग्भ्रमित छन्। उनीहरूको अर्थपुर्ण सहभागिता बढाउन राज्यको तिन वटै अङ्गहरूः कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाका साथै सुरक्षा निकाय र कर्मचारीतन्त्र भित्र रहेको व्यापक असमानताको अन्त्य गरी उक्त निकायमा पहुँचको लागि दक्ष बनाउनु पर्छ।

**- तुङ्गभद्र राई, नेपान**

दलित सहभागिता बढाउन राज्यले समुदायमा सर्व प्रथम अभियान चलाउनु पर्छ। त्यसपछि दलित आफैं पनि म पनि केहि गर्न सक्छु भन्ने भावना विकसित हुनुपर्छ।

**- केशवप्रसाद नेपाल, काभ्रे सामाजिक विकास परिषद्, बनेपा, काभ्रे**

दलित सहभागिता बढाउन राज्यले दलित बस्तीमा विभिन्न कार्यक्रम शिक्षामूलक प्रदर्शन आदि गर्नुपर्ला।

**- रमेश नेपाल, सोह्रखुट्टे, काठमाडौं**

# बाँके जिल्लामा दलितको अवस्था

नेपाल एउटा सामाजिक साँस्कृतिक, आर्थिक र राजनैतिकरूपले विविधता भएको देश हो। बाँके जिल्ला मुस्लिम बाहूल्यता भएको ठाँउ हो तर पनि यहाँ अरू जातजातिका व्यक्ति पनि बसिराखेका छन्। यहाँका दलितहरूको अवस्था सामाजिक, आर्थिक, राजनैतिक र शैक्षिक रूपले एकदमै कमजोर रहेको छ। दलित समुदाय सदियौंदेखि विभेदमा परेको समुदाय हो। दलित समुदायभित्रै पनि छुवाछूत कायम रहेको यहाँको यथार्थ छ।

बाँकेका दलित समुदायलाई जुनसुकै सरकार आए पनि अहिलेसम्म कुनै फरक परेको छैन। हुनपनि सरकारले ल्याएको कुनै पनि कार्यक्रम दलित उत्थानको लागि प्रभावकारी हुन सकेको छैन बाँके जिल्लामा। दलित समुदायसित आफ्नो जग्गा जमिन छैन। यिनीहरू प्रायजसो अरूको मजदूरी गर्छन् वा अधियामा जग्गा कमाउने गरेका छन्। यो समुदायको शैक्षिक र आर्थिक अबस्था कमजोर भएको कारणले गर्दा अरू समुदायको तुलनामा सरकारी जागिर, उद्योग र अन्यत्र रोजगारीको अवसरबाट बञ्चित रहेका छन्। यो समुदायको. एउटा राम्रो पक्ष के हो भने यो समुदायका महिला र पुरूषसँगै मजदुरी गर्छन् र महिलाले पनि घरको सरसामान किन्ने र सरसमान परिचालनको निर्णय लिने गरिराखेका छन्। साधारणतया यिनीहरूको परिवारमा कोही बिरामी भयो भने ऋण लिएर वा परिवारको सम्पति बेचेर समस्याको समाधान गर्छन्। यस्तो प्रक्रियाले यस ठाउँका दलितहरूलाई झन् गरिब बनाउने गर्छ

यहाँका दलित समुदायमा बालश्रम पनि विद्यमान रहेको छ। त्यसको प्रत्यक्ष असर यिनीहरूको शिक्षामा परिरहेको छ। बच्चाले स्कूल छाड्ने समस्या पनि दलित समुदायमा अरू समूदायको तुलनामा बढी नै छ। दलित समदायमा बालविवाहको समस्या पनि कायम रहेको पाइयो, जसले गर्दा यसको नकारात्मक असर महिलाको स्वास्थ्य र शिक्षामा परिराखेको छ। शिक्षाको कमीले गर्दा दलित महिलाको सामाजिक, आर्थिक र शैक्षिक स्थिति एकदमै दयनीय रहेको छ। शिक्षाको कमीले गर्दा दलित समूदायका अधिकांश ब्यक्तिहरू आपनो अधिकारप्रति त्यत्ति जागरूक छैनन्। त्यसमा पनि दलित महिलाको अवस्था एकदम दयनीय रहेको छ। दलित समुदायको उपस्थिति र प्रतिनिधित्व सामूदायिक संस्था, गैरसरकारी संस्था र सरकारी संस्थामा एकदमै न्यून रहेको छ। आर्थिक अवस्था कमजोर र चेतनाको कमीले गर्दा बाँकेमा यो समुदाय राजनीतिक सहभागिता वा राजनीतिक क्रियाकलापमा भाग लिने कार्यमा पनि अत्यन्त पछाडि रहेको छ। सीपमूलक तालिम, कृषि तालिम, बैदेशिक रोजगार आदिजस्ता कुराहरू अझै पनि दलितका ढोकामा पुग्न नसकेको पाइयो।

■ **नवीनकुमार गुप्ता**

*(योजना तथा अनुगमन अधिकृत, वातावरण तथा दिगो पर्यटन विकास केन्द (सेस्ट), नेपाल)*

*कविता*

## विवश दलितहरू

**– देवराज खरेल**




वाक्स्वर सबै एक छन् बोल्ने
हेर्ने आँखा, र आकृति
रक्तसञ्चार क्रिया
एउटै छ
रगत रातो
सर्वाङ्ग शरीर उस्तै
प्रकृति प्रदत्त
नीलो पोतिएको
छानो आकाश छ शीरमाथि साझा
जन्म र मृत्युको सदृश्य चित्र छन् बस्तीमा
यही बस्तीबीचबाट
दलित बोलिरहेछ
दलितले बनाएको औजारले
कुवा खन्छ तर
त्यही कुवाको पानी चल्दैन उसले छोएको

पाउ अनुकूल जुत्ता सिउँछन्
घर घर पुग्छ जुत्ता
सजाइन्छ ऱ्याकमा
जुत्ताभन्दा पनि अपहेलित छ मान्छे
घर पस्न निषेध छ उसलाई
म डार्विनको परिभाषा खोज्दैछु
बाँदर विकसित मान्छे वा
अलग दलित विकसित मान्छे
थुप्रै कुण्ठाहरू छन्
दलित चोटका
आँसुले भिजेको माटो छ सर्वत्र
नेपाल आमा मूकदर्शक छिन्
देशमा अविश्रान्त घाम उदाउँछ
जून उदाउँछ अध्यारो चिर्ने
यो धर्तीमा


एक टुक्रा घाम लागेन दलितमाथि
समानताको जून खसेन कतै
ईश्वरको आवाज सुनिएन कतै
मन्दिर प्रवेश निषेधको
मुद्दा रोकिएन
छिः छिः दूरदूरको आगोमा
कहिलेसम्म चित्ता जल्छ
कथित दलितको नाउँमा
आँसुमात्र छ समाजमा
मान्छे वोध हुने
हाँसो छैन दलितको
रूष्ट बाँच्न
विवश छन् दलितहरू !

*(हेटौडा–५, पिप्ले मकवानपुर)*


# दलितसम्बन्धी प्रकाशित केही पुस्तकहरू



**जातीय विभेद विरूद्धको महासन्धी र सम्बन्धित प्रतिवेदनहरू**
प्रकाशकः जन उत्थान प्रतिष्ठान



**जातपात र छुवाछुतबाट मुक्ति**
प्रकाशकः भगत सर्वजीत स्मृति प्रतिष्ठान, रूपन्देही
प्र. मितिः २०६३




**नेपालमा दलित महिला**
प्रकाशकः दलित महिला संघ, ललितपुर
प्र. मितिः २०६३



**राज्यको श्रोत साधन र दलित अधिकार**
प्रकाशकः दलित महिला संघ
प्र. मितिः वि.स.२०६३




**नेपाली दलित आन्दोलनको संक्षिप्त इतिहास**
प्रकाशकः जन उत्थान प्रतिष्ठान
प्र मितिः वि.स.२०६३




**दलित र द्वन्द्व**
प्रकाशकः भगत सर्वजीत स्मृति प्रतिष्ठान, रूपन्देही
प्र. मितिः वि.स.२०६३




**मोहनलाल कपालीः एक सङ्घर्षशील छवि**
प्रकाशकः दलित गैर सरकारी संस्था महासंघ
प्र. मितिः वि.स.२०६१





**नेपालमा दलित जातीय मुक्ति आन्दोन**
प्रकाशकः जन उत्थान प्रतिष्ठान
प्र. मितिः वि.स.२०५८



**दलित सम्बन्धी कानूनी प्रावधानहरूको संगालो (मूलदफा सहित टिप्पणी)**
प्रकाशकः राष्ट्रिय दलित आयोग
प्र. मितिः वि.स.२०६०



**दास प्रथाको अवशेषः हलिया प्रथा**
प्रकाशकः क्षेत्रीय दलित नेटवर्क, कैलाली
प्र. मितिः वि.स.२०६२




**शासनमा दलित**
प्रकाशकः जन उत्थान प्रतिष्ठान
प्र. मितिः वि.स.२०६२



**दलित आन्दोलनमा हीरा विश्वकर्माका समसामयिक बिचारहरू**
प्रकाशकः जन उत्थान प्रतिष्ठान/दलित सेवा संघ
प्र. मितिः वि.स.२०५९





**छापामा दलितः सन्दर्भ सामग्री**
प्रकाशकः एकता वुक्स, काठमाडौं
प्र. मितिः वि.स.२०५८




**दलितहरूको संसद**
प्रकाशकः क्षेत्रीय दलित नेटवर्क, कैलाली
प्र. मितिः २०६२



**विकास तथा सुशासन मूल प्रवाहमा दलित महिलाको सहभागिता**
प्रकाशकः दलित महिला संघ, ललितपुर
प्र. मितिः वि.स.२०६२




**नेपालमा विद्यमान जातीय छुवाछुत र यसको निराकरण गर्ने रणनीतिक अभियान**
प्रकाशक: एक्सनएड नेपाल, काठमाडौं
प्र. मितिः सन् २००४




**अन्तरदलित भेद्भाव : तराइका दलितहरूको अवस्था**
प्रकाशक: लानकाउ, नेपाल
प्र. मितिः सन् २००६



**दलित सवालमा सार्वजनिक सरोकारका मुद्दाहरू र सर्वोच्च अदालतको भूमिका**
प्रकाशक: दलित गैर सरकारी संस्था महासंघ/कानूनी सहायता तथा परामर्श विभाग



**नेपालमा दलित मानवअधिकारको अवस्था–२००४ र कानुनी व्यवस्था**
प्रकाशक: जन उत्थान प्रतिष्ठान
प्र. मितिः वि.स.२०६१




**नेपाली मेडियामा दलित तथा जनजाति**
प्रकाशक: एकता बुक्स, काठमाडौं
प्र. मितिः वि.स.२०५८





**नेपालमा दलित समुदायको स्थिति २०६०**
प्रकाशक: राष्ट्रिय दलित आयोग
प्र. मितिः वि.स.२०६०



**पाउलो फेरर दलितहरूको शिक्षण**
प्रकाशक: Society for Participatory Cultural Education (SPACE)
प्र. मितिः वि.स.२०५०




**राज्यको पुनःसंरचनामा दलित सहभागिता**
प्रकाशक: प्रा.डा. विद्यानाथ कोइराला, राजन खड्का, राजकुमार बराल
प्र. मितिः वि.स.२०६३




**Dalits' Rights Under Nepalese Legal System**
Publisher, FEDO
Pub. Date, 2003





**Caste-based Prejudice and Discrimination in Nepal**
A Survey Report
Publisher, Dalit NGO Federation/LAAD
Pub. Date, 2006




**नेपालमा दलित समुदायका लागि आरक्षणको स्वरूप**
प्रकाशक: दलित गैरसरकारी संस्था महासंघ
प्र. मितिः वि.स.२०६१



**Citizenship and Land Ownership Status of Dalit Community in Nepal**
Publisher, HMG/NDC, Kathmandu
Pub. Date, 2005




**Dalit in Nepal and Alternative Report for WCAR - 2001**
Publisher, Jana Utthan Pratisthan (JUP)
Pub. Date, 2001




**Dalits of Nepal**
Publisher, FEDO



**राष्ट्रिय दलित रणनीति प्रतिवेदन**
प्रकाशक: एक्सन एड नेपाल, केयर नेपाल, सेभ द चिल्ड्रेन यू.एस.
प्र. मितिः सन् २००२

■ **संयोजनः नीलकमल**

# नेपान गतिविधि

१. **संविधानसभा निर्वाचनमा पर्यवेक्षक** – गत चैत्र २८ गते सम्पन्न नेपालको ऐतिहासिक संविधानसभा निर्वाचनको पर्यवेक्षण गर्ने क्रममा नेपानले विभिन्न संघसंस्थाहरूसँग आवद्ध भई निर्वाचन पर्यवेक्षकको रूपमा सहभागी भयो।

२. Write-shop Training (नेपाल रेडक्रस सोसाइटीको अनुरोधमा उक्त संस्थाको विभिन्न क्षेत्र र जिल्लाबाट आएका सहभागीहरूको लागि नेपानले गत बैशाख १५ देखि १८ गतेसम्म 'Write-shop Training' सञ्चालन गरेको थियो। यस ४ दिने तालिमको मूल उद्देश्य भन्नु नै सहभागीहरूको लेखन कलालाई विकास गर्नु रहेको थियो। सो तालिमको सहजीकरण नेपान कार्यसमिति सदस्य उत्तम उप्रेती तथा नेपान सदस्य दिपक तिम्सिना लगायत श्रोतव्यक्ति कुमार यात्रु र सगुन लावतीले गर्नुभएको थियो। धुलिखेलमा सम्पन्न उक्त तालिममा ३९ जना सहभागीहरूले भाग लिएका थिए।

३. **पिआरए तालिम** – गत बैशाख २२ देखि २८ गतेसम्म नेपानले नेपाल रेडक्रस सोसाइटीको अनुरोधमा पाल्पाको पिपलडाँडामा ७ दिने पिआरए तालिम सञ्चालन गरेको थियो। उक्त तालिमको सहजीकरण नेपान सदस्य दिपक तिम्सिना तथा नेपान कार्यसमिति सदस्य पूर्ण चेम्जोङ्गले गर्नुभएको थियो भने तालिममा ३२ जनाको सहभागिता थियो।

४. **सामाजिक समावेशीकरण अनुसन्धान परियोजनाका पुनरावलोकन गोष्ठी** – Norwegian Institute for Urban and Regional Research सँगको सहकार्यमा नेपानले गर्दै आएको सामाजिक समावेशीकरण अनुसन्धान कार्यक्रमको हालसम्मको पुनरावलोकन र आगामी योजना तर्जुमाका लागि गत असार १ गते उक्त परियोजनासम्बन्धी पुनरावलोकन कार्यशाला गोष्ठी सम्पन्न गऱ्यो। कुपण्डोलस्थित नेपान कार्यालय भवनमा सम्पन्न उक्त भेलामा ३ जना महिला तथा ७ जना पुरूष गरी १० जनाको सहभागिता थियो।

५. **NEPAN-Idea Fair** – नेपानको विगतलाई पुनरावलोकन गरी आगामी कार्ययोजना तयार पार्नतथा आवश्यक पूर्व तयारी गर्न नेपान सदस्यहरूसँग विचार विमर्शको लागि गत असार १४ गते एकदिने नेपान आइडिया फेयर सम्पन्न भयो। नेपान कार्यालयमा सम्पन्न उक्त कार्यक्रममा नेपानका संस्थागत तथा व्यक्तिगत सदस्य महिला २ जना तथा पुरुष २१ जना गरी जम्मा २३ जनाको सहभागिता थियो।

६. नेपानले सञ्चालन गरिरहेको सामाजिक समावेशीकरण अनुसन्धान परियोजनाको हालसम्मको प्राप्तिहरू अन्य दुई साझेदार संस्थाहरू क्रमशः Center for Nepalese and Asian Studies र स्त्री शक्ति साथै उक्त परियोजनाको संयोजक NIBR Norway बीच आदान प्रदान गरियो। उक्त कार्यक्रम असार १७ देखि २१ गतेसम्म ललितपुरको होटल समिटमा भएको थियो।

## अब ध्यान दिने हो कि ?

नेपानद्वारा प्रकाशित सहभागिता त्रैमासिक पत्रिकाको ३८ औं अङ्क पढ्ने अवसर पाएकोमा नेपानलाई धन्यवाद दिन चाहन्छु। यसमा प्रकाशित सबै लेखहरू अति नै महत्त्वपूर्ण र समयसापेक्ष भएको पाएँ। त्यसमा पनि विशेषगरी बालकृष्ण शर्मा सिलवालद्वारा लिखित 'स्थानीय तहमा सेवा प्रदायक निकायहरू तथा समावेशी कार्यका लागि समन्वय र सहकार्य' भन्ने लेख अति सोचनीय भएको महसुस गरें। हामी विकासे संस्थाहरू (सेवा प्रदायक) सबैले उक्त लेखमा प्रकाशित सामग्री अध्ययन गरी प्रभावकारी ढंगबाट आत्मसात गर्न जरूरी छ। यदि आफू एक्लै वा एउटामात्र सेवा प्रदायकले समुदायका सबै चाहना र आवश्यकता पूरा गर्छु भन्ने हो भने त्यो हास्यास्पद हुनेछ। वर्तमान राजनीतिक तथा आर्थिक तरलता हरेको आवस्थामा सेवा प्रदायकको भूमिकालाई अर्थपूर्ण र सहभागीमूलक बनाउन सबै सेवा प्रदायकहरूले यस लेखमा समावेश बुँदाहरूको अवलम्वन गर्नु राम्रो हुनेछ। वर्तमान समयमा अधिकांश सेवा प्रदायकहरू (विशेषगरी स्थानीयस्तरका) अन्तर्राष्ट्रिय गैरसरकारी संस्था र दातृ निकायहरूको सहयोगमा संचालित भएकाले नेपानले आफ्नो दिगोपनाको लागि अवलम्वन गरेको बाटो मार्गदर्शन भएको महसुस गरेको छु। यसलाई अभियानका रूपमा लैजान सबै सेवा प्रदायक संस्थाहरूले सकेमा आगामी दिनमा अरूको मुख ताक्नु पर्ने अवस्थाबाट मुक्त हुन सकिन्थ्यो कि ? यो लेख फलदायी र आवश्यक लाग्यो।

नेपानले यस अंकमा छापेका लेखहरूको आधारमा महसुस गर्दा आगामी दिनहरूमा सुशासन र यसका लागि आवश्यक तत्वहरूसम्बन्धी थप लेख रचनाहरू छपाई नयाँ नेपाल निर्माणमा सुशासनको महत्व दर्शाउने खालका सामग्रीहरूलाई प्राथमिकता दिएमा अझ नयाँ नेपाल निर्माणमा सहयोग पुग्ने थियो। साथै 'सहभागिता'मा समावेश गरेका सामग्रीहरूको अध्ययन गरी व्यवहारमा प्रयोग गर्न सबैले ध्यान दिने हो कि ?

**■ हितराज कार्की, अध्यक्ष, फोर्ड–नेपाल, ओखलढुङ्गा**

## सहभागीमूलक र प्रभावकारी बन्दै जाओस्

सहभागिताको नियमित ग्राहक नभए पनि ३८ औं अंक पढ्ने सुवर्ण अवसर पाएँ। यसको लागि म आफूलाई आभारी ठान्दछु र आगामी अंकहरू नियमित रूपमा पढ्ने सोच बनाएको छु। हाम्रोजस्तो विकासशील मुलुकमा विकासको लागि सहभागिता भन्ने कुरालाई पत्रिकामार्फत् प्रकाशित गर्ने नेपानको यो भूमिका (कार्य) ज्यादै सराहनीय छ।

सहभागितामा समेटिएका सबै लेखहरू उत्कृष्ट, समयसान्दर्भिक र विकाससँग सम्बन्धित छन्। यसको माध्यमबाट धेरै व्यक्ति, संघ, संस्थाहरूले धेरै कुरा सिक्न र लिन पाउनेछन्। यस अंकमा लेखिएका रचनाहरू सबै विकास र परिवर्तनसँग सम्बन्धित छन्, तर त्यसमध्ये पनि मलाई ज्यादै नै समय सापेक्ष लागेकोमा कुमार भट्टराईको 'संविधानसभा र बाल सहभागिताको सवाल' ज्यादै राम्रो लाग्यो। अब बन्ने संविधानमा भोलिका राष्ट्रका कर्णधार बालबालिकाहरूको हक र अधिकारको सुनिश्चितता हुनु पर्दछ भन्ने पक्ष ज्यादै सान्दर्भिक छ। हिम्मत सिंह 'लेकाली'को कवितामा देशमा व्याप्त जटिल पक्षहरू पाएँ, जुन अझै शोषित, पीडित र ओझेलमा परेका पक्षहरू मध्ये अतिसीमान्तकृत आदिवासी जनजातीहरू पनि हुन्। जसको आवाजलाई उजागर गर्ने एउटा बलियो माध्यम यो पत्रिका बनोस्। अबको विशेष अंकमा जनजाती विशेषाङ्क पनि हेर्न चाहन्छौं। साथै यसको पहुँचमा व्यापकता ल्याउनुपर्ने आवश्यक देखिन्छ।

**■ सूर्य बरामु, गोरखा, हाल–बुढानीलकण्ठ, काठमाडौं**

## विकासमा युवाहरूको भूमिका

३८ औं अंक सहभागिता पढ्ने मौका पाएँ। त्यसका लागि म अति नै हर्षित छु र त्यसका लागि नेपानप्रति आभार प्रकट गर्दछु। नेपालको उद्देश्यअनुरूप सहभागिता पत्रिकाले सहभागीमूलक विकास प्रक्रियामा वकालत गर्न गहन भूमिका खेलेको लाग्छ। यस अंकमा भएका सम्पूर्ण लेख, रचना र कविता क्रमैसँग पढ्द गएँ। सम्पूर्ण सामग्री निकै सन्देशमूलक र सान्दर्भिक लाग्यो र सर्सती पढ्दै जाँदा मलाई चेतनाथ कणेल 'हरित' ले लेखेको कविता नयाँ नेपालमा सहभागीमूलक ग्रामीण विकास भन्ने कविता मलाई असाध्यै मन परेको छ। मलाई मात्र होइन ग्रामीण भेगका युवा, युवती, बूढा, बूढी र बच्चा बच्चीलाई राम्रो उदाहरण बन्न सक्छ।

**■ सविता भण्डारी, रूपाकोट–१, म्यालपोखरा, गुल्मी**



# बाटो हेरिरहेको कागतीगाउँ

■ श्रीराम फुटुङ्गे



बालविवाह हुने गाउँका रूपमा चिनिएको नुवाकोटको कागती गाउँमा हिजाआज यो चलन घटदै गए पनि अरू धेरै विकासका कामहरू हुन बाँकी छन्। बर्षौदेखि संस्कारकै रूपमा रहेको यो चलन जसोतसो घटे पनि गाउँको समग्र विकास भने अफै ओफेलमै छ। युवाहरू बेरोजगार देखिए। सरसफाइमा गाउँबासीको कमै ध्यान गएको देखियो। पाका मानिसहरू प्राय विरामी थिए। उमेर नपुगी सुत्केरी हुनेको संख्या पनि कम भएको रहेनछ। टोललाई स्वस्थ र सुग्घर राख्ने कुरामा कुनै पहल चालेको देखिएन। बालबालिकालाई सफासुग्घर राख्नुपर्ने टड्कारो आवश्यकता देखिन्थ्यो। गाउमा जनचेतनाको लहर आए पनि व्यवहारमा भने त्यसले खासै फरक पारेको छैन। गुजमुज्ज यो गाउँमा खानेपानीको पनि समस्या छ। चुनावका बेला मात्र नेताहरू जम्मा हुने चलन यहाँ पनि नौलो होइन रहेछ। बालविवाह गर्न हुँदैन भनेर यहीकै बालबालिका सक्रिय साथ वकालत गर्दै हिंडनु परिवर्तनको सुरूवात हो। तर उनीहरूलाई उत्साह जगाउनेहरूको भने सख्या कम छ। कोही आउला अनि गाउँका मानिसहरूलाई सम्फाइ बुफाइ गरिदेलान् र हामी अघि बढौंला भन्नेहरू बाटो हेर्नेबाहेक अरू विकल्प देखिरहेका छैनन्। कागती गाउँकै जस्तो नियति अरू कति गाउँका होलान् ? ■

# विकासे योजना र कार्यशैली

